# History of Synja

Written By Damodar Poudyal
Jhamsikhel Lalitpur 2014.

## Contents


सिञ्जाको इतिहास ....................4
मष्टो ....................5
धामी प्रथा ....................5
मानसरोवर सभ्यता ....................6
हिममानव ....................6
बनझाँकी ....................7
हिमबत्खण्ड ....................7
गोरक्षा गरौं ....................7
देव वाणी ....................8
नेपाल परिचय -राम कुमार पाडे २०५५ ....................9
भूगोल ....................10
पहाड ....................10
तराई प्रदेश ....................10
नेपाल अधिराज्यको स्थापना ....................10
प्राचीन नेपाल ....................12
शिक्षा ....................13
केही विशेषताहरू ....................13
कुशल योद्धा ....................13
ठुलो गुरास ....................13
सर्वोच्च धानखेत ....................13
अद्वीतिय चरा ....................13
सर्वोच्च स्थलबासी चौपाय ....................14
दुर्लभ गाइने कीरा ....................14
सर्वोच्च स्थलीय माछा ....................14
सर्वोच्च अधिबास ....................14
बौद्ध कीर्ति ....................14
शिघ्रतम लेखन ....................14
आनन्द नै आकाश, आकाश नै आनन्द ....................14
दिव्य सन्देश ....................15
नेपाल महालय (स्कन्द पुराण) ....................15
जैमिनिरुवाच ....................15
मार्कण्डय उवच ....................15
नेपाली जातिमा मानवीय संसाधनको विकास ....................16
ाउटे समाज ....................16

पौराणिक फाल .................................................................................16
ग्रामिण स्वराज्य .................................................................................18
यामति सागति .................................................................................19
ज्योर्तिलिङ्ग शिव .................................................................................19
जय वागेश्वरीको काठमाण्डौं आगमन् .................................................................................20
कर्णाली प्रदेश .................................................................................20
जुम्लाको परिचय .................................................................................20
जुम्लाको राज्यको प्रारम्भ.................................................................................21
विजयवर भट्ट र धामी प्रथाको कथा .................................................................................21
धामीको छनोट (चुन्ने) .................................................................................21
डोटिराज्य .................................................................................21
पौडेलहरुको डोटी प्रवेश.................................................................................22
शिव पञ्चम वेद.................................................................................22
सृष्टिको आरम्भ .................................................................................23
मानसरोवर.................................................................................23
सृष्टिकै प्रारम्भिक थलो भ्रमण गर्नेहरुको अनुभव यसप्रकारछ.................................................................................23
श्रीराम पौड्याल .................................................................................24
च्यवनराज (चावा) पौड्याल .................................................................................24
अर्याल शब्दको उत्पत्ति .................................................................................24
अर्यालको गोरखा प्रवेश.................................................................................25
ङ्गनाथ पौडेल.................................................................................25
"वेदस्तुति".................................................................................25
पुनर्जन्मवाद .................................................................................25
वैदिक सनातन धर्म किन ?.................................................................................25
आगोको आविस्कार .................................................................................26
आर्यको हुन ? .................................................................................26
हिन्दूधर्म.................................................................................27
"सनातन र हिन्दुत्वका कुरा" .................................................................................27
गुरू परम्परा .................................................................................27
सन्दर्भ सुची.................................................................................27

## सिञ्जाको इतिहास

जुल्लाको सिन्जाको कनक सुन्दरी देवी स्थित लाहर्जा विराट गाउँ मूल थलो भएको खस समूहको राज्य विस्तार इतिहासमा महत्वपूर्ण स्थान रहेको देखिन्छ । कर्णालीको इतिहासको सन्दर्भ खस जाति विशेषको अध्ययनको प्रसंगमा महाकालीपारी, गढकुमाउँ तथा महाकाली वारीका डोटीका प्रासांगिक कुराको वर्णन गर्न आवश्यक छ ।

गढबाल र कुमाउँ प्रदेशहरुमा गढ-कुमाउँ (मध्य हिमालय स्थित गढबाल र कुमाउँ प्रदेशहरुको निकै प्रसिद्धि र निकै महत्वपूर्ण स्थान छ । मानव तत्वको दृष्टिले विचार गर्दा गढ-कुमाउँ भन्दा अन्य हिमाली प्रदेशहरुको समेत कुरो आउछ किनभने यहाँका आदिवासी कहलिएका किन्न, किरातको कुरा आउँछ । (तर, समसामायिक तिथि उल्लेख हुन बाँकी छ त्यसबेला त्यस जातिका मानिसहरुको पश्चिम हिमालका वृस्तृत क्षेत्रमा बसोबास थियो भन्ने कुरो थाहा हुन आउँछ । पछि पूर्वी मध्य-एशिया अर्थात कारागार (काश्मीर) खोटानबाट इसा पूर्वी द्वितीय सहस्राब्दीको आरम्भ तिरहरु यहाँ आए र उनीहरु पछि उत्तरी भारतको मैदान अर्थात कुरु पाँचालबाट वैदिक आर्यहरु यहाँ आए । यहाँको प्रारम्भिक इतिहासकालमा यहाँ यवनानी र शक प्रभावहरु देखा परे । तिब्बती इतिहास अनुसार त सातौं आठौं शताब्दीतिर यस (कर्णाली) क्षेत्रका शासकहरु तिब्बतका सामन्त बने । (भोटको वंशावली अनुसार) तर यस क्षेत्र अर्थात गढ-कुमाउँको इतिहास राजवंश नवौ शताब्दीमा कत्यूरी वंश (कुमाउँको) बाट शुरु हुन्छ । कतयूरी वंशका राजाहरुमा ललितशूर सबभन्दा बडा प्रतापी थिए । त्यसपछि गढ-कुमाउँमा ११९० देखि १४०० ई बीचको बहुराजकता कालमा कर्णली अञ्चलका सिंजापती राजा क्रान्चल र अशोक चल्लहरुले कत्यूरी वंशलाई अधिनस्थ गरी गढ-कुमाउँमा अधिकार जमाए । यसको पूर्ण विवरणको उल्लेख सिञ्जापति राजाहरुको क्रममा भैसकेको छ । यी राजाहरुले गढ-कुमाउँलाई आधा शताब्दीसम्म आफ्नो अधिनस्थ पारे । शक सम्वत् १३००-१५०० तिरको अध्ययन अनुसार देखिएको वर्णन :-

इतिहासकार टुचीले फेलापारेका शक १३१५ (त्यसमा संवत् १५१६ पनि दिएको छ (कर्णली लोक संस्कृति, सत्य मोहन जोशी प ८३ तर यो संम्वत् शक संवत् सँग मेल खादैन । कार्त्तिक ७ आदित्यबारको मिति परेको एक अर्को पुरानो वंशावलीमा[ज] पाँचजना राजाहरुको नाम यसरी लेखिएको पाइन्छ (प्रारम्भिक रिपोर्ट, पृ १२३ उल्लेख)

(१) महाराज जालन्धर परमेश्वर ७ पुस्ता
(२) श्री महाराज सिंजापति गणेश्वरी ११ पुस्ता
(३) हरिद्धारका नागराज जक्तिसिंह ५ पुस्ता
(४) महाराज परमेश्वर गगनीराज १३ पुस्ता
(५) महाराज बलिराज बद्रीनाथ परमेश्वर २२ पुस्ता

फेरि शक सम्वत् १५१६ श्री सम्वत् १६१७ (यो सम्वत् पनि शक संवत् सँग मेल खादैन) को एक अर्को अभिलेखमा यसरी लेखिएको पाइन्छ :-

जालन्धरी, सिंजापति गणेश्वर, जक्तिसिं हरिद्धार, गगनीराज, बलीराज बद्रीनाथ (ऐ १२४ पृ)

वि सं १०१९मा जन्मेको उदय भट्ट कन्नौज भूमि (भारत) को धारानगरी मालबगड्बाट श्री नगर टिहरी गढवाल (अहिलेको भारतको उत्तराञ्चल) मा उनी आएको उल्लेख छ । उनले मुसलमानी आक्रमणबाट धर्मरक्षार्थ आफनो जन्मथलो नै छोडे । त्यहाँबाट सर्दै उनका सन्तान नेपाल पसेका वि.स. १९२७ मा जन्मेका बत्सराजबाट सिग्देल पौडेल समाल र श्री कालु (बगालेथापा) भए । पौडेलहरु उत्तरकाशी (पौडी) भएर उद्य भट्टको तेस्रो पुस्ताका राइभट्ट समेत तत्कालीन डोटी राज्यको अजय मेरु बभ्काङका् पौडी (कालीकोट) जुम्बा भएर पूर्वतिर सर्दै आएकाहरु बह्रौं शताब्दी पूर्व नै नेपाल प्रवेश गरिसकेका थिए ।

निमिकै सन्तान यायावर (घुमन्ते) समुहका पौडेल, सिग्देल, अर्जेल, पोखरेल, समाल, हमाल, मल्ल शाही, शाह, खान, भट्ट थरका खस जातजाति लगायत एउटै रगतका ब्राहमण क्षेत्रीहरुले दक्षिण ( गढ कुमाऊँ) बाट पश्चिम नेपाल प्रवेश गरेको प्रष्ट हुन्छ । ऋषि निमीका सन्तान पौडेल ब्राहमण क्षेत्री नेपाल प्रवेश गरेको अध्ययन बिना खश वाति बारेको वर्णन अधुरैरहन्छ । महमद गोरीको आक्रमणबाट आफ्नो हिन्दुधर्म संस्कृति जोगाउन भारतका तत्कालीन प्रकाण्ड विद्वानहरु मध्येका एक थिए हरदम हातमा कुस लिएर हिड्ने उत्तराञ्चल (भारत) का जसलाई कुस भट्टनामले चिनिन्थे । उनले प्रसिद्ध धारा नगरी (गडवाल, भारत) मा पुत्रेष्टिक यज्ञ सम्पन्न गरेका थिए । यस प्रकारकारकोही ज्योतिषि त कोही व्याकरण, कोही न्याय त कोही साहित्यका प्रकाण्ड थिए । उनीहरुमा उदय भट्टाचार्य, प्रकाशचार्य, कालीदास भट्टाचार्य जस्ता प्रकाण्ड विद्वानहरु थिए । त्यस्ता विशिष्ठ विद्वानहरु दुई भागमा बाडिएर एकथरी नेपालका विकट भौगोलिक स्थितिको सितोष्ण जुम्ला तिर लागे, अर्कोथरी उष्ण प्रदेशी राजस्थानतिर धर्मको पुनरत्थान संरक्षण वा स्थापना गर्न । यसरी विधमीहरुको आक्रमणबाट हिन्दु धर्म संस्कृति जोगाउँदै आएको देखिन्छ ।

कालीकोट चिलखाया गाउँमा वि.सं. १२५६ मा जन्मेका श्री राम पोड्याल कालीकोट बसाई सरी जुम्लाको सिन्जा उपत्यकामा बसोबास गर्न गएका थिए । जुम्लाको मल्लराजाको उदय भएपछि डोटी र कुमाउँका उनका इस्ट-कुटुम्बहरु हिन्दु संस्कृतिको संरक्षण संवर्धन गर्ने उद्देश्यले जुम्ला राज्यका विभिन्न गाउँमा आइबसोबास गरेका थिए । जुम्लाकै खस भाषालाई परिस्कृत एवं परिमार्जन गरी हिन्दु दर्शन अनुसार धर्म संस्कृतिको जर्गेर्ना गरेको देखिन्छ । वर्तमान नेपाली भाषाको जननी त्यही सिन्जाली खस भाषा हो जस्तै :

| सिन्जाभाषा | गोरखाली भाषा | नेपाली भाषा |
|---|---|---|

[1] कर्णाली लोक सस्कृति खण्ड एकको, पृष्ठ ८३

| | | |
|---|---|---|
| चुकिलो | चुक | अमिलो |
| महलो | मीठा | गुलियो |

यही भाषाको माध्यमबाट नेपाल सबै जातिको फूलबारी हुन सकेको देखिन्छ ।

कुमाउँको राजगद्दी पराक्रम शाहको आडभरोसा र समर्थन पाएका महेन्द्रचन्दले १७८८-९० शतक आफ्नो हक कायम गरे । यिनी मोहन चन्दको छोरा भएको उल्लेख छ ।[८] अठाइसौं द्वापर युगको अन्त्यदेखि मध्य भारत कर्णाली प्रदेशी, मानसरोवर, सतलज पूर्वमा ब्रहमपुत्र नदी किनार जम्बुकाश्मीर पामीर (सुमेरु पर्वत) लगायतमा फैलेकाहरुमा आत्रेय गोत्री पौडेलहरु नेपालको सन्दर्भमा बसाइसराईको अध्ययनबाट खस ब्राहमण क्षेत्रीहरुको पश्चिमबाट पूर्व लागेका समस्त खसहरुको बसाइसराईको प्रवृत्ति थाहा पाउन सहज हुन्छ । उनीहरु विशेषत भारतको उत्तराञ्चलको श्री नगर, उत्तरकाशी, कामाउँ पौडी, पियौरागड नेपालको डडेल्धुराको अजयमेरुकोट बझाङको झोता पौडी, कर्णालीकोटको चिलखाया दाँहा जुम्लाको हाडसिन्जा, जाजरकोटको साल्म, पौडी मुल्ला, प्यूठानको चुँजा(चूदा) गुल्मीको इस्माअज्यै, दघास, बाग्लुङको छिस्ती, धुल्लु (दुल्लु) बलेवा, रातामाटा, मूलपानी, गैडाकोट, म्याग्दीको पुला ताकमधारापानी, पर्वतको खुर्कोट आदि, मल्लाल, कार्कीनेटा, स्यांजाको आरुचौर, झारखोला, मिरिन्डाँडाँ, दरोसिरुबारी, कास्कीको स्वरेक, छतिवन, पाडपुर सल्यान, हेम्जा, पुरनचौर, पोखरा हुँदैहाल नेपालका विभिन्न ठाउँहरुमा बसोबास गरिआएका छन् । खसको शाखा उपशाखाहरु पुर्व सिन्धु गङ्गातट पुग्ने वेद उपनिषदको रचना वर्णश्रमको व्यवस्था तथा संस्कारहरुको पालनाको दृष्टिबाट आफुलाई विशिष्ट र अरुलाई तल्लो ठान्ने आर्य समुदायलाई उछिन्ने प्रयासमा बसोबास गर्ने आर्य शक (कस,खस) वंशीय राजा शालि बाहनले शक संवत् फिराए ।[६] पौराणिक कथन अनुसार खश जाति हिमालयका उत्तुङ्ग घाटीमा बसेर तुरुङ जातिसँ घुलमिल भएकोले तुषर गाउँले प्रसिद्धिभयो । विष्णुपुराण र भीष्मपर्वमा खशीर जनपदको द्रोण पर्वमा खश देशको, मार्कण्डेय पुराणमा नीहार जाति र गुरगण जातिको (जसलाई नेवार र गुरूङ जाति भनेर विद्वानहरु मान्दछन्)[४] (नेवाखकुम पृ २६) वर्णनले पनि आर्यमूलका खश जातिको व्यापकता थाहा हुन्छ ।

**मष्टो**

मष्टो वायुदेवताको रूपमा मान्यता रहेको छ । मष्टोको मूर्ति (स्वरूप) हुँदैन । यसका पूजकहरूले निराकार रूपमा मन्दिर भित्र ( प्वाल) मा पूँजा गर्छन् ।

मष्टोको कैरनबाट ऐतिहासिक डोरी पहिल्याउन खोज्ने प्रयासमा । पूर्णप्रकाश नेपाल यात्रीको वर्गीकरण यस प्रकार देखिन्छ[५]

मण्डल : खप्तडी - कालीकोटे - श्रीपाली - सिन्जाली - खुलाल

मष्टा : खापड - कावासिल्ला- आदिमष्टा-लाटामष्टा-क्षेत्रपालमष्टा

सहायकदेवीहरु : गंगभवानी -रुमाला-सुरमादेवी-कनकसुन्दरदेवी -विन्दवासिनी

झाँकीहरु : लांगडा - भुरोसिलो ढाडेझाँकी-गौडोबाछलो (नेखबाकुम पृ ४२) यसबाट कुन मष्टो देवी मान्दछौं ? भनेर सोध्दा मेची सम्म फैलिएका बाहुन क्षेत्री ठकुरी कामी, सार्कीसम्मले श्रीपाली, काली, काबीकोट सिन्जाली, खप्तडी खुलाल भन्ने परिचय दिन्छन् र सो छुट्याउन नसके पनि मष्टो र देवीको (कुलदेवता) पत्ता लाग्न सक्छ ।

नेपाली खस आर्यको मौलिक पक्ष र मष्टो :- मष्टालाई इतिहासकारहरुले शिवका गण वीरभद्रको रुप हो भन्ने तर्क प्रस्तुत गर्छन् । यो विचार योगीनिरहरिनाथज्यूको र वरिष्ठ भाषा शास्त्री प्रो बालकृषा पोखरेलको हो भनिएको छ । (ने.ख.बा कु. मष्टो पृ. ४३) परन्तु यी देवताको स्थापना प्रकार, पुंजाप्रकार र धामीले पुकारा गरी शरीरमा आवेश गराएर फलाकदा बताएका कुराहरुको अन्वेषण अनुशालिन गर्दा यी मष्टा देवता शिवका सहचारी मरुत देवताको रुपमा पूजिँ रहेछन् भन्ने विश्वास जन्मन्छन् । मरुत रुप हावा र विद्युत हो जसको मूर्ति हुँदैन । कुलपुजा गर्दा केवल मन्दिरको कल्पनामा खोपा मात्र बनाइन्छ, मूर्ति स्थापना गरिदैन । नेपालमा मष्टोको पूँजा आफना कुल वंशका समूह जम्मा भई गरिन्छ । भारतमा पारिवारिक निजी कामना पुरा गर्न वा ग्रहशान्ति गर्ने पुँजा विधि अपनाएको देखिन्छ । उनीहरु प्राय सबै मुर्ति पुजकनै हुन्छन् । हाम्रो जस्तो पशुको देवना खातिर गोठ पूजाँ गर्ने नवाई (नयाँ अन्न खाने) पर्व पुँजा गरेको देखिदैन । मष्टोको पुँजा गर्ने दिनलाई मष्टो पूर्णिमा वा गैडु (गोठ) पूँजा भनिदै आएको छ ।

**धामी प्रथा**

धामीलाई मष्टोको प्रतिनिधी मानिन्छ । धामी धर्म प्रकृति पुजक हो । यसको इस्टदेवता मेघ र बादलको वायुदेवता नै हुन् । यसलाई धामीहरु उपसना गर्छन । यस प्रसंगको एउटा कथाको वर्णन गर्नु प्रासंगिक हुनेछ । स्थानिय तहका विजा तथा विजार भनिने विजयवर भट्टले गंगा स्नान गर्दा एउटा सानो शिला गंगा प्रवाहको विपरित माथितिर पौडिरहेको देखेर श्रद्धावश त्यसलाई टिपी झोलामा राखेर तीर्थबाट घर फर्किने क्रममा वृद्धगंगा र कैलाशको दोभान आछाम जिल्लाको जिराडीमा बास बसे । भोली पल्ट पूर्णिमा परेको र नजीकको गाँउमा यजमानी भएको कारण संगममा (स्थानीय भाषामा मोरो) स्नान गरी त्यसै ठाउँको वनधायरोको बाटोमा झोला झन्डाई पाती लगाउन यजमानी पाली पुग्दा लामो समय सम्म क्रियाकाज रोकिदा आफनो सट्टा अर्कै पुरोहित पुजिएको पत्ता लगाई रित्तो हात र उँधो मुख फर्केका भट्टज्यूले झोला हेर्दा शिला अलप भएको भेट्टाए । यसमानीबाट अपमानित र अवकाश प्राप्त तथा आशा, विश्वास र श्रद्धाका साथ तीर्थबाट बोकी ल्याएको देवताबाट अपहेलित र परित्यक्त विजाले निराश भई त्यसै बोटमा झुन्डी मर्ने अठोट गर्दा त्यो

---

2 नेपाल खस बाहुनको कुल देवता मष्टो, पृष्ठ.ढ

बनधायरोबोट भयङ्कर रुपमा काँप्दा पनि बिजारको निराश भई आत्म हत्या गर्ने सुरमा कुनै परिवर्तन नभएको बुझी भट्टले साथमा सहयोगको लागि ल्याएको मानिसमा प्रथम पटक मष्टो देवताको अवरित भयो । यसप्रकार चढेको देवताले भट्ट विजारको सन्तान दरसन्तान त्यसपछि धमीलाई मष्टोको प्रतिनिधि मानिन थालियो । धामी र पुजारी भन्दा पनि ठूलो र पुँजा आजाको प्रमुख भाग पाउने बाचा बन्धनमा आफूसँधै रहने आश्वासन र वरदान दिंदा चित्त बुझाई भट्ट घर फर्के । यसै परम्परा अनुसार विजयवर भट्टका सन्तान आछामका प्रमुख मष्टोको हालीमुहाली गर्दै आएका हुन् ।

धामीले शुद्ध पवित्र भई चम्मर घन्टा लिएर आव्हान गरेपछि धामीको आङ्मा कम्प दिएर मष्टा उत्रछन् । यसलाई देवता चढेको, आएको वा देवता लागेको भन्ने चलन छ । यो बेला आफनो जीवनी, गरेका कामकुराहरु पुरानो इतिहास धामीको मुखबाट कहन्छन् । भविष्यवाणी गर्ने, सिद्ध-साधु, सन्त ज्योतिषीमा अनन्त विश्वास राख्ने विश्वभरिनै ठुलो जमात छ । तर महाकाली पारी धामीको प्रचलन पाईदैन । धामीको छनोट (चुन्ने), धामीको मुखबाट भने गरेका कुरा सिद्ध भई विश्वास भयो भने उसैलाई र नभए उसैको सन्तानमा अर्के धामी छानिने प्रचलन रहेको पाइन्छ । मष्टोको धामीहरुको कामको बेला फलाक्दाको भाषा फरक फरक देखिन्छ । पश्चिमको अस्पष्ट भाषा पुरातन खश प्राकृत हुन सक्छ । त्यस्तै थापा मष्टको भाषा तिब्बती मूलको मान्न सकिने र बाह्रौ चौधौं पुस्ता वितेका ५ पूवान्चलमा बस्नेहरु ब्राहमण क्षेत्रीय जातिको कुलपूँजाको बेलामष्टो बोलाउँदा आजकलकै भाषामा फलाकिन्छ ।

**मानसरोवर सभ्यता**

ऊँ चेतना शक्तिबाटै प्रकृतिक सृष्टि भयो । त्यसैले प्रकृति चेतना अधीन छ । पृथ्वी तेज वायु आकाश यि पञ्च महाभुत तत्वको आधार चेतन शक्ति हो । यिनै पञ्च भौतिक तत्वबाट ब्रहमाजीले पहिले मनु र सतरुपलाई सृष्टि गर्नु भएको हो । यसको हेतु (कारण) रुपमा शिव र शक्तिको स्व अनुभव गरानउनु देखिन्छ विश्व रचनामा । यसको विस्तृत व्यख्या वेदमा गरिएको छ । विश्व ब्रहमाण्ड कै आधार पृथ्वी जल तेज वायु आकाश हुन् । तर एउटा बिर्सन नहुने तथ्य के छ भने यि पाँच बेग्ला बेग्लै देखिए पनि हरएकमा पाँचै गुण समाविष्ट छन् । त्यसैले समष्टिरुपमा यसलाई महत प्रकृति भन्न सकिन्छ, जो चेतनाधीन छ । त्यसैले विशिष्ट चैतन्य युक्त मान्छेले सो कुरा अनुभव गर्न सकेको ।

सगरराजाका मरेका सय छोराहरुको उद्धार गर्ने क्रममै स्वर्गबाट गंगा झरिन । समुन्द्र भित्रबाट अहिलेका हिमालका चुचुरा पहाड सतहमा देखिन आएको तथ्य छ । राष्ट्र गुरु भनिनु भएका योगी नरहरिनाथको अनुसार मनु नेपालमै जन्मेका हुन् । उनको भनाई ुजठोवेद हिमालयको साक्षी कैलाश छु । यो आर्यहरुको इतिहास साहित्यिक दृष्टिबाट ऋग्वेद र सप्त सिन्धुका भुकम्पबाट सुरु हुन्छ । तर सृष्टिको मूल थलो पहिल्याउँदै जाँदा मान सरोवर र कैलाशको अन्तराल नै ब्रहम सृष्टिको मुख्य स्थान सिद्ध हन आउँछ । उक्त ठाउँ मानसरोवर कैलाशको धारचेन हो । त्यहाँ बसोबास गर्दै आएका आदिबासी नै सृष्टिको प्रारम्भिक जन जाति हुनुपर्छ । सो भन्दा पहिले भारतीय उप महादीपलाई टेथिस सागर भनिन्थयो । अहिले संसारको छानो मानिएको कैलाश मानसरोवरको मूल रहेका पूर्वतिर ब्रहमपुत्र पश्चममा सतलज र दक्षिणमा कर्णाली तीन प्रवाहमा स्वर्ग गंगा भगिरथी नामले बगिरहेकी छिन् । कैलाशबासी शिवका दुई शक्ति थिए सतिदेवी र पार्वती यी दुई क्रमश शैव र वैष्णवी सम्प्रदायका धर्मका प्रतिक भैरहेका छन् । मानसरोवर देखि दक्षिण भारत सम्मै शैंवु संप्रदायको प्रभाव रहेको छ । त्यसैले यस हिम्बतखण्डमा विभिन्न शक्तिपीठहरुको स्थापनाबाट प्रष्टै हुन्छ । शैंवु शक्तिका खश भारतमा आउनु पूर्व नै मानसरोवर देखि भारतको दक्षिण राजस्थान पठार सम्म फैलिएको थिए ।

कैलाश (तिब्बत) संसारकै छानो भनिन्छ भने ुत्रिभिष्टभमु अमरकोशको अनुसार पनि स्वर्ग । मानसरोवर पूर्वतिरको नागजातिको इतिहास पाइन्छ भने पश्चिमतिर सिन्धिया जातिको प्रभाव देखिन्छ । दक्षिणतिर कर्णली प्रदेशका खश जातिको संस्कृति एवं सभ्यताको इतिहास प्रारम्भ भएको प्रष्टै छ । तिब्बत् यक्ष र किन्नरको देश हो । स्वर्गबाट किन्नरको दूत (टोली) आई उपहार सहित तिब्बत्मा अवतारी लामाको परम्परा बसालेका हुन भनिएको छ । लोकोक्ती अनुसार पनि ल्हासामा सुन छ कान मेरो बुच्चै भन्ने नेपाली आवाहानबाट तिब्बत् स्वर्गै हो भन्ने जनविश्वास पनि एउटा आधार हो । जुम्लाको राजाभै शासन गर्ने नागराज वा नागेश्वरचनलाई एकथरीले भोटे हुन् भनेको पाइन्छ । अर्कोतिर जुम्लाका सामन्ती तिब्बतको शासक भएको तिब्बती वंशावलीमा उल्लेख छ । टेथिस सारगरबाट जलमग्न भारतीय उपद्वीपमा कालान्तरमा भौगोलिक परिवर्तन भई समुद्र भित्र रहेका पहाड र हिमचूचूराहरु अहिले सतहमा आएपछि सर्वप्रथम जलविना अन्नको उत्पादन र प्राण रक्षा संभव हुँदैन थियो नत रोग व्याधीबाट बचाउने जडिबुटिको संभावना । त्यसैले हाम्रो पालन पोषण रक्षा यिनै हीमनदीहरुबाट भएको देखिन्छ भने ज्ञानको स्रोत चाहि वेद हो । त्यसैले ज्ञान विज्ञानको मुहान नै मानसरोवर (कैलाश) शिखर भयो । हिमनदीकै वरदान स्वरुप बनेका आसपासका पहाड डाँडाँ थुम्का गल्छी दोभान घाट सबैले हिन्दु संस्कृति एवं सम्यताको इतिहास बनेको देखिन्छ ।

**हिममानव**

हिममानव उच्च हिमाली क्षेत्रमा बसोबास गर्ने जिबधारीमा आजसम्म हिममानव नै पहिलो हुन सक्ने कुरा सबैको ठम्याइ हो । स्तनधारीहरुमा चिन्पान्जीको जातिलाई त सबैले देखेकै छन् । तर हिममानवको अस्तित्व भने आजसम्म अडकल सम्म मात्र भैरहेछ । त्यसको स्वरुप यथार्थ (प्रत्यक्ष) भैसकेको छैन तापनि यतीको पाइलाको चिन्ह हिउँमा फेला परेको भनी सोको तस्वीर छापमा छापिएको थियो । हिमालको उच्च तहको वरिपरिका गाउँ घरका मान्छेहरुको वर्णनमा देखिएको एकरुपताबाट पनि यतीको अस्तित्व अस्वीकार्न सकिँदैन । जहाँसम्म उसको आहार विहार एवं बसोबासको कुरा छ उच्च हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा वनलसुन पाचऔंले जटामसी जस्ता वनस्पती (अमूल्य जडीबुटी) छन् । यसरी हिमालयका जडीबुटी र अनेक प्रकारका गुफा एवं खोंचहरु भेटिएकै कुरा हो ।

**बनझाँक्री**

पहाडी क्षेत्रका वनमा बस्ने बनझाँक्री वारे पनि रहस्यमय लोकोक्ती छ । वनझाँक्रीले जङ्गलका छेउ छाउँका बस्तीबाट मान्छेलाई अपहरण गरेर लैजान्छ । उसले त्यस मान्छेलाई आफ्नो झाक्री विद्या सिकाउछ । मानिसहरु भूत प्रेत लागु भागु छुटाउन रोगको उपचार गर्न झाँक्री  कहाँ पुग्छन् । दश बाह्रवर्षसम्म झाक्रीले अपहरित मान्छेलाई आफनै साथ राख्दछ । हातको हत्केलाको उल्टो पट्टि गडयौला राखेर उसलाई खान दिन्छ । झाँक्रीले वनको कन्दमूल र जडीबुटी पनि उसलाई चिनाइदिन्छ । सामान्य काटेको ठाउँमा झोलहालिदिएमा रगत बग्न थामिन्छ, छाला जोडिन्छ आइडोन झार भनिने यस्ता जडीबुट्टी पनि चिनाइ दिन्छ । यसरी अपहरित मान्छेलाई वनझाँक्रीले झारफुक गरी उपचार गर्ने झाँक्री विधामा दिक्षीत गराएर गाउँमा फिर्ता पठाएको हुन्छ । मैले वनझाँक्रीबाटै विद्या सिकेको भन्ने पनि भेटिएला खोजिगरेमा संभव देखिन्छ ।वनझाँक्रीले जोखना (विचार ध्यान) गरी हामी (बिरामी समेत)लाई सम्बोधन गर्ने भाषा, हेर मनुवा हेर जस्ता शब्दहरुले झाँक्रीको भाषाको संकेत गरेको देखिन्छ । हिममानव (यती भनिएको) ले प्राचीनयुगको प्रारम्भिक प्राणीको प्रतीक जनाउँछ भने वनझाँक्रीले शिकारी युगको प्रतिनिधित्व गर्ने मान्छेको प्रथम पुरुषको संकेत गर्दछ ।

**हिमबत्खण्ड**

हाम्रा इतिहासकार र पौराणिक गाथाले अतिरन्जना युक्त वर्णन गरेका मानस, कैलाश, स्वर्णगिरी, मन्दिर मेरुमन्दर, स्वर्गभूमि र आर्यसंस्कृतिका मर्मज्ञ र व्यख्याता महाकवि कालीदासको यक्षनगरी, अलका, भगवान शङ्करको क्रिडाभुमि सप्तर्षिहरुको तपोभूमि सबै यही कैलाशकै सेरोफेरोमा पर्न आउछन् । स्वभावत तपोभुमि भएकैले हिम्वन् खण्डमा अनेकौं तीर्थहरु, नाथसम्प्रदायका देवताहरु देवीहरुले बसोबास गरेको यो क्षेत्र पवित्र भूमि भएको । त्यसमाथि हिम्बत् खण्ड पशुपतिनाथ गुह्यश्वरी महाशक्ति पीठ लगायत अनेकन मन्दिर र प्रसिद्ध गुम्बाहरु रहेका छन् जहाँ अनेकौं गुफा बौद्धका गुम्बाहरु उत्तिकै चम्केका देख्न पाइन्छ, त्यसैले त नेपाललाई विश्वले मन्दिरै मन्दिरको देश भनेर चिनेका छन् । तरिम उपत्यका (सिङ कियाङ)मा शककै एक शाखा खश जाति थियो, जो कराकुरम गिरिमाला पार गरेर गिलगित हुँदै काश्मीरमा फैलियो र फेरि अघि बढ्दै नेपाललाई खश भूमि बनाउँदा यो सम्पूर्ण खश जाति पाँचौं शताब्दीसम्म पितल युग थियो[६] । कश्यप खशा पत्नीबाट राक्षस र यक्ष भए । कालीदासले यक्ष जातिलाई राजा र राजाका पनि राजा एवं कैलाशबासी शिवका मित्र भनेर कुबेरको वर्णन मेघदुतमा गरेका छन् । स्वर्णगिरी (सुनखानी) भएको ठाउँ विभिन्न मुल्यवान पत्थरको खानी भएकोले त्यो भूखण्डलाई निवास भूमि बनाउने त्यहाँका जातिबाटै पिपीलिका, स्वर्णचुर्ण, जडिबुटी रत्नमणिहरुको भारत इरान, बेबिलोन र पश्चिमी रोमसम्म पुगेको ऐतिहासिक सत्य हो[७] । त्यसकारण लक्ष्मी (धन) र सरस्वती (ज्ञान) दुवैवाट सम्पन्न हिम्बतखण्ड भूस्वर्ग नै हो । कैलाशबासी शिवकै आशीर्वादले हिम्बत खण्डबाटै संसार भर फैलिएको तन्त्र, मन्त्र र यन्त्र विद्याको मुल थलो यही मध्य हिमालय प्रदेश हो । विश्वले यस थलोको यथार्थ परिचय पाउन बाँकीनैछ । हाम्रो कर्तव्य के हो भने यो हिम्वत खण्डको परिचय भन्नुनै नेपाली जातिकै मौलिक परिचय भएकैले यो मौलिक परिचय जोगाई सास्कृतिक जागरण ल्याउने कर्तव्य पनि हाम्रै हो ।

**गोरक्षा गरौं**

अयोध्याका राजा दशरथको तीन रानीहरु थिए, कौशल्या, कैकेयी र सुमित्रा तर कुनैबाट पनि जायजन्म नहुने भएपछि राजा चिन्तित बने, रानीहरुको कोख बाझो देखेर र उपायको खोजीमा दशरथ गुरु बसिष्ठकहाँ गए । उनले सन्तान प्रप्तिको उपाय वारे गुरु बसिष्ठ सँग सोधे । गुरु बसिष्ठ ऋषिको इस्टदेवता गाई  थिइन् । त्यसैले गाईसँग सोधेर जवाफ दिने कुरा ऋषिले राजालाई बताए । भोलीपल्ट ऋषिले गाईसँग सोद्धा गाईले सकारात्मक ढङ्गले टाउको हल्लाई दिइन् । तब गुरु बसिष्ठले राजा दशरथलाई पुत्रेष्टिक यज्ञ गराए । यज्ञका आचार्य थिए, गाईको विषयमा विशेष अनुशन्धान गरेर शीरमा सिंङउम्रेका ऋष्यशृङ्ग ऋषि । उनैले गोरस (दुध)को खीरको होम गरेर दिएको प्रसाद (खीर) रानीहरुले खाएपछि उनीहरुको बाझो पन हटी उनीहरुलाई पुत्रप्राप्ति गर्ने शक्ति गौमाताकै आर्शीवाद थियो । स्वस्थानी कथामा गोमाको जन्म पनि गोवरबाट भयो । गाई देवताको पनि गुरु, बसिष्ट गौत्तम भारद्वाज विश्वमित्रहरु सँग हजारौं हजार गाई थिए । (तत्कालीन समयमा पशुधन नै धनको मापन हुन्थ्यो) । त्यसैले गाई पालन चारक (चरन) युग देखिनै महत्वपूर्ण व्यवसाय मात्र नभई यसको प्रतिष्ठा र रक्षाले ज्यादै महत्व पाएको छ ।

सात समुद्र सहित सबै तीर्थहरु एकत्रित्त रहन्छन जहाँ गाई रहन्छिन् । गाईको सेवा गर्नाले सबै तीर्थहरुको सेवा गरेको पुण्य मिल्छ । हामीले सके आफ्नै घर गोठमा गाईको सेवा गर्ने नसके गाई पाल्ने अरु (गौशाला)मा सम्पर्क गरी गौसेवा गरे कल्याण हुनेछ । सनातन हिन्दू धर्माबलम्बी खस आर्यहरुको गाई प्रतिको आस्था उत्तिकै रहेको छ । गाईको गहुत गोबर सेवन गर्न चाहनेले भूईंमा पर्न नदिई थापेर सेवन गर्नुपर्नेछ भन्ने छ । गहुत गोबरले जन्म मृत्युका दुवैकार्यलाई पवित्र गराइदिन्छ । पवित्र बस्तु भएकोले भूईंमा खस्न, गोडामा पर्न दिन नहुने । गाईको गहुत र गोबर सम्मको पवित्रता झल्कन्छ । दुध ध्यूँको त कुरै नगरे हुन्छ । यसमा वैज्ञानिक तवरमा विश्लेषण हुन सके झन् राम्रो । आयुवर्देले त पर्याप्त प्रकाश पारेकै छ । उच्च रक्तचाप हुनेले गाईको आङ्गमा ३१ पटक हातको हत्केलाले थप थपाउँदा नियन्त्रण भएको थाहा हुनेछ । ब्रह्माजीको छोरी गाई हुन् । गाईलाई पृथ्वी भनिन्छ जसको शरीरमा तेतिसकोटी देवताहरु रहेका छन् । भागिरथी गंगा पृथ्वीमा अवतरण गर्नु पहिले गाईको सहयोग चाहिएको थियो । गाईको मुत्रबाट गंगाले पृथ्वीमा बहन शुरु गरेकी हुन् । गाई पृथ्वी हुन जहाँ गंगाले बहेर सबैलाई पवित्र गराई मुक्ति गराउने उद्देश्य भएको प्रष्टै छ । यि कुराहरु, गाई र गंगाको महिमा भनी साध्य छैन ।

गावामध्ये बसाम्यहम् - श्री कृष्ण । त्यसैले गौदानको महिमा हाम्रो हिन्दु संस्कृतिमा अति महत्वको कुरा रही रहेकै छ । ओ (अउम)को शब्द जलबाट पृथ्वी सृष्टि भएपछि चेतनरुप गाई समष्टि र अन्य जडपदार्थ सृष्टि भए । त्यसैले गाईको पूँजा पृथ्वीकै पूँजा हुन्छ । गावा स्वर्गस्य सोपानु गाई जाने सिढी भनिएकै छ । मानसरोवरका कैलाशबासी शिवले विषपान गरेर अक्सिजन (ब्रहमपुत्र, कर्णाली

र सत्तलज विश्वलाई रक्षा गरिरहेछन् । किनभने निलकण्ठ हिमालयमा रहनु भएको छ । सबै प्रकारका प्रदुषण नष्ट गरी विश्वलाई स्वच्छता दिने गाई र गंगा नै हुन् । सबैलाई रक्षा गर्न सक्ने गाई नेपाल माता हुन् । गौमाता हिमालबाट सृष्टि भएकी हुन् । वेदको ज्ञान पनि हिमालय बाटै फैलिएको हो । उपनीषद, महाभारत रामायण त्यही गौ सेवाको प्रसाद (गोरस) पिएर नै यस्ता उच्च ग्रन्थहरुको रचना संभव भएको हो । तसर्थ गाई प्रतिको आस्था बढाउनु समस्त हिन्दुहरुको विशेष कर्तव्य नै हो ।

..........................................................................

| | | |
|---|---|---|
| ४. ऐ | ऐ | पृष्ठ २६ |
| ५. ऐ | ऐ | पृष्ठ ४२ |
| ६. ऐ | ऐ | पृष्ठ १२ |
| ७. ऐ | ऐ | पृष्ठ १६ |

**देव वाणी**

वेदको विशेषता यो पनि छ की यो खास जाति संप्रदाय, मतमतान्तर प्रति लक्षित छैन । यसको उद्देश्य र क्षेत्र, सार्वभौमिक चाहि छ । वेद (देव वाणी) सबै देश र सँधैको सभ्य तथा सु-संस्कृत नरतनधारीकोलागि उपयोगी सिद्ध हुन सक्छ । वेदमा जुन उपदेश र मार्ग दर्शन उल्लेख छ, यि कुरा मनुष्य मात्रको निम्ति कल्याणकारी र उद्धारक सिद्ध हुनेछ । वेदको ऋचाको अनुशीलनबाट पाठकहरुलाई विदित हुने छ की वेद वास्तवमा विचार रुपी रत्नको खानी नै हो । यसको परिपालना गर्नाले मनुष्य जीवनको दोष र अयथार्थबाट मुक्त भई उच्च जीवनको पालन गर्ने, आफुलाई सफल बनाउन सक्तछ ।

तेजोसि तेजो मायि धेहि । वीर्य मसि वीर्य मयि धेहि ।
बलमसि बल मयि धेहि । ओजो स्योजो मयि धेहि ।
मन्युरसि मन्यु मयि धेहि । सहो कसि सहो मयि धेहि ।      (यजुर्वेद १९।९)

*अर्थात - हे इश्वर तपाई तेज स्वरुप हुनु हुन्छ । मलाई प्रकाश (तेज) दिनुहोस् । तपाई वीर्यवान हुनु हुन्छ मलाई पराक्रम सम्पन्न गरि दिनोस् । तपाई वलवान हुनुहुन्छ मलाई बल (शक्ति) दिनोस् । तपाई ओजस्वी हुनु हुन्छ मलाई ओजस्वी बनाउनोस् । तपाई दुष्टलाई भष्म गर्नु हुन्छ मलाई पनि सहनशील बनाउनोस् ।*

ईश्वर (परमात्मा) कस्तो कसलाई भनिन्छ ? उहाँ कुनै मनुष्य हुनु हुन्न । उहाँलाई त हामीले मानेका  हौं भगवान वास्तवमा आदर्श (मर्यादा श्र राम, चरित्र श्र कष्ण) को नाम हो । सिद्धान्तको नाम हो, श्रेष्ठता, सदगुण, सत्प्रयासहरुको समुच्चको नाम हो । ईश्वरको यिनै अनेकन गुणहरुमा हामी प्रेरित अर्थात अत्यावश्यक छ ति गुणहरु प्राप्त गर्न हामी प्रार्थना गरिरहेका छौँ । सबैभन्दा महत्वपूर्ण कुरा तेजस्विता हो, जसले आत्मशक्तिको विकास गराउँछ र संसारिक लोभ लालच हटाउने पराक्रमी बनाई दिन्छ । तेजस्विता बाच्नुमा निर्भर हुँदैन वृन्तिमा रहन्छ । त्यो बाहय नभैं आन्तरिक हुन्छ । त्यो अन्तरिक्ष (माथि) अनुभव गरिने नभई स्वभावमा अनुभूति हुने कुरा हो । यसबाट मुखमण्डलमा यसको आभा रहेको देखिन्छ । दोस्रो जरुरी कुरा हुन्छ शाररिक बल ईश्वरले हामीलाई शरीर यसकारण दिएको छ की सय वर्षसम्म बाचेर संसारमा परोपकारी काम गरुन ुजीवेम शरदः शतमु यो कुरा तव संभव हुन्छ जब हामी वीर्यवान बलवान हुन्छौं । हामी तेजस्वी बनौं स्वथ्य बनौं र बलशाली बनौं । यो कुरा संयम, उचित आहार बिहार बाट संभव हुन्छ । यि तीनको विकासले आत्मिक तेज जागृत हुनेछ, मनुष्य ओजस्वी बन्ने छ । तेज, वीर्य, बल र ओजले परिपुष्ट मनुष्य संसारमा सबै कुार गर्ने सक्ने हुन्छ ।

सत्य बृहदद्मग्रे दीक्षा तपो
बह्नम यज्ञः पृथिवी धारयन्ति ।
सा नो भूतस्य भव्यस पल्युरुँ
लोकं पृथिवी नः कृणेतु ॥                              अथर्ववेद १२।१।१

*अर्थात - यो संसारमा उन्नति त्यसले गर्छ जो परमात्मा तथा विद्वानलाई प्रेम गर्छ, सत्यकर्मी ज्ञानी र जितेन्द्रिय छ । आजसम्म यस्तै भएको छ र भविष्यमा पनि यस्तै हुनेछ ।*


उन्नति केलाई भन्ने ? धेरै रुपैया-पैसा, धनसपत्ति जम्मा गर्नु कोठी महल (वंगला), कार तथा सुख सुविधाका सरसामानहरुको थुप्रो लगाउनु नै हो त । आजकाल मानिसले यिनै कुराहरुलाई उन्नति सम्झेका छन् । अनीति (अनैतिक) पूर्वक संपत्ति कमाउने होड मच्चीरहेछ । यथार्थमा उन्नति त्यसलाई भनिन्छ जब व्यक्ति र राष्ट्र दुवै यश्स्वी हुन्छन् । राष्ट्रको उन्नति खातिर यसलाई शक्ति सम्पन्न गौरवमय बनाउन यसका नागरिकहरु तपस्वी बन्नुपर्छ । कुनै ठुलो लक्ष्य पुरा गर्न आइपर्ने सबै बाधा विरोधहरुको धैर्यपुर्वक सामना गरेर अघि बढ्ने कामनै तप हो । यक्षले युधिष्ठिरसँग प्रश्न गरेका थिए तपको लक्ष्य के हो ? उनले उत्तर दिएका थिए ुतपः स्वकर्मवर्तित्वमु आफनो कर्तव्य प्रति एक निष्ठ भएर लाग्नु नै तप हो । तपको सार जितेन्द्रिय बन्नु हो । केन्द्रिय निग्रहबिना उन्नतिको कल्पना गर्न सकिँदैन । जबसम्म माया, मोह, स्वार्थ उपर विजय प्राप्त गरी राष्ट्रहितको भावनाको पुष्टयाई हुँदैन, चारैतिर लुट भ्रष्टाचारको वातावरण मात्र बनिरहन्छ तबसम्म मनुष्य सुख शान्तिको मृगमरिचिकाको पछि भट्किरहेको हुन्छ । उन्नतिको खातिर सबभन्दा आवश्यक कुरो हो, महानसत्य, तत्व बुझेर सत्य आचरणको दिक्षा लिनु । यो निर्विवाद कुरा हो । साह्रा ब्रमाण्ड परमेश्वरबाटै प्रकट भएको हो । उहाँ यसको कण कणमा रहनु भएको छ । (रोम रोमप्रति कहे वेद पुराण तुलसीकृत रामायण) वहाँले लाखौं करौडौं वर्ष देखि आफनो गति प्रदान गरिरहनु भएको छ । हामी सबै ईश्वरकै अंश हौं । हाम्रो कर्मको लेखा जोखा उहाँले नै इमान्दारीका साथ गरि रहनु हुन्छ । उहाँको न्यायकारी सन्तानले कर्मफलको वैधानिककरण गर्नु भएको छु । यस कुराको ज्ञानले हामीलाई संयम हुन प्रेरणा दिन्छ । र हाम्रो आचारण उत्कृष्टमा उत्कृष्टता समावेश हुन्छ । इन्द्रिय निग्रह र आचारणबाट लाभ हुने कुरा हो मान्छे आफ्नो क्षुद्रस्वार्थ त्याग्न प्रेरणा मिल्छ । र

देशबासीमा राष्ट्रभात जागृत हुन्छ । सबै नागरिक अर्कोको कष्ट आफनै कष्ट सम्झेर त्यो हटाउन सहयोग गर्न थाल्छन् तब देशमा बलम ओजस्च जातमु - प्राण शक्तिको सञ्चार हुन्छ । राष्ट्र र राष्ट्रको नागरिक सबै ओजस्वी तथा यशस्वी हुनेछन् । यो उन्नतिको अधिल्तिर संसारका बडे बडे शक्तिशाली राष्ट्र समेत घुँडा टेकेर नतमस्तक हुनुपर्ने हुन्छ ।

बीजको महत्व के हो ? यो पहिले नगन्य रुपमा घरको एक कुनाको बोरा भित्र रहिरहेको हुन्छ, जब यो खेतमा छरिन्छ केहि समयमा यो विशाल रुखको रुपमा विकसित भएको देख्छौं । तर, यस निम्ति बीज पहिले आफैं गल्नुपर्ने हुन्छ । मलजलको रुपमा समाजको सहयोग पनि लिनुपर्छ । स्वयंम आफ्नो स्वार्थभावको त्याग र समाजका आत्मिक सहयोग दुवै कुरा मिलाएर नै स्वर्णिम सिढी निमार्ण हुन्छ । कोही आफू एक्लै सबै कुरा गर्न सक्छु भन्ने समझ राख्छ भने त्यो उसको कोरा भ्रम मात्र हो । उसले अरुको सहयोग को साथ स्वयंमले तप र साधनाको कष्ट सहेर मान्छे उन्नतिको बाटोतर्फ अघि बढ्न सक्छ ।

परमपिता परमेश्वरको आफ्ना पुत्रहरुलाई यहि निर्देश छ । यस निमित्त उहाँले सर्वगुण सम्पन्न मानव शरीर निमार्ण गरेर आफ्नो समस्त शक्ति त्यसमा विभूषित गरिदिनु भएको छ । हर समय उहाँ मान्छेलाई सहायता गर्न तयार हुनु हुन्छ । तर शर्त यही छ कि उसले निः स्वार्थ भावनाले पुरुषार्थतर्फ लागि रहेको हुनुपर्छ । उन्नति खातिर ईश्वरको सत्ताप्रति पूर्ण विश्वास राखेर आफनो पुरा क्षमता र प्रतिभाका नियोजन लोकहितको काममा लगाउनु नै जीवनको लक्ष हो ।

विद्वानहरुको यो दायित्व छ कि समाजको उन्नति निम्ति सबैलाई यो सत्य मार्गमा अग्रसर हुन प्रेरित गरुन तब ब्राहमणत्वको कर्तव्य पुरा हुन सक्छ ।


पूर्वीय दर्शनको मौलिक चरित्र एवं विचार प्रेरक हुँदा नै युरोपियनहरु भन्दै छन्, 'वेदभन्दा मूल्यवान कुरा अहिलेसम्म हामीले पाएकै छैनौं।' आइन्स्टाइनले भनेका छन्, 'हिन्दूहरुले यति नगरेको भए वैज्ञानिक क्रान्ति संभव हुने थिएन।'

वैदिक संस्कृति दर्शनको रहस्यको यथार्थ ज्ञान गराउने शिवपार्वतीले गुरु चेला भई प्रारम्भ गरेको गुरु परम्परा नै विश्वकै लागि योगदान हो। यही परम्परा आधुनिक विकसित प्रशिक्षण केन्द्रहरुको गतिशीलताको आधार बुझ्न सक्छु पर्ने हुन्छ, तन्त्र मन्त्र र यन्त्रको प्रयोग गर्ने।

## नेपाल परिचय -राम कुमार पाडे २०५५

कालक्रमको चर्चा गर्दा टेथिस सागरको अस्तित्व ७०,०००,००० वर्ष अघिको अनुमान गरिएको छ । हिमालयको उत्पत्ति २६,०००,००० देखाएको छ । बुटवलमा होमिनिड्स मानव रामपिथेकसको अस्तित्व । ६०,०००० वृहत हीमयुग देखाएको छ । काठमाण्डौं उपत्यका विशाल सरोवरको अवस्था रहेको देखाएको छ । ३००० दक्षिणी बेबलेनिया (सुमेर) मैदानमा मध्यएशियका सुमेरीयालीको बसोबास । वेद, महाभारत पुराणा रचना । नेपालको उत्पत्तिः हिमाल निर्माणको पश्चातकालमा दक्षीणको मैदान बन्यो । हिमालय निर्माण कालमा उत्तरतिर आएको भू-सञ्चालन शक्तिको धस्सिएको भूमिपछि गएर हिमालयमा अविर्भाव भएका नदीहरू तथा उत्तर भारतबाट बहेका नदीहरूले ल्याएका पदार्थले भरिन पुरिन गए र कालान्तरमा यस मध्यवती तराई (मधेश) भागमा विशाल मैदान बन्दै गयो जुन अहिले उत्तर भारत स्थित गंगा मैहानको रूपमा छ । नेपालको तराईदेखि गंगाको (मैहान) ठूलो सामुहिक भडखारा भौगोलिक समयको धेरै पछिसम्म विद्यमान थियो । चुरे पर्वत निमार्ण हुँदासम्म यो भडखारा पूर्णरूपले पुरिएको थिएन । त्यस खबतसम्म संभव छ चुरेको तलसम्म झयाउ, झारपात, झाडी र वन जंगल घना थियो भन्ने कुरा चुरेको घाँच (हरिहरपुर, धनुषा आदि स्थानमा प्राप्त कोइला खानीहरूबाट बुझिन्छ । उत्तरको हिम क्षेत्र चिसो र दक्षिणको तातो (गर्मी) क्षेत्र र तातो दक्षिण एशियाली अवस्थाले गर्दा चुरेको यही हरियो स्वच्छ न्यानो काख मात्र जीवन योग्य कोख भएको हुन सक्छ । यसैकारण गंगाको यो खाडल र होचो चुरे पर्वतको छिपछिप शान्त

किनार नै न्यानो पारिलो जीवन दयिनी लगूनको रूपमा विकास भई नेपालमा मानव सभ्यताको पहिलो प्रकाश परेको अनुमान गरिएको छ । काठमाण्डौं सिन्धुलीमाडी चितौन, नवलपुर, पोखरा, दाङ्ग, देउखुरी, सुर्खेत, जुम्ला आदि जलमग्न उपत्यकाबाट जल निस्कासन पछि बनस्पति हुँर्कदै गयो । तातो चिसो समयानुकूल चराचर आए गए र घुमन्ता मानव यस भेगतिर आकर्षित भए ।

**राजतरङ्गिणी**

नेपालतिर घुस्तै आएका काश्मीरी राजा जयापीडलाई विक्रमको नवौ (ईसाको आठौं) शताब्दीतिर नेपालका स्थानीय सामन्त मगर राजा नरमुन्डीले काली गण्डकीको किनारमा कैद गरेको कुरा कल्हण (काश्मीरी कवि) ले राजतङ्गिणी ग्रन्थमा लेखेका छन् ।

**भूगोल**

आफ्नो वातावरणले दिएका फइदाहरू काममा लगाउन नलगाउन सक्छ । आफनो वातावरणमा पाइने प्राकृतिक संपत्तिहरुको सदुपयोग गर्ने क्षमता मानिसको ज्ञान, बुद्धि, सँस्कृति तथा आफनो देशमा प्राप्त सामाजिक स्वरुपमा पनि भर पर्दछ ।

स्थिति आकार, हावा पानी माटो ढल, वनस्पति, नदी-नाला, प्राकृतिक स्वरुप आदि प्राकृतिक वातावरणका अंगहरु गतिहीन तत्व हुन औं त्यहाँका जनता, सरकार, विचार, क्षमता शीप आदि गतिशील तत्वहरु हुन् । यी दुवै तत्वहरुको पारस्परिक सम्बन्धले कुनैपनि क्षेत्रको मानव जीवनमा प्रशस्त प्रभाव परेको हुन्छ । नेपालका ख्यातिप्राप्त कवि तथा नाटककार बालकृष्ण समले भन्नु भएको छ नेपाल एक सानो संसार हो यस पंक्तिमा नाटककारको स्वदेशप्रति प्रेम भएको मात्र होइन वास्तविकताको झल्को पनि हामी पाउँदछौं । समुद्र सतह देखि ५० मीटर उचाई भएको तराई क्षेत्रदेखि प्रारम्भ गरी ८८३९ मिटर भन्दा बढी हिमशिखरसम्स फैलिएको यो देशको प्राकृतिक वातावरण तत्वहरुमा विविधता पाउनु स्वभाविकै हो । स्थानको उचाईको आधारमा तापक्रमको घटबढ औ तापक्रमको आधारमा वनस्पतिको विविधता औ बदनुसार खेती-पाती आदि क्रियाकलापमा प्रशस्त फरक परेको देखिन्छ ।

**पहाड**

चुरे पहाड पूर्व देखि पश्चिमसम्मको सरदरको उचाई १२१९ मीटर छ । यसको सर्वोच्च शिखर पश्चिम नेपालको कैलाली जिल्लामा पर्छ र यसको उचाई १९४६.८ मीटर छ । चुरे देखि उत्तरतर्फ पहाड र दक्षिणतर्फ पहाड र दक्षीणतर्फ समथर मैदानी भाग छ । उत्तरी हिमाली क्षेत्रका मानिसहरुका रहन सहन, बोलचाल, भेष-भूष, धार्मिक प्रचलन एवं शाररीक स्वरुप तिब्बततिरका निवासीहरुसँग मिल्दा जुल्दा छन् । यसरी तिब्बतीसँग तीनीहरुको संस्कृति मिलेतापनि यिनीहरुमा प्रशस्त देशभक्ति पाइन्छ ।

**तराई प्रदेश**

नेपालको दक्षीण भागतिर रहेका तराई र भित्री तराईमा उच्च टाकुरा सम्मभूमि होचो भू-भागहरू पनि छन् । सुदुर दक्षीणमा तराईको विस्तृत मैदानी भाग छ । यो मैदानी भाग पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म होचो पेटीको रूपमा फैलिएर रहेको छ । भारतको गंगा मैदानको क्रमिक रुपमा नेपाल भित्र रहेको यो मैदानी भागको चौडाइ १५ देखि ४० किलोमिटर सम्म छ । यो भुभागमा पाँगोमाटोको गहिराई कुनै कुनै ठाउँमा ६००० भन्दा बढी छ । मानव जीवन :- अनुकुल भौगोलिक अवस्था रहेको काठमाण्डौं उपत्यकामा मावन बसोबासको विकास प्राकऐतिहासिक काल देखि भएको राम्रो संकेत पाइन्छ । मानव समुदायको ऐतिहासिक केन्द्र स्थल भइआएको र अनुकुल भौगोलिक वातावरणले गर्दा स्थानीय भूभाग र साधनहरु हदसम्म उपभोग गरिएका छन् । ऐतिहासिक काल देखि काठमाण्डौं उपतयका नेपालको महत्वपूर्ण कृषि तथा व्यापारिक केन्द्रस्थल भइआएको छ । प्राकृतिक तवरले सुरक्षित रहेको भु-भाग हुनाले काठमाण्डौं उपत्कामा आफ्नै प्रकारको जीवन पद्धति रहन सहन, भेष-भुषा र संस्कृतिको विकास हुन आएको छ । काठमाण्डौं उपत्यका नेवारहरुको केन्द्र हो । यहाँ आफनै प्रकारका नेवारी संस्कृति कला, भेष-भुषा र सामाजिक पद्धतिको विकास भएका छन् । विभिन्न जातिय सुदायहरुको आवागमनले गर्दा अब उपत्यकामा मिश्रित साँस्कृतिक केन्द्र बन्न गएको छ । एक प्रकारले देशका जातिय समुदायको समपष्टिरुपको यहाँ प्रतिनिधित्व भएको छ । यस उपत्यकामा नेवारी, नेपाली तथा नामांग भाषीहरुको संख्या बढी छ ।

**नेपाल अधिराज्यको स्थापना**

नेपाल एकिकरण अभियान पृथ्यवीनारायण शाहको मृत्यु १७७५ ई मा भएपछि उन्नाइसौं शताब्दीका आरम्भिक दुई दशकसम्म चली रह्यो औं शताब्दीका प्रथम दशकमा नेपाल अधिराज्यको पश्चिम सीमा सतलज नदी र पूर्वी सीमा टिस्टा नदी स्थूल रुपले कायम भयो । वर्तमान समयमा भारतको उत्तर प्रदेश राज्यमा स्थित अलमोडा नैनीताल तथा गढवाल आदि पहाडी नगर तथा वर्तमान हिमाञ्चल प्रदेश राज्यको निकै भाग (आधुनिक सिमला  समेत त्यहाँका अरु अनेक राज्य) नेपाल अधिराज्यको अन्तर्गत थिए । पछि इस्ट इण्डिया कंपनी सित १८१४-१६ ई मा भएका युद्धको परिणामस्वरूप नेपाल अधिराज्यको सीमा पूर्वमा मेची नदी औं पश्चिममा महाकाली नदी भयो औं आज दुई सय वर्ष भयो सोही सीमा स्थिर छ ।

नेपालीका विचार र चरित्रमा परेको पहाडका जीवनको प्रभाव तथा आवश्यक द्वारा नै नेपाली राष्ट्रियताको आधार पहाड वा अझ विस्तृत तथा प्राचीन नाम खोज्ने हो भने नागाधिराज हिमालयलाई नै मान्नुपर्छ । हिमायका बूने धर्म, भाषा, आचार-विचार इत्यादि अनेक कुरामा विविधता भएका हामी नेपालीहरुलाई एकताका सुत्रमा बाँधी राष्ट्रिय भाव प्रदान गर्ने पहाड र हिमालय नै थियो र छ भने कुरा हाम्रो ऐतिहासिक विकास, आफ्नै प्रकारको धार्मिक विचार औं व्यवहार तथा आर्थिक गतिविधिबाट पनि प्रमाणित हुन्छ ।

गोर्खाका पृथ्वीनारायण शाह आफ्ना दल सहित काशी जान लागेका समयमा पर्वत र गोर्खाका परस्पर मैत्री सम्बन्ध राम्रो थिएन । किनभने गोर्खाको चिर शत्रु लमजुङसित पर्वतका मित्रता थियो । यसो हुनाले पर्वते तथा गोर्खाली परस्पर शत्रुता भएका दुई राज्यका रैती वा पुरानो कुरालाई आधुनिक शब्दावलीले बुझाउने हो भने दुई राष्ट्रका नागरिक थिए । राजनीतिक स्थिति यस्तो भएतापनि पृथ्वीनारायण

शाहले पर्वतेहरुका दलमुखी सरदार बलिभञ्जनलाई भने पहाडमा यो गोर्खा, पर्वत, प्युठान अधिराज्यको जन संख्याको विशिष्ट भनने व्यवस्था छ, मदेशमा गएपछि त हामी सबै पहाडिया एकै हौं हाम्रो नेपालमा सजातीय मनुष्यको पहिले कसरी वा कहाँ आगमन भयो भन्ने कुराका विषयमा हामीले प्राप्त गरेका प्रस्तर युगीन केही हतियार वा सामानका आधारमा तिनको संख्या अत्यन्त अल्प भएको हुनाले यसै होला भनी अनुमान गर्नु पनि प्राय असम्भव छ । यसरी अनुमान गर्न नसके पछि हामीले प्राप्त अनुश्रुति, परम्परा तथा संभाव्यता आधारका भरपर्नु पर्ने हुन्छ । लिच्छविहरुको नेपाल आगमन हुनु अगावै यहाँ किँरातीहरूको शासन भएको कुरा वंशावलीमा पाइन्छ । तर उनीहरुको लिपिबद्ध इतिहास पाइँदैन । किँरातीहरुका विषयमा जे जति कुरा थाह छ त्यसबाट उनीहरुको धार्मिक विश्वास प्रकृति-पूजकको जानकारी थियो । तथा सांसारिक प्राथमिक अवस्थाको शिकारको प्रधानता औं अल्प तथा अविकसित कृषिप्रथा भएको थियो भनी मान्न बाधापर्ने देखिँदैन । नेपालमा आगन्तुक हिन्दुहरुले उदारताको नीति स्वीकार गरी कार्य नगरेको भए उनीहरुलाई स्थानीय निवासीहरुले सहजै नष्ट गरिदिन सक्थे । जुनधर्मको रक्षाका निम्ति आगन्तुकहरु विरानु मुलुकमा पसेका थिए त्यसको रक्षा उनीहरुको मुख्य कर्तव्य थियो । र, यो कार्यमा उनीहरुले अनुदार विचार लिएका भए उनीहरु निसहाय भैं आफनो तथा आफ्नो धर्मको रक्षागर्न असमर्थ हुने थिए । इतिहासकारको भनाई अनुसार हिन्दू धर्मको परिवर्तन गरी अनुकुल तुल्याउने निश्चय गरे । आफ्ना विकासका क्रममा हिन्दुधर्ममा जो काठिन्य, रुढी वा तर्क हीनता आएको थियो । त्यसको त्याग नै उचित ठहऱ्याई तथा त्यसलाई धेरै अंशमा वादु दिई आफ्नो धार्मिक नीति उनीहरुलाई निर्धारण गरे।

आगन्तुकहरुले स्थानिय मानिसले छोएको पानी खाने, आफनो दल बढाउन जनै लगाउन दिई माथि उठाउने काम गरे । जुम्लाका वंशावलीहरुमा गगनीराज नामक प्राचीन राजाले त्यहाँका अनेक जातलाई जनै प्रदान गरी उनीहरुलाई वर्ण व्यवस्थामा उच्च स्थान प्रदान गरेको वर्णन पाइन्छ । फुल गाउँको खोलो फर्काउने चन्दननाथले काशीबाट काली मर्सीधानको विउ झिकाई खेती गर्ने संपूर्ण विधिसिकाएको कुरा अभिलेखामा पाइन्छ । धानको खेतीको चलनबाट प्राप्त लाभ सबैको लाभ थियो भन्ने कुरामा सन्देह छैन । लमजुङको अल्लो पन्छिका वंशावलीमा त्यहाँका स्थानीय मानिसले कास्कीका राजाका छोरालाई वहाँ (लमजुङ) का राजा थापेको वर्णन पाइन्छ । यो वर्णनबाट आगन्तुकहरुको विलक्षणता तथा प्रविणताले स्थानीय मानिसले गोष्ठीगत व्यवहार छोड्दै गै आगन्तुकहरुसँग एक भै एक राज्यको रैती भै बस्न मनपराएको कुरा चाल पाइन्छ । नेपाली राष्ट्रका अंग प्रत्येगसम्म सामनजस्य वा एकिकरण हुन पर्ने हो, उति भैसकेको छैन । त्यसतर्फ समानतालाई ध्यान दिई २०२१ मा नयाँ मुलुकी ऐन खडा गरी सबै विध्न वाधा हटाउने प्रयास गरेपनि त्यो पुरा भएको छैन सामाजिक आर्थिक परिवर्तनको लागि सबैको ध्यान जानुपर्छ ।

पारस्परिक अविश्वासको जरो स्वरुप असमानता नेपाली जीवनबाट पर्न्छाइ त्यसका सट्टा समानताको सिद्धान्त स्थापना गरि दिएको छ । आजको नेपाली सो मार्गमा हिडिरहेको छ ।

आगन्तुक र यहाँका दुवै थरीले परस्परको धार्मिक विश्वासलाई आदरगरेको कुरा पनि बुझिन्छ । यो राष्ट्रिय एकताको लागि ठुलो बल हो । यौटाले अर्कोमाथि थिचोमिचो गरी आफ्नो विश्वास थोपर्न नखोजेको तथा यो कुरामा दुवै थरी अर्काको विश्वास मान्न नमान्न स्वतन्त्र भएको कुरा पनि यताबाट स्पष्ट बुझिन्छ । अर्काको विश्वास मान्न नमान्न स्वतन्त्र भएको कुरा पनि यताबाट स्पष्ट बुझिन्छ । मुखय कुरो यस हिम्बतखण्ड नेपालबासी दुवैथरी आदि अनादि बासीहरुको आ-आफनो पहिचान र गौरवको ख्याल गर्दै राष्ट्रिय पहिचानको निम्ति हिमालय (मानसरोवर)को प्राचीन सभ्यतालाई विर्सन कसैले सक्तैन । प्रमेको सम्बन्ध धार्मिक क्षेत्रमा स्थापित गरेका कार्यको उदाहरण गोहत्या नेपालबाट बर्जित भएका कुराबाट चाल पाइन्छ । नेपालको कुनै भागमा गोहत्याको चलन थियो कि थिएन वा यहाँ गोरक्षाको महत्व बुझेरै सबैको सहमतिले गोहत्या नगर्ने चलन कुरा हाम्रो जीवनमा भएको प्रेमपूर्ण पारस्परिक सम्बन्धको यौटा ज्वलन्त उदाहरण हो ।

राष्ट्रिय अखण्डत्ता खातिर एकताको सझदारी कायम गर्ने कुरा भाषा पनि हो । जसले राष्ट्रिय पहिचान सहित नेपाली सभ्यताको परिचय पनि गराउँछ । यसै सन्दर्भमा नेपाली भाषा प्रकाशनको प्रेरणाबाट नेपालहरुमा यसले राष्ट्रभाषाको स्थान प्राप्त गरेको छ । साँस्कृतिक एकता तथा धार्मिक सहिष्णुताले गर्दा नेपालीहरुका विविध वर्गमा जुन साँस्कृतिक आदान प्रदान भयो, त्यसले गर्दा जातिका द्वित्वको भाव झनै झनै टुक्रयाउदैछ । नेपाली भावनाको नेपाली जीवन ओतप्रोत भएपछि नेपाली राष्ट्रले आफनो वास्तविक स्वरुप प्राप्त गर्नेछ । राष्ट्रियताको विकास भनेको आ-आफनो रीति थिति, चलन चाँजो छोड्नु भनेको होइन । किनभने विविधताले नेपाली राष्ट्रियतालाई सौन्दर्य तथा चित्रमयता प्रदान भरी रहेछ । त्यसैले हामीले विविधता मन पराउनुपर्छ । अधिकांक्ष नेपालीका जीवनमा शिव भक्तिको प्रधानता हामी देख्छौं । तथाशिवको शक्ति कालीका पूँजाको पनि यस्तै लोकप्रियता छ । हिमालयबाट जीवनको आदर्श ग्रहण गर्ने नेपालीहरुमा कैलाश निवासी महादेव तथा हिमालयको छोरी पार्वती तथा उनैको अर्कोरुप कालीका शक्ति लोकप्रिय हुन यो जातिलाई सुहाउने कुरा छ । नेपाली राष्ट्र सैनिक जाति हुनाले शिव पार्वतीको उग्ररुप भैरव तथा कालीको लोकप्रियता पनि हामी यथेष्ठ रुपले विद्यमान छ ।

लिच्छवि राज्यका पतनको कारण लिच्छवि राज्य तथा सो राज्यका सामन्त राजाहरुको पारस्परिक कलह नै भएको प्रतीत हुन्छ । जुम्लाको मल्ल वंशको पतनमा पनि सामन्त राजाहरुको विद्रोह मूलकारण थियो । नेपाल उपत्यकाका अन्तिम समयका तीन मल्ल राज्यको पतनको मूल कारण पनि पारस्परिक कलहनै हो । सेनाहरुको पतनमा पनि पारस्परिक वैमनस्य तथा सामन्त सँगको मतभेदको ठुलो प्रभाव छ । सानो भूमिमा आफूलाई स्वतन्त्र ठान्ने धेरै राज्य भए भने पारस्परिककलह हुनु स्वभाविक छ तथा हाम्रो माध्यमकिकालको इतिहासबाट सो कुरा स्पष्ट रुपले चाल पाइन्छ । मुल राज्य जुनसुकै कारणले होस् दुर्वल भएपछि अधिनस्थराज्य आफु खुसी हुन खोज्थे । यस्तो स्थितिले उन्नति तथा विकासमा पनि ठुलो बाा पर्छ । ठुलो परिमाणमा कार्यान्वयन गर्न पर्ने योजनाहरु संभव वा सफल हुँदैनन् । यस्ता स्थितिमा कोही दुरदर्शी व्यक्ति जन्म्यो भने उसले यो अवनतशील स्थितिलाई मेटी यसका ठाउँमा प्रगतिशील तथा एकात्मकता बढाउने व्यवस्था स्थापित गर्न खोज्नु स्वभाविक हो । हाम्रो दशेमा पनि एकजना व्यक्ति अठारौं शताब्दिमा भए जसले यो

स्थितिको अनुपयुक्तता तथा सम्भावित हानी हुने कुरा बुझी पहाड खण्डलाई एक सुत्रमा बाँध्ने निश्चय गरे । ती महापुरुष आधुनिक नेपाली राष्ट्रका निर्माता पृथ्वीनारायण शाह थिए । आजको नेपाल पहाड तथा मधेशका संयोगले निर्माण भएको छ । हाम्रा मधेशका दाजुभाइ पनि हिमालयको दर्शन तथा सान्निध्यले गर्दा हिमालयबाट नै जीवनको आदर्श ग्रहण गरी आएका छन् । नेपालको एकिकरण मधेशको पनि विशिष्ट स्थान भएको हुनाले पहाड तथा मधेश यौटाले आर्काका विकासमा आफ्नै रीतिले सहायता गर्न सक्षम हुनु परेको छ ।

**प्राचीन नेपाल**

नेपाल उपत्यका :- शंवावलीमा नेपाल उपत्यकाको उत्तपत्ति सम्बन्धमा रोचक कथा पाइन्छ । वंशावलीकारका अनुसार यस उपत्यकाको उत्पत्ति नादह नामक सरोवरबाट भएको हो र यहाँ आउने प्रथम महात्मा विपश्वी बुद्ध हुन् । त्रेता युगमा महाचीनबाट मञ्जुश्री बोधिसत्वको आगमन भयो । केही समयपछि मञ्जुश्रीले नागदहको जल निकाल्ने बाटो कटुवालु नामक स्थापना बनाए । यस प्रकार स्वयम्भुको पहाड देखि गुहेश्वरीसम्म नगर बस्यो । वंशावली अनुसार पशुपतिको प्राचीन मन्दिर कुनै कारणले लडेर ज्योर्तिलिंगड पुरिएको थियो । यसै बीच नेपाल उपत्यकालाई दानासुरले पुःन जलमग्न गरे । पछि द्धारिकाबाट भगवान कृष्णको नेपालमा आगमन भयो र उनले चोभारु नामक स्थानबाट जल निकालेर दानासुरको दमन गरे । कृष्णको साथमा आएका गोपालहरुको बसोबास यहाँ भयो । वंशावली अनुसार ने मुनि गोपाल वंशका संस्थापक थिए । वंशावलीमा नेपा जातिका गोपालवंशी तथा महिपाल वंशी भनिएका आभीरहरु दुवै क्रमशः गाई भैंसी पालकको रुपमा काठमाण्डौं उपत्यका प्रवेश गरेका थिए । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार गोपाल वंशीहरु ईसा भन्दा ७०० वर्ष अगाडि विदेहबाट उकालोलागि सिन्धुलीको बाटो हुँदै उपत्यका प्रवेश गरेका हुन भन्नु भएकोछ ।

अन्तिम गुप्तवंशी गोपाल राजा यक्षगुप्तका सन्तान थिए । यसकारणले भारतबाट आएका अहीर (अमीर)हरुको शासन चल्न लाग्यो वंशावलीमा दुवै गुप्तवंशमा भएका राजाहरुको नाम दिएको छ । भुवनसिंहको समयमा नेपाल उपतयकामाथि किरातहरुले आफनो शासन कायम गरे । लिच्छविहरुको उपत्यकामा आगमनको समयसम्म उनीहरुको राज्य यहाँ थियो । लिच्छविकालमा शासकहरुले शासन गर्दा आफूहरु वर्णाश्रम व्यवस्थाको पालना गर्ने, धर्मशास्त्रहरुको आधारमा शासन गर्ने धर्म अर्थ, र कामबाट मोक्षतिर लागेका भनेर सबै जात जातिका जनताको कल्याण गर्ने गरेको तत्कालीन अभिलेखबाट थाहा पाइन्छ । तत्कालीन समाज अनुशासित थियो । जनताहरु सम्पन्न र सुखी थिए । लिचद्धविकाललाई स्वर्णयुग भन्ने गरेको अभिलेख पाइन्छ ।

वंशावलीमा उल्लेखित कुराहरुको सार यतीमात्र निः सन्देह रुपमा भन्न सकिन्छ कि लिच्छविहरुको आगमनको पूर्व नै ब्राहमण र बौद्ध धर्मको प्रभाव उपत्यकामा फैलिसकेको थियो । शंकरदेवको मृत्युपछि उनका छोरा धर्मदेव राजाभए । धर्मदेव दण्डनीति र कर्मकाण्ड जान्ने अत्यन्त धार्मिक राजा थिए । उनले धर्म बमोजिम नेपाल राज्यको रक्षा गरे । उनी पछि मानदेव ठुला विजेता मात्र नभई कुशल प्रशासक पनि थिए । यसै कारणले देशमा शान्ति व्यवस्था निकै सुदृढ रुपले कायम भयो । यस शान्तिले व्यापार आदि कार्यमा धेरै मदत पुऱ्यायो । मानदेवलाई विद्वानहरु प्रति असीम श्रद्धा थियो । चाँगुको स्तम्भ लेख प्रौढ संस्कृतमा लेखिएको छ । मानदेव प्रथम का पालामा बनेको चाँगु नारायणको मन्दिर अहिले विश्व संम्दामा सूचीकृत छ । शिवदेखि प्रथमलाई महासमान्त अंशुवर्माले सहायता गरेका थिए । उनको कार्यसित शिवदेव अत्यन्त प्रभावित थिए । सबै राजकाज प्राय अंशुवर्मा नै हेर्थे । अन्तमा अंशुवर्मा नेपालका महाराजाधिराज भए ।

अंशुवर्मा धेरै बहादुर थिए । उनले प्रजाहरुको सुखाकोलागि अथक कार्य गरे । देशमा शान्ति र सुरक्षाको राम्रो प्रबन्ध भयो । उनको यस टाढाटाढा ठाउँहरुमा पनि पुग्यो चीनी यात्री हेतुसंगले पनि यिनको विद्धत्ता र राजनीतिक कुशलताको उल्लेख गरेका छन् । अंशुवर्मामा अध्ययनशीलता धेरै देखापर्छ । उनले व्याकर्णको एक पुस्तक पनि लेखेका थिए । शिक्षाको प्रगतिमा उनको ठुलो अभिरूची थियो । उनले विद्वानहरुलाई निकै संरक्षण र प्रोत्साहन दिए । उनको समयमा संस्कृतिको निकै उन्नति भयो । अंशुवर्माको छोरी भृकुटी ताराले तिब्बतकाराजा स्रङचङ गम्पोसँग विवाह गरेकी थिइन । उनीले त्यहाँ बौद्धधर्मको प्रचार गरेको कुरा इतिहासमा वर्णन भएको पाइन्छ । भीमाजुर्नदेव पछि नरेन्द्रदेव नेपालका प्रसिद्ध राजा भए । चीनको ताँग वंशको इतिहास अनुसार नरेन्द्र देवका पितालाई उनका काकाले राजगद्दीबाट च्युत गरे र नरेन्द्रदेवले तिब्बतमा शरण लिनु पऱ्यो । कालान्तरमा तिब्बती राजाको सहायता लिई नेपालको राजगद्दीमा उनले अधिकार जमाए र महाराजाधिराजको उपाधी ग्रहण गरे । तिब्बतबाट प्राप्त सहायताको बदलामा नरेन्द्रदेवले कुनै शतृमाननु परेन । उनी स्वतन्त्र राजाका रुपमा देखिन्छन् । आफ्नो पूर्वजहरु जस्तै उनले प्रजाको सुखको लागि अत्यन्त ध्यान दिए । उनको समयमा ग्राम पञ्चायतलाई धेरै अधिकार प्राप्त भयो । ग्रामपञ्चायतको काममा हस्तक्षेप भएको कहिल्यै पनि देखा पर्दैन । ग्रामपञ्चायतबाट फैसला गर्न असमर्थता भएपछिमात्र राजा कहाँ मुद्दा मामिला जान्थ्यो ।

वंशावली अनुसार लोकेश्वर मत्स्येन्द्रनाथको नेपाल आगमन उनको समयमा नै भयो । मन्दिरहरुको जीणेद्धार र रक्षा गर्नकोलागि उनले अपार धनराशि दान गरे ।

नरेन्द्रदेव प्रसिद्ध कैलाशकुटू भवनीमा बस्थे[२] । उनको शासनको अन्तिम कालमा भद्रधिबास भवनू बन्यो । चिनियाँ राजदुतबाट यो कुरा पनि थाहा हुन्छ । तलेजु चोकको शिलालेखबाट यो कुरा पनि थाहा हुन्छ कि उनको प्रतिष्ठा समुन्द्रसम्म फैलिएको थियो । उनको शौर्य, उत्साह, पराक्रम, त्याग र प्रतापको उल्लेख शिलालेखमा पाइन्छ । आफनो सुखलाई पनि त्यागेर उनले सधैं अर्काको भलाई गर्नमा तत्परता देखाए । प्रजाहरुप्रति उनको स्नेह अपार थियो । यसै कारणले नेपाल त्यस बखतमा धन-धान्यले परिपूर्ण थियो । जयदेव द्वितीय पनि गुणी राजा थिए । बहादुरीको कारणले उनलाई परचक्रकाम पनि भनिन्थ्यो । धर्मात्मा हरुको रक्षा गर्नमा उनी सदैव तत्पर रहन्थे । सबैको शुभकार्यमा उनको सहानुभुति रहन्थ्यो । पशुपतिनाथको उनी परम भक्त थिए । विद्यानुरागी भएको हुनाले उनले शिक्षा कार्यमा

धेरै अभिरुची देखाए । उनी प्रख्यात कवि पनि थिए । उनको सहानुभुती र संरक्षणको कारणले संस्कृत भाषाको नेपालमा निकै उन्नति भयो ।

लिच्छविकालीन सामाजिक जीवन :- प्राचीन आश्रम संस्थामा मानिसको जीवन चार भागमा विभक्त थियो, लक्ष्मचर्य, गृर्हस्थ्य, वानप्रस्थर र संन्यास । सबै आश्रमको पृथक महत्व थियो । सबै आश्रम गार्हस्थ्यमा निर्भर रहेकोले त्यसको विशिष्ट स्थान थियो । जीवनको अन्तिम लक्ष्य मुक्ति प्राप्तिको लागि सँगै जन्मेका तीन ऋणबाट हुटकारा पाउनु आवश्यक थियो । यी तीन ऋण हुन पितृ ऋषि र देव । सन्तान उत्पन्न गरी त्यसको अध्ययन आदिको समुचित व्यवस्था गरेपछि मानिस ुपितृऋणबाट मुक्त हुन्थ्यो । वेदको अध्ययनले ऋषि ऋण र यज्ञले देव ऋणबाट मुक्त हुन्थ्यो । चागु नारायणको अभिलेखबाट यो थाहा पाइन्छ कि देवऋणबाट मुक्त हुन्थ्यो । चागु नारायणको अभिलेखबाट यो थाहा पाइन्छ कि मानदेव आफ्नो आमालाई भने ूमुमा, शुद्ध तपस्या गरेर म बुबाको अऋणि हुन हुन सक्दिन, तर उहाँको पाउको सेवा गरेर विधिपूर्वक (उहाँबाट) सिकेको हतियारको कामले अऋणि हुनेछु ।" उपरोक्त कुराबाट यो पनि थाहा हुन्छ कि हिन्दु समाजमा विवाह आवश्यक कार्य थियो । अभिलेखले यो प्रष्ट गरेको छ सम्पत्तिशाली व्यक्तिहरुमा बहुविवाहको प्रथा थियो । राजा मानदेवका तीन रानीहरु थिए । साधारण जनताको निम्ति संभवत एक विवाह नै आदर्श थियो । पुर्नविवाहको प्रथा पनि प्रचलित थियो ।[३] आफनो लोग्ने मरेमा, हराएमा संन्यासी भएमा वा पतित भएमा स्त्रीहरु पुर्नविवाह गर्न सक्थे । सच्चरित्रतामाथि बढी ध्यान दिइन्थ्यो ।

**नारीको स्थान**

लिच्छवि समाजमा नारीको स्थान उच्च थियो । उनीहरुको व्यक्तित्वको विकासकोलागि सबै व्यवस्था हुन्थ्यो । पशुपति सुर्यघाटको अभिलेखमा उल्लेख छ कि राजकुमारी विजयवनी विविध कलामा निपुर्ण थिइन । राजा मानदेव आफनी आमा राज्यमती सित महत्वपुर्ण कार्यमा सल्लाहलिन्थे । उनले आफनो मुद्रामा आफ्नी रानी भोगिनीको नाम अंकीत गराए ।

**शिक्षा**

यस कालमा शिक्षाको प्रचार विशेषरुपमा भएको थियो । वसन्तदेव र अंशुवर्मालाई शास्त्रहरुको अध्ययनमा अत्यन्क्त अभिरुची थियो । उनी दिनरात विभिन्न शास्त्रहरुको अध्ययनमा समय व्यतीत गर्थे । उनको विद्वन्ता यस दुरस्थ ठाउँहरुमा पनि पुगी सकेको थियो । चिनियाँ यात्री हेनसँगले उनको ुशब्द-विधाु नामक पुस्तको उल्लेख गरेका छन् । र्दुभाग्यबस यो महत्वपूर्ण व्याकरणको पुस्तक अहिले उपलब्ध छैन । जयदेव द्वितीय उच्च उच्चकोटीका कवि थिए । उनको कवित्व शक्तिको परिचय पशुपति शिलालेखबाट प्राप्त हुन्छ । उनका दरवारमा कवि बुद्ध किर्तिको स्थान महत्वपूर्ण थियो । शासक वर्ग शिक्षा विदभएपछि मुलुकको शिक्षा व्यवस्थामा पनि तदुसारको प्रभाव पर्ने नै भयो । सिलालेखमा राजाको तर्फबाट ुयज्ञ-भवनु र ुयज्ञिकु  शब्दहरु मेट्टाइएका छन् । यसबाट बुझिन्छ कि यज्ञ गर्न गराउनकोलागि यसको शिक्षा दिने व्यवस्था थियो । कलादिको शिक्षा पनि ज्यादै महत्वपूर्ण थियो । नेपालीहरुको कलामा दक्षता भएको उल्लेख हेनसंगले पनि गरेका छन् । भवन निर्माण कलातर्फ पनि मानिसहरुको उत्तिकै झुकाव थियो । मानगृह कैलाश कुट भवन र भद्राधिबास भवन आफनो विशालता र सौन्दर्यको लागि  अति प्रसिद्ध भए । चिनियाँ राजदुत महाराजाधिराज नरेन्द्रदेवको दरवार देखेर दंग भए । घरहरु प्राय काठका निर्मित हुन्थ्ये र तिनमा बुट्टाहरु काट्ने काम पनि गरिन्थयो । भित्ताहरुमा चित्र पनि बनाइथ्यो । मन्दिर, चैत्य, बिहार आदि बनाउने कार्यमा नेपालीहरु साह्रै नै दक्ष भएको देखिन्छ । औषधि विज्ञानमा पनि मानिसहरुको उत्तिकै ध्यान थियो । नेपालमा बनेका औषधि भारतीय बजारमा पनि वेचिन्थ्यो । मगध-संम्राट आजत्तशत्रुको समयमा ूनेपालगोट चूर्णू को उल्लेख भेट्टाइएको छ ।[४]

**केही विशेषताहरू**

विश्वमा नेपालको परिचय गराउने कैयन विशेषतापूर्ण कुराहरू मध्ये केहीको चर्चा गरिएको छ ।

**कुशल योद्धा**

दोस्रो विश्व युद्धमा गोरखकालीका ४० वटालियनले लडेका कतिपय क्षेत्रीय युद्ध र राष्ट्र रक्षामा बीरयोद्धा सावित भएको गोरखाली नामले प्रसिद्ध भए । बहादुरी बापत ब्रिटिश सेनाका १३ जना नेपालीले भि.सी. (भिकटोरिया क्रश) प्राप्त गरेका छन् ।

**ठुलो गुरास**

लाली गुरासको सबभन्दा ठुलो फुल इलामको मंगलबारेमा फुल्ने मानिन्छ । करिब १८२५ मिटर उचाईमा रहेको यो ठाउँमा १८ मिटर अग्लो लालीगुरासको रूख पाइन्छ ।

नेपालमा अनेकौं जीव- जलवायाव्यिक प्रदेशहरू भएकाले यहाँ ७००० भन्दा बढी वनस्पति प्राप्त छन् । त्यसमा करिब १०० जाति वनस्पति अन्यत्र नपाइने प्रकारका छन् ।

**सर्वोच्च धानखेत**

नेपालमा अत्याधिक उचाईमा धानको खेती गरिन्छ । जुम्लाको जिउलामा करिव २८५० मिटर उचाईमा एक प्रकारको धान ( कालीमार्सी) खेती गरेको पाइन्छ ।

धान नेपालको भू- भागभित्र नै उत्पत्ति भएको अनुमान छ । यहाँ पाइने सामरी लगायतका कतिपय धानका बिरूवा जंगली अवस्थामा देखिएकाले नेपाल धानकोलागि महत्वपूर्ण स्थान मानिन्छ ।

**अद्वीतिय चरा**

संसारमा अन्त कतै नपाइने काँडे भ्याकुर (स्पाइनी व्यावलर) नेपालमा छ । यो चाचर र भ्याकुरोको बीच वर्गमा पर्दछ । फडानी गरेपछिको स्याङमा बस्ने यो चरो मिठो बोल्न र अरूचराको नक्कल (अनुकरण) गर्न सिपालु छ । कीरा ऐसेलु जस्तो सानोफल खान्छ । यो ३००-२०० मि. को उचाई बीच बस्छ । यो चरा ललितपुरको चापागाउँ र बर्दियामा पाइन्छ ।

**सर्वोच्च स्थलबासी चौपाय**

नेपालमा करिब २००० जातका जनावर छन् । चौरी गाई(याक) नेपाल हिमालको ६,१०० मिटरतिर चर्ने बस्ने गर्दछन् ।

नीलो भेडा पनि निकै उच्चस्थलको रूख बिहीन पाखामा चर्दछन् हिम चितुवा पनि ६,१०० मिटरका हिमाली भेकका ४,६०० पाखामा बस्छन् ।

**दुर्लभ गाइने कीरा**

नेपालमा दुई जातका गाइने किरा क्रमश आप्टोमास्टर नेपालेनसिस्स नेपालमा प्राप्त छ जुन अन्यत्र छैन ।

**सर्वोच्च स्थलीय माछा**

नेपालमा ३,३५३ मिटरसम्मको उचाइमा माछा भेटिएको छ । मुगुको उक्त उचाईको रारादहमा रहेको छ । अत्यधिक उचाईमा माछा अन्यत्र भेटिदैन ।

**सर्वोच्च अधिबास**

विश्वको सबभन्दा उचाईमा उपस्थित मानव अधिबास तिब्बतमा ६,५४६२ मि सम्म गोठालाको अस्थायी बास र कश्मीरमा ५१५५ मि. बौद्ध गुम्बा भेटिए पनि स्थायी उच्चतम मानवबस्तीको अधिकता नेपालमा छ ।

**बौद्ध कीर्ति**

विश्वमा सबभन्दा बढी मुर्ति नेपाल पुत्र गौतम बुद्धको बनेको छ । बुद्ध मूर्ति पूजाको प्रचलनले मात्र होइन बुद्धको मूर्ति शान्तिको प्रतीक समेत भएकाले विभिन्न मुद्रका अनगिन्ती बनेका छन् ।

**शिघ्रतम लेखन**

बेल्जियमका सिमेनोनले ८ दिनको २०० पृष्ठ उपन्यास लेखेर (ग्रीनीज १९७५ ई) रिकर्ड राखे भने १० दिनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले १०३९ श्लोकमा ३१३ पृष्ठको सूलोचना महाकाव्य लेखेका छन् ।

**आनन्द नै आकाश, आकाश नै आनन्द**

प्राचीन इरानमा आर्यहरू थिए रे त्यहाँ सोमरसलाई लिएर आर्यहरूका दुई पक्षका बीच झगडा पऱ्यो एउटाले भन्यो होम हवन यज्ञ र “पूजाँको समयमा सोमरस पान गर्नु उचित हुँदैन” यहि विषयमा दुई पक्ष बीच झगडा पऱ्यो । यो झगडा पछि सोमरस पान गर्नु पर्छ भन्नेहरू युरोपतिर गए । आर्यहरूमा दुई भेद देखियो एकथरी युरोपियन आर्य अर्कोथरी असुर (इरानीयन) अर्को थरी मध्य एशियायी आर्य सो अन्तर्गत पनि दुई भिन्नता पाइन्छ एकथरी असूर (इरा नियन) अर्कोथरी देववादी यसरी विभेद देखिनु माथि भनिएझैं सोमरस सम्बन्धी विवादै हो वा सिन्धु उपत्यका जलमग्न हुँदा वेदवादी भारत (पूर्व) तिर अर्को थरी ठूली समुह इरान हुँदै युरोपति लागेको देखिन्छ । वास्तवमा जो कोही थरीकाले एकै आर्य जाति खैबर घाँटी पार गरेर वास्तवमा जो कोही थरीका आर्यहरूले जे जस्तो संस्कृत अपनाए पनि वेदलाई मान्ने गरी मोलिकता अपनाएको हुनुपर्छ। बैदिक साहित्यको यथार्थ वोध गर्न शब्दको अर्थ समय सापेक्ष रूपमा व्याख्या गर्नु पर्ने हुन्छ जस्तै संस्कृत शब्दमा गो को अर्थ गाई हो । र ज्योति पनि हुन्छ । त्यसैले वेदले गाईको पुच्छर समातेर वैतरणी पार गर्नु भनेको होइन आत्मा ज्योतिलाई समातेर सांसारीक कष्टबाट पार हुनुपर्ने तत्व हो, त्यसैले ज्योतिबाट पार हौं भनिएको हो । उपनिषदमा भनिएको क तदेव । यदेव ख यदेव अर्थात जसालाई आनन्द भनिन्छ । त्यहिनै आकाश हो । र जसलाई आकाश भनिन्छ त्यहि नै आनन्द हो । आकाश स्वरूप परमात्माबाटै सबै आनन्द आउँछ । जिन्दगीभरको साधनाले यो क र ख दुईवटा अक्षर बुझिदिए मात्रै मानव जीवन सफल हुन्छ । क भनेको आनन्द अक भनेको तिरानन्द न, अक भनेको आनन्दअर्थात मनुष्यको इन्द्रियहरूमा नाक सबैभन्दा माथि छ । नाकभन्दा माथि अध्यात्मिक तत्व छ । नाक भन्दा तल अरू इन्द्रियहरू छन् । तसर्थ मानिसले भने नाकभन्दा माथि जानुपर्छ । नाकभन्दा माथि परमआनन्द छ । त्यसैले अनासा भन्नुको अर्थ हो जसको आनन्द छैन अर्थात नाक छैन । नाकै छैन भन्नुको अर्थ युरोपियनहरूले चेप्टेनाक भएकाहरू भनेर व्याख्या गरेका छन् । तर त्यसको आशय युरोपियनहरूले व्याख्या गरे जस्तो होइन । वैदिक स्तरको हो ।

अध्यात्मिक उच्च शिक्षा नपाएका व्यक्तिहरू निरानन्दमा बस्छन् । तिनीहरूलाई अनासा अनार्य, दस्युनानाथरी नामले सम्बोधन गरिएको हुन्छ । कुनै समाजमा शतप्रतिशत मान्छे शिक्षित हुँदैनन संभव पनि हुँदैन । कोही मान्छे भर्खर मानवको रूपमा अवतरण गरेको छ भने उसको चेतना नै धेरै उन्नत हुनुपर्छ र शिक्षाकालागि उ लायक बनेको हुन्छ । कोही मोन्छे चेतना अवश्यनै धेरै उन्नत हुनुपर्छ । र शिक्षाकालागि उ लायक बनेको हुन्छ । नेपाललाई शिवजीको निवास भूमि भन्ने प्राचीनकालदेखिको चलन छ । एक हिसाबले तन्त्रको उत्पति नेपालबाटै भएको हो भन्ने बुझिन्छ । कामाक्ष्या तन्त्रमा पार्वतीले शिवजीलाई तन्त्र साधनाको उपयुक्त सिद्धि पीठहरू कुन कुन हुन भनी सोद्धा विशजीले सबभन्दा पहिले नेपालको नाम लिनु भयो भनिन्छ ।

हिन्दु आफैंबाट उत्पन्न शब्द हो डा. स्वामीचन्देश (तरूण साप्ताहिक २०६९।२।१) पृष्ठ ७ मा

हिन्दु आफैंबाट उत्पन्न शब्द हो डा. स्वामीचन्देश (तरूण साप्ताहिक २०६९।२।१) पृष्ठ ७ मा

वैदिक संस्कृति र खस जातिको संक्षिप्त वर्णन - दामोदर पोड्याल पृष्ठ ४ मा

कर्णाली लोक सस्कृति खण्ड एकको, पृष्ठ ११२

**दिव्य सन्देश**

विश्वमा प्रचलित धर्महरुमावैदिक सनातन (हिन्दु) धर्म सबैभन्दा प्राचीन धर्म हो । संसारमा झण्डै सवा दुई अर्ब जनताले यो धर्म मान्ने गर्दछन । हाम्रो देश नेपाल वेदभूमि, देवभूमि, ऋषिभूमि, तपोभूमि, पुण्य भूमि र साधनाभूमि पनि हो । राष्ट्रदेव प्रभु परमात्मा परमेश्वर, पशुपतिनाथ भव्य ज्योति स्वरुपमा प्रकट हुनु भएको अति पवित्र पावन भूमिलाई जगत प्रसिद्ध पाशुपत क्षेत्र पनि भन्ने गरिन्छ । सत्ययुगमा नेपालको नाम सत्यवादी त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा अलकापुरी, कान्तिपुरी र नेपाल भनियो । नेपालमाता पार्वतीको जन्मभूमि आँसुतोष भगवान शिवको विहारभूमि गिरिराज नन्दिनी उमाका सुपुत्र श्री गणेशका सुपुत्र देवान्तक र नारान्तक तथा श्रीमतीहरु ऋद्धि सिद्धि र षष्टीकी देवीको जन्म भूमि पनि यही हो । महान ऋषि बाल्मीकी यज्ञबल्कय र वेदव्यासको देश नेपालका हिमालय, नदी खोला र पहाड तथा डाँडाहरु सबै ऋषिका आश्रम हुन भन्ने कुरा अध्यात्म शास्त्रले बताएको छ । उच्च हिमाली क्षेत्रदेखि तराई र पूर्वमेचीदेखि पश्चिम महाकाली पारी सम्म अनेकौं तीर्थस्थल र धार्मिक सम्पदाहरु हजारौं रहेका छन् । एकतीससय हिमवत् टाकुराहरुले सजिएको अत्यन्त्य सुन्दर मनमोहक प्राकृतिक सम्पदाले भरिएको नदीनाला पशु र पन्छीको गुन गुनाहरुको वर्णन भनिसाध्य नै छैन । प्राचीन समयमा ऋषिमहर्षि तथा योगी विदुषी, साध्वी र प्रतापी राहरुले आफ्नो तपोबल द्वारा देवीदेवताहरुलाई साक्षात्कार गरी शक्ति (सिद्धि) प्राप्त गर्थे । यो विश्व महाब्रहमाण्डमा, दुई अर्वभन्दा बढी पृथ्वीभन्दा ठुला साना पिण्ड अनन्त आकाशमा आआफ्ना कक्षमा सक्रिय छन । यसको संक्षेपमा व्याख्या वेदादीशास्त्रले गरेको छ ।

जीव, जीवात्मा र जगतको धर्मले सृष्टिको उषकालदेखि मानव कल्याण, वनस्पती तथा विश्वशान्ति र अहिंसाको नारा त धन्काएको भए राउटेले गुना वादर खाए जस्तै आफूलाई वादर भालुका सन्तान भन्ने काला र सेताजाती अहिले धर्तीमा शेष पनि बाँकी रहँदैनथृ , यथार्थमा स्वास प्रस्वास धारी मानव भावना विचार र तर्क शक्ति प्रधान पशु नै हो । कतिपय स्थितिमा मानिसले पशुस्वभाव नदेखाउने पनि होइन । तथापि मनुष्य उन्नति गर्ने शक्ति राख्दछ । ईश्वरले सृष्टि पश्चात वेद नदिएको भए जीव, जीवात्मा र जगतको रक्षा गर्ने कर्तव्या कर्तव्यतको बोध मनुष्यमा हुँदैनथ्यो । मानव धर्म निरपेक्ष रहन सकदैन किनभने धर्म नै आनन्दप्राप्तीको एक मात्र बाटो हो । त्यसैले आनन्दको मुल भनेको परमात्मा हो । अध्यात्म शास्त्र र धार्मिक सम्पदा पनि मानव जीवनको निम्ति अपरिहार्य हुन् । धर्म अर्थ, काम र मोक्षतर्फ डोऱ्याउने निगम शास्त्र वेद नै हो । नेपाल मानव सभ्यताको उद्‌गम स्थल मानिन्छ । हिम्बतखण्ड नेपालको विषयलाई लिएर वशिष्ट उपनिषद्‌म ऋषिले उल्लेख गरेका छन्, भारतखण्डे उत्तरायणे हिमालय नटे स्वर्णभूमि स्वर्गभूमि । कालीदासले पनि कुमार संभवको पहिलो श्लोकमा हिमालय पर्वतको पूर्वदेखि पश्चिम सम्मनै यो आर्यभूमि हो भनेका छन् । हिमबत्‌खण्ड नेपालका विभिन्न टुक्रामा विभाजित हुँदै आएको अवस्थामा चन्द्रगुप्त द्वितीका छोरा समुन्द्र गुप्तको प्रयाग (भारत)को अभिलेखमा कामरुप (आसाम) र कर्कपुर (कुमाउँ र गडवाल क्षेत्र सबै) को बीचको देशलाई नेपाल भनी लेखिएको छ । त्यो पुण्यभूमि हिमबत्खण्ड नेपालको महत्वलाई भारतखण्डले ठुलो महत्व राख्दै आएको छ । कैलाश मानसरोवरदेखि गंगासम्मको भूभाग हिमबत्खण्ड हो ।

**नेपाल महालय (स्कन्द पुराण)**

नेपाल क्षेत्र अनादिकालदेखि तपोभूमि रहँदै आएको हो । यस क्षेत्रमा धेरै महापुरुषहरुले जन्म लिई आफना ज्ञानले अरुलाई पनि मद्दत गरेका छन् । उदात्ततपस्वीहरुकै लिन सकिन्छ । स्कन्द पुराणमा नै भनेको छ ।

**जैमिनिरुवाच**

नेपाल च महाक्षेत्रे मुक्ति मुक्तिफल प्रदम् ।
वदतत् कोदृशं क्षेत्र श्रोतुमुन्सुकित मनः ॥५॥

**मार्कण्डय उवच**

नेपाल क्षेत्र महात्म्य शुणुसावहितो मुदा
पीठानां परमं पीठ क्षेत्राणी क्षेत्रमुत्तम ॥ ६॥

अर्थात भक्ति मुक्ति फलदिने महाक्षेत्र (ठुलो तीर्थ) नेपाल कस्तो क्षेत्रमा पर्दछ वताउनुहोस् भनी जैमिनीले प्रश्न गर्दा र्माण्डेय मनुले दिएको जवाफमा पीठहरुमा पनि ठुलो पीठ मानिने क्षेत्रहरुमा पनि ठुलो क्षेत्र मानिने नेपालको महात्म्य भनेका छन् । महापुरुष बन्नलाई कुनै न कुनै व्यक्तिको अति महत्वपूर्ण सहयोगको आवश्यक पर्दछ । तपस्वीहरुको त कुरै अर्को छ । एक तपस्वीले आफ्नो तपोवलका द्वारा प्रशस्त अनुयायीहरु तयार गर्दछ । केही कालपछि आफनो र आफना गुरुको नाम समेत अमर गराएका प्रशस्त अनुयायीहरु तयार गर्दछ । केही कालपछि आफनो र आफना गुरुको नाम समेत अमर गराएका प्रशस्त उदाहरणहरु पाइन्छ । त्यसता उदाहरणहरुमा स्वर्गद्धारी महाप्रभुका गुरु श्री १०८ हंसानन्द स्वामी परमहंसलाई नै लिन सकिन्छ । यस्ता अरु धेरै तपस्वीहरुको पनि नाम लिन सकिन्छ खतडबाबा, शिवपुरी बाबा, रामनाथ अघोरी बाबा आदि । रेसुङ्गगाका स्वामी सन्त शशिधरका संगतबाट ती पण्डित पशुपति पौडेल ( हंसानन्द) यति प्रभावित भएका थिए  की उनको अस्थिर मन समुन्द्रको पीधको जलकैझैं स्थीर हुन गयो । यो ब्रहमाण्डीय संसार एउटा शक्तिको प्रेरणाबाट अर्को शब्दमा अनन्त शक्ति केन्द्र हो । त्यही शक्तिको प्रेरणाबाट ब्रहमाजीले सृष्टि गरेका मानस पुत्र मध्यकै एक हुन कस्यप ऋषि । जम्बुद्विप क्षिरोद समुद्र (प्रशान्त महासागर) ले बेस्ठित छ । हामी रहेको यो द्वीप लक्ष योजना ठुलो छ । यो कमलको गट्टा जस्तो गोल छ । यसरी पृथिवी सृष्टि गरी फेरि अष्ट पर्वत सृष्टि गर्ने क्रममा प्रजापतिले पहिले सुमेरू पर्वत सृष्टि गरे । उनले मनुष्य सृष्टि गर्न दिव्य १२००० वर्षसम्म कष्टसाथ महादेवको तपस्या गरे । महादेव खुसी भै उहाँबाट वरदान प्राप्त भएपछि ब्रहमाले प्राणी सृष्टि गरे । फेरि सुमेरू पर्वतको पूर्व दिशामा अमरावती (स्वर्ग) सृष्टि गरे । त्यसपछि कस्यप प्रभृति एक शय ऋषिहरु उहाँबाट मनले

चिताउदैमा सृष्टि भए। ब्रहमाले सबैभन्दा माथि धर्मलोक शिवलोक विष्णुलोक ब्रहमलोक सृष्टि गरे। फेरि सुमेरु पर्वतको पूर्व दिशामा अमरावती (स्वर्ग) सृष्टि गरे। कस्यप ऋषिका तेह्र पत्नीहरु थिए। ति मध्ये द्वितिका गर्भ देखि हिरण्य कशिपु प्रभृति दैत्यहरू जन्मे भने अदितिका गर्भदेखि चन्द्र सुर्य इन्द्र प्रभृति तेतिस्कोटी देवताहरु जन्मे। दनुका गर्भ देखि दानवहरु जन्मे। तिनै स्त्रीहरुको गर्भबाट पशुपन्छी सृष्टि भए। मनुका गर्भदेखि ब्राहमण, क्षेत्री, वैश्य, र शुद्र यति चार प्रकारका मनुष्यहरु जन्मे। कपिलाको गर्भदेखि कामधेनु सिंह शार्दुल बाघ, हात्ती घोडा, मृग जरायो गैडा खरायो प्रभृति पशुहरू जन्मे। पशुहरू पनि कश्यप ऋषि कै सन्तान हुँदा सबै पशुहरु कश्यप गोत्री भए। बलिष्टा बीनताका गर्भदेखि अरुण सम्पत्ति मुजुर कोकिल चखेवा मुनिञा धोबिनी राजहंस प्रभृति पन्छीहरू जन्मे।

कस्यप ऋषिका पुत्र इन्द्रले हिमालय पर्वतमा गई धेरै कालसम्म कष्ट गरी महादेवको तपस्या गरे। महादेव सन्तोष भई इन्द्रले पूर्वदिशाको दिकपाल भै अमरावतीको अधिपति भए। कैलाश भुवनमाथि महादेव छन। स्कन्द भुवनमा म छु भनी स्कन्द कुमार स्वंमले बताएको कुरा स्कन्द पुराण केदार खण्डमा उल्लेख छ। यस प्रकार देवता ऋषि यक्ष गन्दर्भ किन्नर राक्षस अप्सरा नाग मनुष्य पशुपन्छी सृष्टि भए। ब्रहमाले यिनैहरुलाई आहारा सृष्टि गरे। जगतको उत्तपत्ति वर्णन ज्ञान, कर्म र उपासनाको चर्चा अनादिकालीन वेदमा उल्लेख गरिएको छ। वेद एउटा संहिता हो। धेरै पुरानो कथाहरु शङ्कलन गरिएको हुँदा पुराण भनिएको हो। त्यसैले अनादि काल देखिको वेद पहिलो पुराणै हो। आजको मानव विकासको नालिवेली नजानी हाम्रो सृष्टिको वर्णनको जानकारी हुन अत्यावस्यक भएको हो। अब दिग्पाल भएका कुरा कहन्छु। कस्यप ऋषिका पुत्र इन्द्रले हिमालय पर्वतमा गई धेरै कालसम्म कष्टसाथ तपस्या गरे। श्री महादेव सन्तोष भइ हेइन्द्र तिम्रा भक्ति देखि म सन्तोष भएँ भनी वरदान दिइकन पूर्व दिशाको दिग्पाल भयस भनी अमरावतीको दिग्पाल गरी पठाए।

### नेपाली जातिमा मानवीय संसाधनको विकास

### राउटे समाज

राउटे जातिहरू अहिलेसम्म (२१ औं शताब्दीमा) पनि जङ्गलमै बस्न रूचाउँछन। राउटे समुहको मुख्य नाइके (राजा) शाहीथरको रहेको देखियो। समुहबाट चुनेको राउटे महिलालाई स्याउलाले छाएको स्याउले छाप्रो (घर) बाट निस्कन (जान) नदिने। गैर राउटेहरुसँग बोल्न नदिने प्रचलन छ। महिलालाई भाडा वर्तन बनाउने काठ खोज्न वन (जंगल) मा जान पनि दिइँदैन। एक सय ५० जानाको समुह यो जाती सानो समूह ४०।५० परिवारको छ। र, मध्य पश्चिममाञ्चल नेपालको जंगलमा रहेका छन। उनीहरु दाङ, र सुर्खेत जिल्लामा रहन्छन्। मुखिया (नाइके) को आदेशमा यो जाति एकतावद्ध हुँदै आएका छ। वनमै बस्ने वनमै डुल्ने समूह गुनाइ वानरहरुको शिकार गरी खाने गर्छन। मान्छेकै पुर्खा भएपनि मारेर खाने चलन छ। मुखियाको हुकुममा जाति हितमा सदस्यहरु समर्पित हुने स्थितिको परम्परा छ। राउटेमा पनि गुट उपगुट शीर्षकको समाचार कान्तिपुर दैनिक २०६८।९।२१ मा मुख्य पृष्टमा समाचार छापेको थियो। राउटेहरू सहयोग जुटाउँदै हिडेका थिए, उठेको केही रकम मुखिया ऐन बहादुर शाहीले हिनामिना गरेको आरोप लाग्यो। र गत वर्ष फागुनमा उनी हटाइए। मेन बहादुर। नयाँ मुखिया बने। ऐन बहादुर शाह खेमाले मैन बहादुर शाहलाई स्वीकारेनन्। कतिपयले उनले भनेको टेर्न छाँडे फसादमा परे नयाँ मुखिया। उनी भन्थे मलाई असहयोग भएको छ। पूर्व मुखियाले छुट्टै गुट बनाएको छ, मैले भनेका मानेका छैनन्। जनता पनि उनीसँगै विभिन्न गुटमा बाडिएका छन् नयाँ मुखिया भन्थे। गलहत्याइएका ऐन बहादुर शाही भन्छन, अरु मुखिया भएको थाहा छैन। मुखिया मै हुँ। सबै अधिकार मेरै छ। कसैले मैन बहादुरलाई बनायो तथा हामीलाई थाहा छैन। यसरी एउटै जातिमा गुट उपगुट देखियो।

### पौराणिक फाल

हामीले पुराणका कथाहरुमा या वेदमा अनगिन्ती रुप र नामका जुन देवीदेवताहरुका कथा सुन्दै आएका छौं ती यसै धर्तीको विभिन्न ठाउँमा थिए या पृथ्वी बाहिर अरू अरू लोकमा थिए। यसबारे यथार्थ कुरा जान्ने इच्छा मानिसमा प्राचीन कालदेखिनै जाग्दै आएको हो।

मानव समाजको जसरी विकास भयो, त्यसैका समानान्तर देवी देवता सम्बन्धी धारणको पनि विकास भएको देखिन्छ। मानव समाज आदि अवस्थामा सबै ठाउँमा गण समाजमा बाधिएको थियो। अर्थात त्यहाँ एक एक व्यक्तिको चर्चा नभई सिंगै गण या दलको चर्चा हुन्थ्यो। त्यसरीनै प्राथमिक चरणका देवी देवताका गणहरुको चर्चा हुन्थ्यो। जस्तै आठ मातृका नौ दुर्गा एघार रूद्र आदिका तरिकाले तेतीस कोटी (प्रकार वा श्रेणी) का रूपमा गणना हुन थाल्यो। यो गणना को संख्या अहिलेका तीन गण राउटे, मुगरात, बीस जाते गुरूङ आदि भने जस्तै। मानिसका प्राचीन पुर्खा प्रकृतिको काखमा वन जंगलमा घुम्थे। त्यसैले उनीहरुले आफुलाई सहयोग गर्ने जीवन दिने प्रकृतिक विभिन्न पक्षलाई देवता मान्थे जस्तै वनदेवी, वन झाँक्रि खोलापार वेवी आदि हामीले नेपालका गाउँ गाउँमा थपिएका धौराली देख्छौं। हाम्रो अहिलेका गाउँ त जंगली अर्ध जंगली युग पार गरी कृषिको युगमा आएको छ। सहर बजासँग तिनको सम्बन्ध छ। नदीहरूको पानीबाट उनीहरूको जीवन चल्यो। पानी बिना संभवै हुँदैन थियो। त्यसैले उनीहरुले गण्डकी कोशी गंगा जमुना आदिलाई देवता मान्न थाले। पृथ्वी भूमिले जीवनकालागि चाहिने अन्न आदि सबै कुरा दिन्थ्यो। त्यसैले पृथ्वीमाता भनेर मात्र पूँजा गरेका भन्न मात्र मिल्दैन किनभने हाम्रो प्राण नै अन्नमय कोष विना संभव हुँदैन, जुन अन्न दिने भूमिसँग प्रत्यक्ष संबन्ध राखेको छ। गाईले दूध, दही, ध्यू आदि दिन्थिन गाईमाता लक्ष्मी भनेर पूँजा गर्दै आएको हो। वर पिपले समी आदिले छहारी र प्राणवायु दिन्छन् तिनलाई देवता मानी रोपी चौतारी बनाई पूँजा गर्न थाले। हिन्दु संस्कृतिमा वर पीपलको विवाह गर्ने पनि गरिआएको छ। कुनै पुर्वजबाट आफनो बंश चल्यो, तिनलाई आदि पिता कुलदेवता भनेर पुज्न थाले।

समाज एकदमै प्रारम्भिक भएको अवस्थामा जोडी विवाहको चलन थिएन। त्यसैले सन्तानले आमा चिन्थे बाबु चिन्दैन थिए। त्यसैले मानिसको उत्पत्ति आमाबाट भएको हो भन्ने धारणा चल्यो। आदिम समाजमा मातृका (देवी) हरुको पूँजा बढी हुन्थ्यो। हामी जति अविकसित गाउँतिर जान्छौं त्यहाँ देवीहरुको पूजा बढी भएको देख्छौं। अधिकांश नेपालीले मनाउने सबभन्दा ठूलो चाड दशैं हो। दशैंमा

नव दुर्गा (नौ वटा देवी) को पुजा हुन्छ । आदिम समाजका मान्छे सिकार खेलेर जीवन चलाउँथे । त्यसैले प्राचीन देवीहरुलाई पशुवली दिने चलन अझै बाँकी छ । जंगली समाज विकसित भएर खेतीपातीको युगमा आएपछि जोडी विवाहको चलन आयो । सबले आफना बाबु पनि चिन्न थाले । त्यसपछि बल्ल पुर्खाका रुपमा पुरुषलाई पनि पूँजा गर्न थालियो ।

गणेशलाई शिव पार्वतिको छोरा त भनिन्छ तर वास्तवमा उनी पार्वतीका छोरा हुन, शिवका छोरा होइनन् । त्यसैले पुरूष देवताका रुपमा शिवका भन्दा पहिले गणेशको पूजा हुन्छ । शायद त्यसैले शिवले गणेशको पूजा गरेको पट (तस्विर चित्र) लेखकले देखेको जुन स्वभाविक थियो । गणेश भन्दा पहिले मातृ प्रधान समाज थियो । गणेशबाट पितृप्रधान समाजको सुरूवात भयो । त्यसैले उनलाई गणपति गणनायक भनिन्छ । प्राचिन देवी देवता समाज विकासको कुन कुन चरणमा थिए भन्ने कुरा तिनीहरुका हतियार आहार विहार गहना वाहन झन्डा (ध्वजा) मातृयुगकी देवीहरुमा काली महाकाली चामुण्डा जस्ता नाम पुराणमा पाइन्छ । कालिका पुराण अनुसार कालीदेवीका हतियार तरवार ढाल पास (पासो) को डोरी थिए । तिनीहरु मानिसको टाउकाको माला लगाउँथे । बाघको छाला बेर्थे । मार्कण्डेय पुराण अन्तर्गत दूर्गा सप्ताप्त सती अनुसार चामुण्डा देवीले चण्ड-मुण्ड दैत्यहरू सितको लडायीमा दैत्यका सैनिकहरुको रगत पिएकी थिइन, मासु खाएकी थिइन । शिवको हतियार त्रिशुल थियो । उनले हात्ती र बाघको छाला पहिर्थे साढे वाहन थियो । विष्णुको हतियार चक्र र गदा थियो । गणेशको हतियार वञ्चरो अंकुश र पास थियो । यि कुराहरूबाट आदिम असभ्य जंगली युग देखी सभ्यताको युग आरम्भ सम्मका दृश्य देखापर्छ । आदिम जंगली (कविला) युगको कविलाहरु बीच लडायी चल्दा शत्रु पक्षका मानिस मारिएपछि तिनको रगत र मासु पनि खाने चलन थियो भन्ने संकेत हुन यी । मान्छेको बली दिएर त्यसको मासु खाने चलनको अवशेष अहिले सम्म पनि विश्वमा कतिपय कविलाहरुमा बाँकी रहेको देखिन्छ ।

हिमाली क्षेत्रको सन्त शिवजी सँग पार्वतीको विवाह भयो । भर्खर विवाह प्रथा चलेकाले त्यसबेला पति र पत्नीको महत्व बराबर थियो । तर कतिपय कुरामा शिव भन्दा पार्वती शक्तिशाली भएको देखिन्छ । शिवको वाहन साँढे तर पार्वतिको बाहन सिंह या बाघ देखिन्छ । त्यसो भएतापनि शिव पार्वतीको अर्धनारीश्वर रुपले महिला र पुरूषको समान शक्ति र मर्यादा भएको तर पितृ सत्तातिर युग अघि बढनबाट अझै व्यवहारिक भैसकेको देखिँदैन । शिवको मुल भुमि कैलाश पर्वत भएको हुनाले उनलाई कैलाशपति भनिएको सर्वविदित छ । मानसरोवर जस्तो सिन्धु, गंगा र ब्रहमपुत्र नदीहरुको स्रोत भएको ताल नजिकको विशाल सुन्दर कैलाश शिवको प्रमुख धाम मानियो । तर फलफुल सिकार अन्न आदिका दृष्टिले कैलाश भन्दा तलक हिमाली क्षेत्र विशका विचरण क्षेत्र बने । नेपाल शिवभूमि (पशुपति क्षेत्र) का रूपमा विख्यात भयो । पुराणहरुमा एउटा कथा छ - काशीका भक्तहले शिवलाई निम्तो गरी अनुरोध गरे विकट हिमालीक्षेत्र भन्दा यहाँको समतल ठाउँ गंगाको किनारमा बस्न धेरै सजिलो छ । यतै स्थायी बसोबास गरौं । शिवले भने हिमाली ठण्डा ठाउँमा बस्ने मान्छे यस्तो गर्मीमा बस्न गाह्रो पर्छ । शिवलाई गर्मीबाट जोगउन जलधाराको व्यवस्था गरियो र त्यसैबाट रूद्रीपुँजामा जलधाराको चलन चल्यो । काशीहुँदै शिव संस्कृतिको एशियाव्यापी बन्दै गयो । वरूणको मुख्य क्षेत्र भूमध्य सागर हो । जुनबेला बैदिक संस्कृतिको मुल केन्द्र सिन्धुप्रदेश तक्षशीलातिर थियो, त्यबेला उनीहरूले मानेका आठ दिशाका दिकपाल देवतालाई यसरी सम्मान गर्थे । पूर्वे इन्द्राय नमः पश्चिम वरूणयनमः उत्तरे कुवेराये नमः ईशाने ईशानाय नमः आग्नये अग्नये नमः नैऋत्ये रूदाय नमः वायव्ये वायवे नमः वरूण बाह्र आदित्य गणमध्ये एकका नायक थिए । इन्द्रको मुलभूमि मध्य एशियाको सुमेरू प्रदेश (पामीर क्षेत्र) हो । घुमन्ते ऋग्वैदिक आर्यको अगुवाई गर्दै उनी पश्चिमको बाटो सिन्धु प्रदेशतिर आए । वैदिक युगमा विभिन्न ठाउँका प्रभावशाली राजाहरुले ठुला ठुला यज्ञ गरी ऋषिहरुद्धारा ऐन्द्राभिषेक गराई इन्द्रको पद्धारण गर्थे । सबभन्दा प्रमुख ईन्द्रको राज्य स्वर्गको राजधानी अमरावती, सुमेरूको पुर्वी पाखामा सुनै सुनको खानी भएको हिमाली मैदानमा रहेको मानिन्छ । सिन्धुबासीहरुले पुर्वे इन्द्राय नमः भन्ने गरेकोबाट पनि यसले पुष्टि पाउँछ ।

नदीको मुलश्रोत भएतिर वस्ती भएकोले इन्द्रदेवताले पानी बर्साउँछन् भन्ने धारणा मानिसमा फैलदैं गयो । कैलाशबासी शिवलाई पुकारेर हर हर महादेव पानी देऊ स्वभाविकै हो खेती किसानी किसानहरुको लागि सुन भन्दा पानीको महत्व कम हुँदैन थियो ।

कुवेरको व्यक्तित्व सौतनी इर्ष्या र राज्यको लोभले रावणले उनलाई लङ्काबाट निकालेपछि उनीउत्तरको देवभुमितिर लागे । त्यहाँ ठुलो प्रयत्नले उनी देवसमुहमा सामेल भए (कुवेर यक्ष थिए) । र उत्तर दिशाका दिकपाल चुनिए । शिवसँग उनको मित्रता भयो । शिवको सहयोगले उनी यक्ष आदि शिव गणका नायक (यक्षेश्वर बन्न पुगे । उनले सुमेरू (पामीर) देखि उत्तरको क्षेत्र तियानश्यान पहाडमा सुनखानीहरुका बीचमा अलका पुरी बनाए । उनलाई अमरावतीका इन्द्रले आफना नौ निधि (खानी) का प्रमुख पनि बनाएका थिए । गणनायकको एउटा लोकप्रिय प्रतीक बन्यो भन्ने हालका चर्चा इतिहासकारहरूले गरेका छन् । गणेशले शिवगणमा राम्रो (मंगलदायक) काम गरेपछि गणनायक देव प्रतीकका रूपमा उनको सबैतिर पूँजा हुन थाल्यो । गणेशको पूँजा नेपाल भारत तिब्बत(चीन) वर्मा जावा थाइल्याण्ड, जापान आदिसम्म पनि फैलिएको छ । मध्य अमेरिकाको उत्खननमा वैदिक देवता सहित तीन हजार देवी देवताका मूर्तिहरु भेटिएका छन् । तिनमा गणेशको मूर्ति पनि भेटिएको छ ।

धन्वनतर देवताहरुका बहु चर्चित वैद्य थिए । हरिवंश पुराण्को एक आख्यान अनुसार उनी काशीका राजा धन्वका छोरा थिए । त्यसैले उनको नाम धन्वन्तीर रह्यो । उनी वैदिक कालका प्रसिद्ध चिकित्सक अश्विनी कुमारहरू (जसको शरीर जोडिएका थियो, शीर र हात अलग अलग थिए) का उत्तराधिकारीका रूपमा प्रसिद्ध छन् । उनलाई आयुर्वेदका पवर्तक आदि वैद भनिन्छ । विष्णु लक्ष्मी वैदिक कालमा कम चर्चित र पुराण युगका बहु चर्चित देवता हुन् । विष्णुलाई उपेन्द्रका भाइ या इन्द्रका भाइ पनि भनिन्छ । समाजमा धन सम्पतिको विस्तार र समुद्री व्यापारको थालनी भएपछि समुद्रका शेषशायी देवताका रूपमा विष्णुको अदय भयो । ठुला ठुला डुङ्गा र सामुद्री जहाजबाट भारतको अन्न दाल आदि र अरू देशका मालसामानको व्यापारिक आदान प्रदान हुन थालेपछि क्षीर सागर (अहिलेको अरब सागर) लाई धनकी लक्ष्मी जन्माउने स्थानका रूपमा चर्चा गर्न थालियो । अनि विष्णुलाई लक्ष्मीपति र लोकका पालन कर्ता देवताको सम्मान दिन थालियो । व्यापारीहरूले सुर्य पूर्वी सागरबाट उदाएर पश्चिम सागरमा डुबे जस्तो देखेकाले विष्णुलाई सुर्य नारायणका

रूपमा पनि प्रचार गर्न थाले । यस रूपका विवेचना गर्दा देवीदेवताहरू मानव समाज र सभ्यताको प्रारम्भिक युगदेखि गाउँ, वन, पर्वत खोलानाला वृक्ष आदिका प्रतीक देवताका रूपमा मानिन थालेको देखिन्छ । जतिजति मानव समाज, सभ्यता र संस्कृतिको विकास हुँदै गयो, मानिस एकदेखि अर्को गाउँ, एकदेश देखि अर्को देश र द्विपद्वीपान्तर पुग्दै गयो । देवीदेवताहरूको स्तर, सम्मान र प्रचार पनि बढ्दै गयो । पछि रहस्यवादी धार्मिक दार्शनिक र शक्ति पूजकहरूले मानव समाजको आदिकालीन नायकहरूका विशेषता र कथाहरूलाई बढाउँदै विश्वव्यापी तुल्याए । राजाहरूले ठुलाठुला यज्ञ गरी ऋषिहरूद्धारा ऐन्द्राभिषेक गराई इन्द्रको पदधारण गर्थे । विशेषकारणले स्वर्गका इन्द्र गुप्तबास बसेकाबेला भारतका राजा नहुषलाई लगेर इन्द्रासनमा राखियो । अध्यात्म दर्शनले प्राचीन समाजका नायकहरूको महात्म्य बढाएर विश्वमा सृष्टि, पालन र संहारकर्ताको स्तरमा पुऱ्याए ।

**ग्रामिण स्वराज्य**

१५ वर्ष भित्र एउटा नेपालीको सानो घरमा एउटा दुहुनो गाई, एक टुक्रा जमिन र एक हल गोरु भएको तुल्याउने तत्कालीन प्रधान मन्त्री स्वर्गीय वि.पी कोइरालाले लक्ष्य राख्नु भएको थियो । यसबाट उहाँले औसत नेपाली प्रतिको न्युनतम आर्थिक दायित्वलाई लिएको देखिन्छ । यसरी गाउँले भरिएको नेपाली जनताको स्वाबलम्बी जीवनका आकांक्षा राखेको पाइन्थो । अहिले त शान्ति र सवैंधानीक समस्याहरुको गाँठो फुस्काउन नसकेको अवस्थामा ऐतिहसिक संविधान सभाको निर्बाचनबाट ६२ प्रतिशत मत द्धारा वामपन्थीभई रहेको, वामपन्थीहरुले आर्थिक अनुशासन बिनानै जातीय एवं क्षेत्री नारा दिएर आफना मतदाताहरुलाई अन्यत्र मोडदै कमि कमजोरी लुकाउदै गरेकाहरुको राजनितिक सिद्धान्त आवरण कति कामयाव होला र !

संसदवादी खेमाकै हकमा पनि आर्थिक नीति र कार्यक्रमहरुको उन्नतिको महत्व रहन्छ । त छिमेकी भारत जस्तो प्रजातन्त्रिक शान्तीलाई समेत आर्थिक पारदर्शीतालाई लिएर एकाध रामदेव र अन्ना हजारेले सरकारलाई विश्व सामु आर्थिक पारर्दशितादेखाई दिएको हामिले देख्यौ । भारतले तिब्र विकास दर बढाएको थियो तैपनि आर्थिक कमि कमजोरी कसरी रहयो र अन्ना- हजारे जस्ता सडकमा उत्रे । त्यसकारण नेपालका संसदवादीहरुले स्थीर सरकार दिन नसकेको अभियोग लागाउनेहरु पनि आआफैं त्यही स्थिति भोगि रहेका छन् । आर्थिक अनुशासनबेगर सामाजिक उत्पीडनहरु शोषण बाट मुक्ती दिलाउन नारा धन्काई रहेछन । ठोस आर्थिक नीति र कार्यक्रमविनाको अनुशासन हीन स्थितिमा राजनीतिक सिद्धान्तको दर्शन मात्रले जनताले के राहत पाउलान् । आवरणमात्रको नेपालका कम्युनिस्ट (इमान्दार वामपन्थि पनि बन्न नसकेका) र यथास्थितिकै जालो परेकामा संसदवादीहरुले सोच्नुपर्ने बेला भएको छ । प्रजातन्त्रका मुल्य र मान्यता मात्रको आवधिक निर्वाचन संसदप्रतिको जवाफ देही, स्वतन्त्र न्यायपालिका जस्ता औपचारिकता, कुराको यथा स्थितिबाट मात्र जनताको सर्वतोमुखाी विकास संभव हुन्छर । रामदेव, अन्ना हजारे जस्ता सुनामीले नेतुत्व वर्गलाई भविष्यमा नपिरलोस भन्ने हो भने ँ नेपालको प्रस्तावित संविधानमा आवश्यक आर्थिक सम्बन्धी निर्देशक सिद्धान्तको प्रावधानको व्यवस्था गर्न सकिन्छ । तर अहिलेका मुख्य मुख्य सरोकारवालाहरु जनमुखी संविधान निर्माण गर्ने भन्दा शक्ति वाडफाँडमा बढि रुचि राखेको देखिन्छ । त्यो भागवण्डाको स्थिरताकोलागि पनि जनमुखी आर्थिक कार्यक्रमको पारदर्सिता नभई त्यसले कसरी स्थायित्व पाउँछ ? त्यसैले नेपालजस्तो भूराराजनिति भएको संवेदनशील स्थितिमा राजनीति भन्दा आर्थिक नीति र कार्यक्रमको कम महत्व छैन । यस तथ्यलाई ध्यान दिनेहो भने स्थानिय तहमा पनि केन्द्रमाभ्कै भागवण्डे रोगले विकास कार्यक्रमका श्रोत साधनहरुको संभावित आर्थिक दुरुपयोग रोकी आर्थिक पारदर्शिता कायम गर्ने अधिकार विकेन्द्रीकरण (संघियराज्य) को व्यवस्थालाई उचित ध्यान दिन सकेनौ भने आर्थिक अपार दर्शितानै अस्थीर व्यवस्थापनको कारण बन्ने मात्र होइन स्थानीय अधिनायकवाद जन्माउने हुन्छ । यस सन्दर्भमा सबैले केही तथ्यमा ध्यान दिन आवश्यक छ । राज्यशक्तिमा गाउँनै गाउँ भएको नेपाल जस्तो भौगोलिक स्थितिबाट हेर्दा पनि गाउँलेहरु आर्थिक, राजनीति, सामाजिक, साँस्कृतिक अधिकारले सम्पन्न भएको हुन आवश्यक छ । त्यस्तो अधिकार ठुला दालु गाउँलेबाट दुरुपयोग नहोस भनी ध्यान पुऱ्याउन सके स्वावलम्वी गाउँको जनताकै बलमा राष्ट्रिय अखण्डा र सभ्कदारी कायम गरी गराई नेपाल समुन्नत भविष्यतर्फ लम्किने हुन्छ । अन्त्यमा संघीयगणतन्त्रले ग्रमीण जनतालाई बिशेष त आर्थिक सहित स्वावलम्वी तुल्याई राज्य व्यवस्थापन (स्थानीयतहमा) प्रतक्ष्य संलग्न गराउन ठुलाठालुबाट शोषण् र पीडन कायम नै रही रहे संधीय गणतन्त्रको स्थायित्व कसरी संभव हुन्छ ? त्यसमाथि दलीय भागवण्डे रोगले त विकास निर्माणमा गाउँलेहरुलाई प्रोत्साहन होइन निष्कृय नै तुल्याउने हुन्छ । अहिलेको भागवण्डे अपारदर्शी आर्थिक अवस्था सुधारेर गाँउले जनतालाई राज्य सञ्चालनमा प्रत्यक्ष संलग्न गराउन बाधा देखिएका तथ्यको पनि चर्चा गीरन्छ । यसको निमित्त स्थानीय जनप्रतिनिधिलाई राजनितिक दलप्रति जवाफदेहि बनाउन हुदैन, गाउँलेहरुप्रति जिम्मेवार गराउने । गाउँले जनता आफनो शासन आफैं गर्न चाहन्छन् २००८ - २०१६ सम्म स्थानियतहमा व्यक्तिगत आधारमा जनता आफनो प्रतिनिधि छान्दथे । त्यहाँ विकास कार्यमा राजनितिक हस्तक्षेप संभव हुदैन थियो । २०१९को संविधानमा यस्ता कुराले महत्व पाएन । बर्गीय संगठनहरुको माध्यमबाट जनताको अधिकार प्रयोग गर्न खोजियो स्थानिय तहका आयोजनाहरु समेत केन्द्रबाट लादियो । त्यो जनतालाई मन परेन । भन्न त गाउँर्फकको अभियान नै चलाएको पनि हो । तर पञ्चायति व्यवस्था टिक्न सकेन । त्यसैले अहिले राजनितिक दलहरूलाई भन्दा गाउँलेहरुलाई नै बलियो बनाउन सकेमात्र सरोकार वालाहरुको राजनितिको पनि सुरक्षित अवतरण हुन संभव हुन्छ किन भने स्थानीय जनता बलियो हुनु भनेकै राष्ट्र बलियो हुनु, अनि मात्र राजनितिक दलहरु गतिशील हुनेछन् । र, राष्ट्रिय विकास निमार्णले अग्रगामि छलाङ्ग मार्ने विश्वास गर्न सकिन्छ । अन्यथा स्व.वी.पी. कोइरालाको भ्कैं सबैको मनको कुरा मनमा रहेभ्कैं हुनेछ । स्वभाभिकै कुरा हो गाउँ बलियो भए राष्ट्र बलियो (स्वावलम्वन) भए मात्र राजनितिक नेतत्व बलियो हुने हो । नत्र, हाम्रा विकासका कार्यहरुको पहल केवल खोला एकातिर पुल अर्कोतिर भएभ्कैं भएपछि विकास निमार्णको के अर्थ रहन्छर ।

शान्ति प्रकृया टुङ्गगो लगाई संविधान निर्माण कार्य समयमै पुरा हुन नसक्दा आइपर्ने सङ्कटबाट सुरक्षित रहने हो भने आम जनता समक्ष क्षमा मागेर पनि जनताले माफी् नदिने सिंथिति भन्दा उल्लेखित स्थानोय निवार्चन गराई जनताप्रतिको आस्था देखाउनु

सरोकारवालाहरुको सचेतता हुनेछ । किनभने संघीय राज्यको विकल्पमा स्थानीय निकाय जिल्ला विकास समितिलाई प्रयोगमा ल्याउन सकिन्छ ।  एउटा क्षेत्रीय (जिल्ला तह) को विकास निर्माणका कुरामा अन्य क्षेत्रका बीचको कार्यक्षेत्रको विदावको विषय वा स्वायत्तत्ताका विषयमा मात्र केन्द्रबाट समन्वय गराई स्थानीय निकायलाई स्वतन्त्रताको अधिकार दिएर देशको विकास निर्माणमा केन्द्रित रहँदा केन्द्र र स्थानीय स्वयत्त सरकारका बीच सन्तुलन रहिरहने हुन्छ र, राष्ट्र वलियो हुन्छ । संक्रमणकाल लम्विरहेको स्थितिमा पनि विकास हुन्छ । कार्य सहजताका साथ हुने हुदाँ सबै शक्ति केन्द्रहरुको सुरक्षित अवतरण हुन सकन्नेतर्फ पनि विचार गर्दा संघीय राज्यको विकल्पमा ग्राम राज्यको अपेक्षा गरिएको हो । आखिरत गाउँलेहरुको विकास गाउँलेहरुले नै गर्ने हो । यसको विपरित गाउँ मुखी हुनु भन्दा विदेश मुखी कार्य मात्र भैरहेको देखिन्छ । गाउँ गाउँको विकास भन्नु गाउँलेहरु (जनता) बलियो अनिमात्र यथार्थमा नेपाल बलियो हुनु हो अन्यथा हाम्रो देशमा पनि देशलाई माया गर्ने धेरै अन्ना हजारेले अहिंसात्मक अश्त्र उठाई मैदानमा उत्रन ग्राह्रो हुँदैन ।

**यामति सागति**

लङ्काका राजा रावण जस्तो प्रवृत्तिका कारणहरु आजको विश्वमा पनि पाइन्छ । रावणले कर वापत ब्राहमणहरुको रगत लिन्थे । जम्मा गरेको रगत घैटो भरी भएछ । त्यो घैटो जमीनमा लुकाई राखेको थियो । कालकमा जनकपुरका राजा जनकले खेत जोत्दा त्यो रगत लुकेको गोप्य शक्ति सीता बालिकाको रुपमा पाएकाले पालन पोषण गरी हुर्काएकोबाट राजा रावणको नाशको कारण बन्यो । जुनसुकै जात जातिका ब्रहम (आत्मा)लाई दु:ख दिने , पीडा पुऱ्याउने जस्ता रावण अधिनायकहरुले जनताको रगतको मूल्य चुकाउनै पर्ने हुन्छ ।[घ] असूर प्रवृत्तिका नाशको कारण स्वयंमको मति हुनेछ, र तदनुसारकै गति उसको हुन्छ ।

**ज्योर्तिलिङ्ग शिव**[ङ]

शङ्कर भगवान तिब्बत मानसरोवर कैलाशपति नामले विराजमान हुनुहुन्छ भने हिमवत खण्ड पशुपतिनाथको क्षेत्र काडमाण्डौं (नेपाल)मा पशुपति नाथको नामले प्रसिद्ध हुनु हुन्छ । उही भगवान शिव काशी (भारत)मा विश्वनाथ नामले प्रख्यात भै बाराणसीमा निवास गर्नु भएको छ । यसरी यस भेग शिवको किडास्थल हो भने ऋषि मुनिहरुको तपोभूमि त साधक, उपासहरुको ज्ञान भूमि । यस क्षेत्र भूराजनीतिक हिसाबले तीन भागमा बाडिएको छ, तिब्बत, नेपाल र भारत । तर हिन्दु सनातन वैदिक परम्पराको सुरुदेखि नै यहाँ शिव शक्तिकै उपासना (साधना) तन्त्रमन्त्र यन्त्र को पूर्ण अभ्यास भएको सनातनी संस्कार विश्वकैलागि प्रेरणको स्रोत रहि रहेको छ । यो स्थापित सत्य हो भने जीवनकै यथार्थता र दिव्य सन्देश पनि । आजको उपभोक्ताबाद संस्कृतिको प्रवाहमा बगेका एक थरी अज्ञानताबस स्थापित सत्यलाई नै चुनौती दिने प्रवृत्तिहरु पनि नदेखिएका होइनन् । त्यस्ताले ब्रहमाण्डकै उर्जाशक्ति, पृथ्वी, जल , तेज, वायु आकाशकै साक्षातकार गर्न नसकी शिव शक्तिलाई कसरी बुझ्न सक्नु ? किनभने उर्जा शक्ति के कोलागि ? किन? भन्ने रहस्यमय (गुहय) प्रश्नको उत्तर सृष्टिदेखिनै खोजिएको विषय हुन् । यस कार्यमा विशेषत तिब्बत नेपाल भारतबासीहरु निरन्तर क्रियाशील रहेको पाउँछौं । यसको निम्ति शक्ति विद्यापीठ पार्वती, गृहेश्वरी, विन्धवासिनी जस्ता इस्ट देवताहरु हाम्रा प्रणेता रहेका छन् । त्यसैले तिब्बत नेपाल भारत पवित्र देवभूमि भएको हो । यो ब्रहमाण्डमा सवैभन्दा ठुलो वस्तु एक मात्र सत्य छ । र, त्यसैबाट ब्रहमाण्ड सञ्चालित छ । यस सत्यसाई मानिसहरु अनेकन रुपमा देख्दछन् तर सबैले अनुभूत गरिने स्वरुप भने एउटै छ । त्यो सत्स ज्योति (प्रकाश) रुपमा प्रकट भएको महिमा वर्णन गरिएको तथ्य यस्तो छ :

स्वस्थानी कथामा एउटा प्रसङ्ग आउँछ, शिवले पार्वतीलाई छलगरी वन विहार गर्न लाग्नु भयो । पार्वतीले शिवजी कहाँ जानुभयो ? भनी खोज्न ताल्नु भयो । कहिँ पाउन सक्नु भएन । पार्वतीले शिवजीलाई पाउन निम्ति देवपतन काठमाण्डौंको गौरीघाटमा बसी तपस्या गर्नुभयो । उता देवलोकमा ब्रहमा विष्णु लगायतका देवताहरुमा पनि खुल्दुली पऱ्यो, शिव कहाँ हुनु हुन्छ ? ध्यान दृष्टिले हेर्दा शिव हिम्वत खण्ड पाशुपत क्षेत्र मृगस्थली वनमा किँरातीको भषेमा वन विहार गरी रहेको देखेर उनीहरुले भेट्न खोज्दा त्यो थाहा पाएर शिवले अन्तध्यान भई मृग रुप धारण गरेर उक्त वनमा विचरण गर्दै रहँदा ब्रहमा विष्णुले मृग रुप शिवलाई चिन्हेर घेरी सिङमा समातेका थिए । सिङ तीन टुक्रा भई भाँचियो, एउटा पातालमा गयो एउटा अकाश र एउटा मर्त्यमण्डलको गोर्कणमा खस्यो । यसरी शिवको ज्योतिर्लिङ्ग प्रकट भयो ।

भारत वर्षमा पाकिस्तान वंगलादेश लगायतका एउटै् देश थिए । पछि उनीहरु पाकिस्तान बंगलादेश भनेर चिन्हिदै आएका हुन् । नेपाल मध्य हिमालयको हिम्वत खण्डमा रहेको पहाडी मुलुक हो । कनिष्कको पालाको एउटा शिलालेखमा तत्कालीन समयमा काश्मीर र कुमाउँपनि नेपालमा रहे भएको उल्लेख छ । त्यसमा पनि हिम्वत खण्डको पाशुपत क्षेत्रको महिमा अझ प्राचीन सभ्यताको कुरा भयो । ज्योतिर्लिङ्ग शिव ब्रहमाण्डमा व्याप्त हुनु हुन्छ त्यसैले हिन्दुहरु श्रद्धा भक्तिपूर्वक शिव लिङ्गको पूजा अर्चना गर्दछन्, कल्याण खातिर । शिवयोग विना हाम्रो अज्ञान रूपी अन्धकार (नकारात्मक उर्जाको) ताप सहन गर्न कोही सक्तैन । त्यसैले शिवयोग (स्वरुप) को यथार्थ अनुभव गरी  अनन्तमा आफूलाई समाहित गरेर ऊ सारा अज्ञान (कर्मबन्धन) बाट मुक्त भैरहेको हुन्छ । शिव शक्ति स्वरुपको यो ब्रहमाण्डको यथार्थ ज्ञानशिव योगबाटनै संभव हुनेछ । किनभने शिवको दक्षिणा मूर्ति सद्गुरुको प्रतीक मानिन्छ  । उहाँको अन्तिम कृपाबिना योगसिद्धि संभव हुँदैन । त्यसकारण शिवको शरणगति भने एक मात्र सुखको बाटो हो । हिमवत् खण्डको यो गौरवमय संस्कृति दर्शनलाई हिन्दूहरुले बिर्सेको खण्डमा निश्चय नै अनर्थ हुनेछ । शिवको आर्शीवार्द विना कल्याण्को बाटो पनि छैन ।

---

[3] टिप्पणी – ब्रहम जानाती ब्राहमण

[4] पूर्व मध्य कालको कुरा

## जय वागेश्वरीको काठमाण्डौं आगमन्:

कैलाशपति शङ्कर आफ्नो अर्धाङ्गिनी परम शक्ति भगवती पार्वती समेत हिमबत्खण्डको पाशुपत क्षेत्रमा शक्ति विद्यापीठ गृहेश्वरी सहित विरामान हुन थालेपछि कैलाशमै रहनु भएकी जय वागेश्वरी पनि तान्त्रिक शक्ति द्धारा आकाश मार्ग हुँदै आई पशुपति देवपतनको छेउमा बस्नुभयो । जय वागेश्वरी मन्दिरको ढोकासँधै बन्द हुन्छ । वर्ष दिनमा एकदिन खुल्छ । र पर्वपूजा चलाउने गरिआएको छ । बाह्र वर्षमा विशेष पूजा हुन्छ । तान्त्रिक शक्ति यो देवीको हातमा लक्ष्मीको सुचक ढाल र तरबार, सरस्वतीको सूचक ऐना एवं महाकालीको प्रतीक मुद्गलदेवी रहेको तीन देवीको अलगअलग बाहनस्वरुप गरुड् , मयुर र सिंह पनि रहेका छन् । भाषा वंशावलीले जय वागेश्वरी देवी द्वापरयुगमा मानसरोवर हुँदै पशुपति देवपतन (काठमाण्डौं)मा आइ बसेकी हुन् भनेको छ भने स्कन्दपुराण हिमतखण्ड नेपाल महातम्यले यी कालिका देवी हुन् र श्लेषमान्तक यसक्षेत्रमा आएपछि बयिनी नयवागेश्वरीको नामले यहाँ बस्न थालिन् ।[ख] पूर्वमा टिस्टा पश्चिमा काँगडा पुगेथ्यौं । भारतको गुप्तकालीन एक शिलालेख अनुसार काश्मीर देखि पश्चिम सतलको किनार सम्म शक्तिशाली नेपाल देश थियो । यो समय नेपालको नरेन्द्रदेव सम सामयिक लिच्छवी कालीन वर्णन हो । काश्मीरका राजा अरमोण्डी शिकार खेल्न दलबल सहित नेपाल पसेकालाई गण्डकीमा राजाले थुनेका थिए । चिनीया यात्री हेनसाङले पनि तिब्बतबाट गण्डकी आउँदाको वयानमा यो कुरा उल्लेख गरेका छन् । तत्कालीन नेपालको सीमान वि.स. ६०५ सम्म उत्तरको जघन्य हिमाल वारपार गर्न संभव थिएन् भने दक्षिणतिर घना जङ्गल थियो कालान्तरमा ताकलाखार र पश्चिम, भारतको पियौरागढ हुँदै डोटी वैतडी दार्चुला प्रवेश गर्ने नाका खुलेको हो । यसरी सामाजिक रुपमा नेपालीहरु सुरक्षित थिए । यसकारण पनि बढेबढे ज्ञानी मुनिहरुको तपोभुमिले इतिहास देखिन देव देवीको क्रिडा भूमिले प्रसिद्ध भैरहेको छ । विकट हिमाल  तलतिर पहाड भित्री मधेश र तराईको बीचमा चूरे पहाड त्यसपछि दक्षिणमा तराई प्राचीन समयमा घना जङ्गल जहाँको आदिवासी थारु जाति भनिन्छ । हिमाली भेगबाट पहाड र भित्री मधेशसम्म कुनकुन ठाउँमा कुन कुन जातका आदिबासी थिए । तीनीहरु कहाँ कहाँबाट आई  त्यहाँ बसेका थिए ? जस्तो जुम्लामा उत्तर मध्यम कालका आदिवासी पाल, मल्ल र कल्याल थिए । त्रेतायुगमा राजा दशरथले पुत्रेष्टिक यज्ञको आचार्य गराउन हिमालमा तपस्या गरिबसेका ऋश्यऋङ्ग ऋषिलाई बोलाउन पठाए । बोलाउन पठाएको मानिसले ऋषिलाई चिनेन । एउटा गोठालाले चौरी गोठमा रहेका उक्त ऋषिलाई चिन्हाइदियो । सँगै आउँदा केदार (भारत) को अलकनन्दा नपुञ्जेल ऋषि पनि नधोई खोकिलाको ढिँडो खादै आएका थिए । जति दक्षिण लागे एक पटक नुहाउने र अझपर पुगेपछि बिहान, दिउँसो र साँझमा समेत नुहाई त्रिकाली बने ।

## कर्णाली प्रदेश

मानव विकासको अध्ययनबिना कुनै पनि थर गोत्रका जातिका यथार्थ परिचय पाउन संभव हुँदैन । आजको सभ्यता निर्माण गर्न कुनै पनि जातिको विकास क्रमको लहरो महत्वपूर्ण हुन्छ । विद्वानहरुका अनुसार प्राचिन मानव कविला (जंगली) को बासस्थान मध्ये एशियामा हाङहो नदीको तिरमै भएको बताउछन् । त्यहाँबाट छरिएका कविलाहरु कोही मङ्गोलियातर्फ त कोही विपरित दिशा भोट तिर लागेका र त्यसपछि नाकलाकोट (भाटकै कै सिमाना) र टाढामा ककेस क्षेत्र (पश्चिम) सम्म छरिएर बसेका देखिन्छ । भोटतर्फ लागेकाहरु दक्षिण वर्मा हुँदै भारतको पूर्वतिर पहाड हुँदै हिमालय तर्फ अघि बढेको देखिन्छ । प्राचीन सभ्यजाति मानिएको आर्य जातिकै बासस्थान मध्यएशियाकै प्राचिन मानव काविला रहेको स्थान हुनुपर्छ । अर्को शब्दमा भन्नु पर्दा प्राचीन मानव कविलानै प्राचीन आर्य समाज हुन् । मध्य एशियाका कविला (आर्य)हरु नै उत्तरबाट ताकलाकोट हुँदै कर्णाली क्षेत्रतिरलाग्ने दुवैथरीको संगम स्थलको केन्द्रको रुपमा अध्ययन गर्दा कविला (घुमन्ते) कै मानव विकासको अनुभव हुन्छ । नौ हजार फिट्माथि हिउँको रेखा मानिन्छ । त्यसदेखि कम हिमाली प्रदेशको लेक बेसीमा स्थानीय बस्ती रहेको पाइन्छ । त्यहाँका बासिन्दाहरु बाज पक्रने कस्तूरी मृगको शिकार गर्दैथे भने यायावरको विकसित रुपमा गोरु खर्कमा भेडा च्यांग्रा पाल्न थाले जब स्थायी रुपमा बसोबास गरी जंगली युगबाट उनीहरु कृषि व्यवसायको सुरु गरेपछि चौरीगाई घोडा पाल्न थाले । सिद्ध योगी चन्दननाथले कालीमार्सीको बिउ काशीबाट ल्याएपछि जुम्लामा धानको खेती सुरु भएको हो । वि.स. २०३१ सम्म पनि त्यहाँको खेत जोत्ने हलोको फाली काठको थियो फलामको थिएन । जुम्लीहरु त्यहाँसम्म पनि धातु युगको अनुभव पर्न पाएका छैनन् । तर वर्तमान नेपालको मानव विकासको केन्द्रको रुपमा अनेक जात जातिको भेषभुषा एवं संस्कृतिको पश्चिमबाट पूर्वतर्फ अघि बढाउँदै लैजानबाट प्रष्ट भैरहेकै छ, विशेषत नेपाली भाषाको त जुम्ला प्रारम्भिक जन्म थलो नै मानिन्छ ।

## जुम्लाको परिचय

चन्दननाथले देवताले आफ्नो तरवारले प्रहार गरी एक छेउको पहाड खोलेर पानी बाहिर निकाली दिइसकेपछि बस्ती बसेको थियो । जुम्लामा चन्दननाथ देवताको मन्दिर र भैरबनाथको मन्दिर खलङ्गा बजारमा प्रमुख धार्मिक केन्द्रको रुपमा रहेको छ । यहाँबाट उत्तरतिर धौला र गरल भन्ने दुई डाँडाको उचाई र आकार प्रकार भई जुम्ल्याहा जस्तो भएकोले यसैबाट यस ठाउँ नाम जुम्ला रहन गएको लोकोक्तिछ । अर्को लोकोक्ति अनुसार ज्र्वा (जौ) र (तिल) नदिको संगममा राजा बलिराजले अश्वमेघ यज्ञ गरेका थिए । ज्वा र तिला दुई जुम्ल्याहा नदिहरुको नामबाट  यस क्षेत्रलाई जुम्ला भन्ने पनि लोकोक्ति रहेको छ । जौ र तिल जन्म मृत्यु (मर्दापर्दा) दुवै अवस्थामा नभई नहुने कुरा हो । जुम्लीहरु शिकारी युगमा बाज पक्रने कस्तुरी मृगको शिकार गर्ने गर्दथे । चन्दन नाथले काश्मीरबाट मार्सीधान ल्याई जुम्लामा कालीमार्सी धानको खेती गराएका हुन् । कालक्रममा यहाँ ओखर स्याउ खेती पनि हुन थाल्यो । सरकारी प्रकाशन २०३१ सम्म पनि जुम्लामा खेत जोत्ने हलोको फाली परम्परागत काठको नै थियो । व्यापार व्यवसायतर्फ कर्णाली क्षेत्रकै हुम्ला मुगका जनता नून र उनसंग उत्तर तिब्बतसँगको काठ दाउराको विनियम गरेको देखिन्छ । ज्वा र तिला नदिको संगममा राजा बलिराजले अश्मेघ यज्ञ गरेका थिए । यज्ञका आचार्य लगायत पञ्च ब्राहमणहरु तिमिल्सिना, लिम्बु (न्यौपाने) चौडिल्य (चौलागात्री) धितापुरी (धिताल) पञ्चम ( देवकोटाहरुलाई भूमिदान दिएको जनश्रुती छ ।

**जुम्लाको राज्यको प्रारम्भ**

मध्य उत्तरकाल, जुम्ला राज्य स्थापना गर्ने संस्थापक पहिलो राजा बलिराम थिए । उनका गुरु चन्दन नाथ थिए । बलिराम आर्यावर्तीय आर्य (भारतीय) हुन् । उनी खस आर्य होइन चन्दन नाथको गुरु काशीका थिए । सिद्ध गुरुमान सरोवर तीर्थबाट फर्केर आउँदा उहाँलाई जुम्ला रमणीय लागेछ । गुरुकै सङ्कल्पको कृपाले जुम्लाको राजाको सपथ ग्रहण गर्ने अवसर पाएका थिए । जुम्लामा त्यतिबेलासम्म जुम्लाको व्यवसाय भनेको बाज पक्रनु कस्तुरी मृगको शिकार खेल्नु थियो । सिद्ध चन्दन नाथले धानको बिउ अनयबाट झिकाइ जुम्लामा धानको खेती गर्न सिकाएको वर्णन (कथन) छ । कर्णाली नदिको छेउ छाउँमा रहेका कर्णाली हुम्ला अञ्चलको मृग जस्ता बिकट जिल्लाहरु जहाँ दक्षीणको आर्यावर्तीय आर्यहरुको संस्कृति एवं दर्शनको लामा धर्मको प्रभाव अत्याधिक परेको र जुम्ला देखि उत्तर भेगमा दक्षीणको आर्यावर्तीय आर्यहरुको धर्म संस्कृतिको प्रभाव नगन्य थियो । किनभने भारतमा मुसलमानी हमला हुँदा हिन्दुधर्मको उत्थान प्रवर्धन गर्न भनी गडवाल कुमाउँबाट पिथौरागढ हुँदै सुदुर पश्चिमका बैतडी दार्चुला भै जुम्ला सम्म मात्र पुगेकोले उनीहरुको प्रभाव सीमित भएको हुन सक्छ । त्यसो हुँदा ब्राहमण वादी (कर्मकाण्डीहरु)ले आफू टाटाबाट भै अन्य जातिहरु उपर भेदभाव शोषण गरे भन्ने कुरा युक्तिसंगत कुरा देखिँदैन । कर्णाली क्षेत्र बिकट ठाउँमा धर्म संस्कृतिको नै बढी प्रभाव रहने हुन्छ । समाज परिवर्तनमा राजनीतिले मात्र त्यति जागरण ल्याउन सक्तैन । धर्म संस्कृतिकै कारण राजीतिमा बढी प्रभाव पर्न गएको हुँदा सन्तुलन कायम गर्न त्यहाँका शासकहरुले हिन्दु र बौद्ध दुवै धर्मलाई उत्तिकै अस्था राखेको देखियो मन्दिर गुम्बाको व्यवस्था गरेर प्राचिन समयमा मन्दिर गुम्बानै शिक्षा बरु यहाँ भेदभाव र उचनीचको जाति विशेषको कुरा भन्दा संस्कारको विकाश सम्बन्धी चेतनामा परिवर्तनको आवश्यता देखिन्छ जुन असल शिक्षा आर्जन बिना संभव हुँदैन । हुम्ला र मुगु बाहेक कार्णाली क्षेत्रका अन्य ठाउँहरु संगको भिन्नताले यस्तै देखिन्छ । स्वभाविक तवरमा प्रश्नखडा हुन्छ हुम्ला र मुगुको जनताहरुमा पनि शोषण र पीडा जातिभेद भावको कारण बाहुन नै हुन ?

**विजयवर भट्ट र धामी प्रथाको कथा**

धामीलाई मष्टोको प्रतिनिधि मानिन्छ । धामी धर्म प्रकृति पूजक हो । यसको इस्टदेवता मेघ र बादलको वायुदेवता नै हुन् । यसलाई धामीहरु उपासना गर्छन् । स्थानीय तहका विजा तथा विजार भनिने जियवर भट्टले गंगा स्नान गर्दा एउटा सानो शिला गंगा प्रवाहको विपरित माथितिर पौडिरहेको देखेर श्रद्धावश त्यसलाई टिपी झोलामा राखेर तीर्थबाट घर फर्किने क्रममा वृद्धगंगा र कैलाशको दोभान आछाम जिल्लाको जिमराडीमा बास बसे । भोली पल्ट पूर्णिमा परेको र नजिकको गाउँमा यजमान भएको कारण संगममा (स्थानिय भाषामा मोरी) स्नान गरी त्यसै ठाउँको एउटा वनधायरोको बोटमा झोला झुन्डयाई पाती लगाउन यजमानी पाली पुग्दा लामो समय सम्म क्रियाकाज रोकिदा आफनो सट्टा अर्कै पुरोहित पूजिएको पत्तालगाई रित्तो हात र उँधो मुख फर्केका भट्टज्यूले झोला हेर्दा शिला अलप भएको भेट्टाए । यजमानीबाट अपमानित र अवकाश प्राप्त तथा आशा, विश्वास र श्रद्धाको साथ तीर्थबाट बोकी ल्याएको देवताबाट अपहेलित र परित्यक्त विजाले निराश भई त्यसै बाटोमा झुन्डी मर्ने अठोट गर्दा त्यो बनधायरोबोट भयङ्कर रुपमा काँप्दा पनि बिजारले निराश भई आत्म -हत्या गर्ने सुरमा कुनै परिवर्तन नभएको बुझी भट्टले साथमा सहयोगकोलागि ल्याएको मानिसमा प्रथम पटक मष्टो देवताको अवरित भयो । यसप्रकार चढेको देवताले भट्ट बिजारको सन्तान दरसन्तान त्यसपछि धामीलाई मष्टोको प्रतिनिधि मानिन थालियो । धामी र पुजारी भन्दा पनि ठुलो र पूजा आजाको प्रमुख भाग पाउने बाचा बन्धनमा आफूसंगै रहने आश्वासन र वरदान दिंदा चित्त बुझाई भट्ट घर फर्के । यसै परम्परा अनुसार विजयवर भट्टका सन्तान आछामका प्रमुख मष्टोको हालीमुहाली गर्दै आएका हुन् । धामीले शुद्ध पवित्र भइ चम्मर घन्टा लिएर आव्हान गरेपछि धामीको आङ्मा कम्प दिएर मष्टो उत्रन्छन् । यसलाई देवता चढेको, आएको वा देवता लागेको भन्ने चलन छ । यो बेला आफ्नो जिवनी, गरेका काम कुराहरु, पुरानो इतिहास धामीको मुखबाट कहन्छन् । भविष्यवाणी गर्ने सिद्ध-साधु, सन्त ज्योतिषीमा अनन्त विश्वास राख्ने विश्वभरिनै ठुलो जमात छ । तर महाकाली पारीधामीको प्रचलन पाइँदैन ।

**धामीको छनोट (चुन्ने)**

धामीको मुखबाट भने गरेका कुरा सिद्ध भई विश्वास भयो भने उसैलाई र नभए उसैको सन्तानमा अर्कै धामी छानिने प्रचलन रहेको पाइन्छ । मस्टोका धामीहरुले पतुर्दा (कामेको बेला फलाकदा)को भाषा फरक फरक देखिन्छ । पश्चिम (नेपाल) को भाषा पुरातन खस प्राकृत हुन सक्छ । त्यस्तै थार्पा मष्टको भाषा तिब्बती मूल मान्न सकिने र बाह्रौं चौधौं पुस्ता बितेका पुर्वाञ्चलमा बस्नेहरु बाह्मण क्षेत्रीय जातिको कूल पूजाको बेला मष्टो बोलाउँ आजकलकै भाषामा फलाकिन्छ ।

**डोटिराज्य**

हाल डँडेलधुरा एक भिन्नै जिल्ला भएपनि मध्यकालमा यस क्षेत्र डोटी राज्य अन्तर्गत नै थियो । डँडेलधुरा स्थित अजमेरकोट डोटी राज्यको ग्रीष्म कालीन राजधानी थियो । यसप्रकार मध्यकालमा यस जिल्लाको महत्व धेरै नै थियो । बाइसी राज्यहरुमध्ये डोटी पनि एक शक्ति शाली राज्य थियो । प्राचिन कालमा यस इलाकाको ऐतिहासिक रुपरेखा बारे कुनै सामाग्री प्रकाशनमा आएको छैन । यस इलाकाको इतिहास दशौं शताब्दी देखि मात्र थाहा भएको छ । ईसाको दशौं शताब्दी देखिनै डोटी एक राज्यको रुपमा रहेको देखिन्छ । कुमाउँका शासक सोमचन्द (इं.सं. ९५३-९७४) र उनका उत्तराधिकारीहरु डोटीका राजाको अघीनस्थ सामन्तका रुपमा शासन गर्थे ।

**पौडेलहरुको डोटी प्रवेश**

डोटी एउटा शक्तिशाली राज्य भएकै कारणले पौडेलहरु उत्तर काशी (पौडी) भएर डोटी राज्यको अजमेर (हाल डँडेलधुरा जिल्लामा प्रवेश) बभ्फाङ्कृ पौडी (कालिकोट) र जुम्ला भएर पूर्वतिर सर्दै आएका हुन् । र १२ रौं शताब्दी पूर्व नै नेपाल प्रवेश गरेका (पसेका) थिए । वि.स. १०१९ मा जन्मेका उदय भट्टको तस्रो पुस्ताका राईभट्ट सबभन्दा पहिले नेपालको डोटी जिल्लामा पसिसकेका थिए ।[छ] खसिया मल्ल वंशका राजा अभय मल्लको शक सम्वत १२९८ (ई.स. १३७६)को ताम्रपत्र अनुसार उदुम्बपुरी अर्थात दुम्राकोट (डोटी) अभय मल्लको अधीनमा रहेका प्रमाणित हुन्छ । चौधौं शताब्दीको अन्तमा खसिया मल्लहरुको पतन भए पछि डोटी फेरि स्वतन्त्र भएको देखिन्छ ।[ट] ई.स. १४२०-२१ तिर डोटी राज्यको अधीनमा शिरा अस्को जुहर र दर्मा, उपत्यकाहरु थिए । डोटी राज्यको काली कुमाउँ माथि आफ्नो प्रभुत्व ई.स.को प्रन्धौं शताब्दी सम्म कायम थियो ।

ईसाको चौधौ शताब्दीमा डोटीका राजा अजयपालले अजेयमेहरुकोट बनाए । यही शब्द अजेयमेरुकोटबाट पछि अपभ्रंश भई अजमेरकोट भएको हुन सक्छ । यसप्रकार डँडेलधुरामा अजमेरकोट बनेको हुनाले पनि तत्कालीन डोटी (हाल डडेल्धुरा)को महत्व भएको देखिन्छ । काठमाण्डौं उपत्यकाको असन र वागबजार भैंं पाल्पा पोखरा सथनान्तर हुने नेवारहरुले क्रमश पाल्पामा असन र पोखरामा बागबजार नामा करण भएभैंं अजमेर (भारत) मूलका अजयपाल पनि डोटी आइ बसोबास गरेका हुन सक्छ ।

ई.स.१४२०-२१ तिर डोटी राज्यका अधीनमा शिरा शारे अस्कोट, जुहर र दर्मा उपत्यकाहरु थिए । डोटी राज्यको काली कुमाउँ माथि आफ्नो प्रभुत्व ई.सं. को पन्ध्रौं शताब्दीसम्म कायम थियो । कुमाउँका राजा भारती चन्द्रले डोटी राज्यमाथि हमला गरी स्वतन्त्र हुन कोशिश गरे । यो लडाई बाह्र वर्षसम्म चल्यो । भारती चन्द्रका छोरा रत्न चन्द्रले छिमेकी राजाको मदतले डोटीलाई हराए र डोटीका राजालाई काली कुमाउँ माथिको प्रभुत्व छोड्न बाध्य गराए । ई सं. १४६१ मा डोटीका मागमल्लले काली कुमाउँ माथि आफ्नो प्रभुत्व पुन: कायम गर्न कोशिस गरेका थिए तर यस प्रयासमा बिफल मात्र नभई मल्लले आफ्नो ज्यान पनि गुमाए । नागमल्लको षडयन्त्र गरी डोटी राज्यको राजा भएका थिए । नागमल्लको मृत्युपछि डोटी राज्यमा आर्जुन शाही राजा भएको देखिन्छ । डोटी र कुमाउँका बीच पछिसम्म संघर्ष जारि नै रह्यो ।

ईसाको स्रोह्रौं शताब्दीमा लखनउका गभर्नर हुसेन खाँले डोटी राज्य धनधान्य रहेको कुरा सुनी डोटी माथि हमला गरे । हुसेन खाँका फतुजले डोटी राज्यको बाज्रेल (बाजेल?) अजमेरलाई ध्वस्त पारे । तर मुसलमानहरु डोटी राज्यमा धेरै दिनसम्म टिक्न सकेनन् । मुसलमानी फैज फर्कन लाग्दा डोटीका फौजले ढुङ्गा र वाणहरु प्रयोग गरी धेरै जसो मुसलमानी आक्रमण कारीहरुलाई मारे । डोटी राज्यका केही राजाहरुको स्थानीय पुरातात्विक सामाग्रीहरु पाइएका छन् । उक्त सामाग्रीहरु अनुसार ई.स. १५५८ मा भूपति मल्ल डोटीका राजा थिए । र यिनी अर्जुन मल्लको छोरा थिए । राजा भूपति मल्लले राजधिराजू पदवी लिएको देखिन्छ । तर एटकिन्सनका अनुसार ई.स. १६८० मा डोटीका राजाले कुमाउँको विरुद्ध गडवालको राजासँग सम्बन्ध जोडे । दुवै राज्यहरुले कुमाउँमाथि आक्रमण गरे । उक्त बेला डोटीका राजा देपाल थिए । यस इलाकामा कुमाउँको विजय भयो । कुमाउँका राजा उद्योत चन्द्रले काली नदितिर डँडेलधुरा स्थित काली आजमेरकोटमाथि ई.स. १६८५ मा आक्रमण गरे । डोटीका राजा आजमेरकोट छोडी हाल डोटीको दीपायलमा भागीआए । दिपायलमाथि पनि कुमाउँलीहरुले आक्रमण गरे । आखिरमा देवपाल र उद्योत चन्द्रका बीच सन्धी भयो, जस अनुसार डोटीले कुमाउँ राज्यलाई केही नजराना तिर्नु पऱ्यो ।

डोटी राज्यको साथै सो राज्य अन्तर्गत रहेका तत्कालीन डँडेलधुरा लगायत सबै इलाकाहरु ई.स. १७९०
(वि.स १८४७) मा बृहत नेपालका अभिन्न अङ्ग भए ।

**शिव पञ्चम वेद**

प्रमूख चार वेदहरु सामवेद, ऋग्वेवद शुक्ल, यजुर्वेद र अथर्ववेद बाहेक पाचौं क्षुष्मवेद मानिएको छ । यसलाई शिव पञ्चम वेद भनिन्छ । यो वेद विशेषत नाथ सम्प्रदायको मूल धर्म ग्रन्थ मानिआएको देखिन्छ । नाथ सम्प्रदायको शैव मार्गले विशिष्ठ मान्यता माएको पाइन्छ । पञ्चम वेदले योग मार्गको सन्देश दिन्छ, यसमा योगमार्गको वर्णन गरिएको छ । यसको अधिष्ठाता स्वयं भगवान शिव हुनु हुन्छ । उहाँकै रुप धारणा गर्नु भएको त्रिशुलधारी बाबा गुरु गोरखनाथले योगमार्ग प्रचार गरेको हो ।

सावरी योग : ऊँकार विन्दूबाट आदिनाथ (कीर्तिपुर चोभार) मत्सेन्द्रनाथ (करुणमय) र गोरक्षनाथ हुँदै आएको प्रचारित योगलाई सावरिक योग भनिएको छ । यस योगमा तन्त्र मन्त्र यन्त्र तीनैको सन्तुलित प्रयोगको विशेषता रहेको देखिन्छ । ऋद्धि सिद्धि प्राप्त गर्ने उद्देश्यले इस्टकोप्रति संमोहन बसीकरण खातिर तन्त्र, पवित्र (विशुद्ध) आव्हान गर्न मन्त्र र त्यसैकोलागि विधि (प्रक्रिया)को अनुभव निम्ति यन्त्रको साधना (प्रयोग) गरिन्छ । योगमार्गबाट ऊँकार विन्दुमा पुग्न तीनथरी अनुशासनहरुको पालना भएपछि मात्र सिद्धि प्राप्त हुन्छ । ती हुन् शाररिक , मानसिक र आत्मिक अनुशासन । यीनीहरुको पालना नगर्नेले सिद्धि पाउन सक्तैन । उसकोलागि नत तन्त्र, मन्त्र र यन्त्रको रहस्य जान्न नै संभव हुन्छ । स्वभावत योगबिना कोही चिन्ता तनाव बाट मुक्ति पाउन सक्तैन । आर्याबर्तीय आर्य र खस आर्यका बीच समानता र असमानता । समानता, दुवै वैदिक सनातन धर्म मान्दछन् । खस आर्यहरु विशेषत प्रकृति पूजक देखिन्छन् । आर्यावर्तीय आर्यहरु अकाल (चैतन्य) पुरुष मान्दछन् । शाररिक चिन्तारहित नमै मानसिक सन्तुलन संभव हुँदैन । मानसिक सन्तुलनविना आत्मिक चिन्तन पनि संभव हुन्न । मनुष्यले कर्मगर्दा चिन्ता रहित भै चिन्तनको अभ्यास गर्ने प्रयत्न गर्न आवश्यक पर्दछ । यस्तो गर्न

---

5 कत्युर राजा पछि (१०४५-१०६५ ई.स.) पश्चीम नेपाल, अल्मोडा र गडवालमा राजनीतिक अस्थिरता आयो । सुभिक्ष राजा पछिका राजा बीरदेवलाई हत्या गरेपछि कत्युर (कुमाउँ) देश ६ वटा साना राज्यमा टुक्रियो । ती ६ मध्ये डोटी एक राज्य थियो भन्ने देखिएकाले राई, भट्ट समेतका पौडेलहरु राज्य नटुक्रदैं डोटी पसेको अनुमान गर्न सकिन्छ ।

6 मेची महाकाली पृ १०७७

सके तमाम रोगहरुको निरोध संभव रहन्छ । आत्मानुभुतिविना चित्त शान्त रहँदैन । चिन्ताले मानसिक विकार पैदा हुँदा जटील रोगका कारण बन्दछ । उसको गति शान्तिको शीखर भन्दा अद्योगतितर्फ लागेको हुन्छ । त्यसैले योगको अभ्यास नभई नहुने भएको हो । सफल जीवनको लागि सवारीयोग नै सुखको बाटो देखिन्छ । यसको निम्ति पथ प्रदर्शक (गुरु) विना संभव हुँदैन । त्यसकारण गुरु परम्परा र चेलाको अनुशासन हिन्दू धर्मको विशिष्ट पहिचान नै हो ।

**सृष्टिको आरम्भ**

कैलाश र मानसरोवर बीचको ठाउँ घारचेन हो । त्यहाँ रहेका आदिबासीहरुमा तिब्बेतीयन छोपा खम्वा र सेर्पा मुख्य हुन् । त्यहाँ बढी बस्ती छोपा त्यसपछि खाम्माछन् । त्यस देखि तलतिर मुगाल, (नेपालको मुगु जिल्लाबासी) रहेका छन् । हिमाली जिल्ला मध्ये सधैं (बाह्रै महिना) हिउँ पर्ने मुगु जिल्ला हो मानसरोवर देखि पूर्व ब्रहमपुत्र पश्चिममा बग्ने सतलज र दक्षिण तर्फबाट बग्ने कर्णली नदि नेपालको कार्णली क्षेत्रमा हुम्ला कर्णली र मुगु कर्णाली नामले दक्षिण तिर बगेको छ । यहाँ हिउँ पग्ली बनेको अद्वीतिय मनोरम रारा ताल छ । यसको चौढाई दुई किलो मिटर र लम्बाई पाँच किलो मिटर छ । मानसरोबर थाल हो भने रारा कचौरा र पोखराको फेवाताल दीयोको आकारको कल्पना गरिएको छ । धारचेनलाई सृष्टिकै पहिलो (प्रारम्भिक) बसोबासको ठाउँ भनिन्छ । हिमालको विशेषता रमणीय हिमश्रृङ्गला मात्र नभै कालान्तरमा टेथिस सागरबाट हिम चूचूराहरु पानीको सतहमा उठेपछि धारचेन जस्तो विकट हिमालयमा मानव बस्ती बस्न संभव भएको देखिन्छ । त्यसबेला देखि भारत वर्ष (हिन्दूस्थान), भारतीय उपमहादेशमा मध्य हिमाली देशहरुको उल्लेख पाइन्छ । स्कन्द पुराणमा हिमबत्खण्ड र नेपालको वर्णन गरिएको छ । नेपाल हिमबत्खण्डमा रहेको छ । मानवबस्ती (बसोबास) को लागि सुरक्षाको दृष्टिले उच्च हिमाली क्षेत्र उपयुक्त देखि खस आर्यहरु, हिन्दुहरु सिन्धुघाटीबाट मध्य एशियाको खैबर घाँटी पार गरेर हिन्दूस्थान प्रवेश गर्ने अगावै हिमालयको दक्षीण फेदीमा खसहरु फैलिसकेको देखिन्छ । खसानबाट खस्मीर हुँदै काश्मीर भारतको पूर्वतिर पहाड र हिमालय तर्फ लागेका खसहरु आर्यहरु र भारतमा मोहमद गोरीको सेना, मुसलमानहरुको आक्रमण ई.सं. १२०६ भएपछि गड कुमाउँ क्षेत्रबाट वैतडी दार्चुला हुँदै जुम्ला पुगेका आर्यवर्तीय आर्यहरुको समेत संगम थलो जुम्ला बन्यो । बी.स. १८४६ मा मात्र जुम्ला बृहत नेपालमा समावेश भएको हो ।

**मानसरोवर**

स्कन्द पुराणको मानस खण्डमा वर्णन गरिए अनुसार, दत्तात्रेय हिमालय घुम्न जाँदा हिमालले उठेर स्वागत गरे र उनी आउनु कारण सोधे तब दत्तात्रेयले भने हे गिरि श्रेष्ठ । बिन्ध्य आदि पर्वतहरु तपाई समान छैनन् तैपनि तिनीहरु पुजिन्छन् । त्यसैले मलाई सम्पूर्ण तीर्थस्थल अवलोकन गराउनुहोस् । त्यसपछि हिमालयले ब्रह्ममाद्धारा निर्मित मानस नामक सरोवरको दर्शन गराए, जहाँ ऋषिहरुको आश्रम समेत थियो । सरोवरको बीचमा शिवको सुनको लिङ्ग एवं राजहंस विराजमान थियो । दत्तात्रेयले सरोवरको परिक्रमा गरी स्नान समेत गरे । अरु अघि बढ्दा दत्तात्रेयले शङ्करलाई देखेपछि उनको पूजा गरे । भगवान शङ्करले खुसी हुँदै हे दन्त हिमाल सबैभन्दा पुण्यस्थल हो । हिमाल जस्तो पुण्यभूमि पृथ्वीलोकमा अरु कुनै छैन ।[7] हिमु शब्दको उच्चारण गरे मात्र सबैपाप नष्ट हुन्छ । भगवान् शङ्कर स्वयंम राजहंसका रुपमा मानसरोवरमा विराजमान हुनुहुन्छ । मानसरोवर ब्रह्मको मानसी सृष्टि हो । तीनै लोकमा यो भन्दा पवित्र स्थान छैन । त्यसैले यसलाई महातीर्थ मान्नुहोस् । यो ताल ४ सय वर्ग किलोमिटर अर्थात ३२ माइलको छ । जिपबाट परिक्रमा गर्दा २ देखि ३ घन्टा लाग्छ । यो पवित्र तीर्थस्थल केवल हिन्दु धर्मावलम्वीहरुका लागि मात्र नभएर बोद्ध, जैन, शिख आदि धर्मावलम्बीहरुको पनि धार्मिक एवं पर्यटकीय दुवै हिसाबले गन्तव्य स्थल हो ।[8]

**सृष्टिकै प्रारम्भिक थलो भ्रमण गर्नेहरुको अनुभव यसप्रकारछ**

रुसी पर्यटक युरीपोपोभ जो कैलाश पर्वतको फन्को मार्ने क्रममा धार्चेनमा आराम गरिरहेका थिए । उता भारतीय मूलका अमेरिकी नागरिक अनुशील पटेल दुई किसिमले यात्रा फलदायी भएको बताउँछन् । हिन्दुहरुको आराध्यदेव शिवजीको बासस्थान कैलाश पर्वतको सफलता पूर्वक परिक्रमा र मानसरोवर तालमा स्नान । अर्को एक मेडिकल डाकटर राजन मनमा थामी नसकनु खुसी छाएको बताउँछन् ।[9] कमिनिस्ट भएका युरोपोपोभ, भारतीयमूलका हिन्दू भएका अमेरिकन र डाक्टरले कैलाश दर्शन गर्ने अवसर पाएको हुनुपर्छ । अन्यथा अन्य जो कोई विदेशीले अवसर पाउँदैनन् । हिमाली क्षेत्रमा स साना गाउँमा याक च्याङण गोठ पाइन्छ । नेपालको मानव विकासको सन्दर्भमा आत्रेय गोत्रीहरुको अध्ययनबिना अधुरै रहन्छ । अत्रि ऋषि र उनकी पत्नी अनुसुयाबाट आत्रेय नामका जन्मे । आत्रेयलाई पुनर्वशु वा दत्तात्रय पनि भनिन्थ्यो । यिनै आत्रेयका सन्तानहरुलाई आत्रेय गोत्री (वंशनाम) भनिन्छ । सबैभन्दा पहिला भारतको गडवाल (पौडी) बाट नेपाल पस्ने उदय भट्ट थिए । उनले मुसलमानी आक्रमणबाट धर्म रक्षार्थ आफ्नो देशैं छोडेर आएका हुन् ।

उदय भट्टको जन्म वि.स. १०१९ मा भएको हो ।

उदय भट्ट
सुदु (सुदय) भट्ट
रायी (राय) भट्ट
देवदत्त

---

7 नारी माषिक २०६६ मंसीर पृ २८

8 यात्री पूर्णप्रकाश नेपाल सेतीको नालीबेली प्रकाशक, हिमाली सौगात नियात्रा विराटनगर पहिलो संस्कारण नेपाल २०३४

9 नारी माषिक २०६६ मंसीर पृ २९

वत्सराज

उपबत्सराज |

श्री बत्सराज |

आफ्नी श्रीमती बसुन्धराबाट सन्तान नहुँदा सन्तानकालागि बत्सराजले धेरै दान-धर्म गरे । ठुला ठुला बाजपेयी यज्ञ पनि गरे । तैपनि बसुन्धाराबाट सन्तान नभएपछि उनले पुनः एकराजपूतकी छोरी शुभकन्यासंग विवाह गरे । शुभकन्याबाट सन्तान त भए तर आत्रेय गोत्री बाहमरा । वंश मासिने भएकाले शुभकन्याले नै एक ब्राहमणी कन्या मागी पुनः वत्सराजको विवाह गराइन् । ती ब्राहमण कन्याबाट उपबत्सराज जन्मे । राजतको छोरी शुभकन्याबाट कालु (वगाले) थापा जन्मिए ।

उपवत्सराजका छोरा श्री वत्सराज भए । श्री वत्सराजले तीन विवाह गरेका थिए । जेठीबाट श्रीकृष्ण माहिलीबाट श्रीदेव र जुम्लाको राजाको छोरी राजकुमारी (कान्छी श्रीमती) ठकुरी) बाट हमाल हुन गए । जेठाका छोरा श्री कृष्ण पानी पोखरी नजिक गएर बसेका हुनाले आत्रेय गोत्री पानी पोखरेल भए । श्री कृष्णकै एउटा छोरा जुम्लाको सिग्दी गाउँमा गएर बसेका हुनाले आत्रेय गोत्री सिग्देल हुन गए । श्रीदेवका छोरा श्री नन्दन पौडी खेल्न सिपालु भएका हुनाले, जहाँ पौडी खेल्न उपयुक्त पानी देखिन्छ त्यहाँ उनका साथमा रहेकाहरुले आज्ञा दिन्थे पौडी लू ।त्यस्तै पौडील भन्दा भन्दै उनको नामसँग पौडेल थर जोडिन पुग्यो भिनिएको छ । कोही भन्छन पौडी गाउँ गएर बसेका हुनाले यिनलाई पौड्याल भन्न थालियो । यो भनाई भन्दा पानीमा पौडी खेल्नुको प्रमाण बलियो पाइन्छ किनभने यो वंशवृक्ष पौडेलमा परिणत हुनु पूर्व नै नेपालको डोटी अछाममा आइसकेको थियो । भारतको हरिद्वार र अलमोडाको बीच (गडवाल)मा पौडी भन्ने, ठाउँछ त्यहाँ बस्नेलाई भारतीयहरू पौड्याल भन्छन् । नेपालको अछाममा पनि पौडी भन्ने ठाउँछ । त्यहाँ गइबसेकालाई पनि पौडेल भनिएको छ । पौडीबाट, पौडेल, पौड्यालय पौडयाल हुन गएको देखिन्छ ।

श्री कृष्णको छोरा जुम्लाको सिग्दी गाउँमा गएर बसेका हुनाले आत्रेय गोत्री सिग्देल हुन गए । सिग्देल वंशावली अनुसार यिनीहरु गड्वाल (भारत)को पौडीबाट नै आएका हुन् । सिग्दी खोला (बाग्लुङ) बाट मूलथलो फेरेको भनिएको छ । पश्चिमबाट पूर्वतर्फ लाग्ने क्रममा जुम्लाको सिग्दी गाउँबाट बसाईसराई गर्दै वाग्लुङ को सिग्दी खोलामा कुनै समय बसोबास गरेका हुन् । किनभने सिग्देलहरु अन्यत्र बसोबास गर्न थाले पछि नै सिग्द्याल श्र सिग्देल (सिग्दी ˙ आलय) शब्दले थरको रुप लिएको हुनुपर्छ । यसक्षेत्र (वाग्लुङको सिग्दी खोला)मा सिग्देलथरको मान्छे पाँइदैन । आफूलाई सेता पौडेल भन्ने बाहुनहरुको बसोबास पाइन्छ । सिग्देल उदय भट्टको पाँचौं पुस्ताका बत्सराज पौडेलको पुस्ताबाट छुट्टिएको देखिन्छ ।

**श्रीराम पौड्याल**

प्रथम पुरुष मानिएका यिनको जन्म वि.स. १२५६ साल तिर कालीकोट चिलखाया गाउँमा भएको थियो । उनी त्यहाँबाट बसाई सरी जुम्ला सिञ्जा उपत्यकामा बसोबास गर्न गएका थिए । जुम्लाको आत्रेय गोत्री मल्ल राजाको उदय भएपछि डोटी र कुमाउँका आत्रेय उनका इस्ट-कुटुम्वहरु हिन्दू बसोबास गरेका थिए र जुम्लाकै खस भाषालाई परिस्कृत गरी हिन्दु दर्शन अनुरुप धर्म र संस्कृतिको उत्थान गरे वर्तमान नेपाली भाषाको प्राम्भिकरुप सिन्जा भाषा हो । श्री राम पौडेलको जन्म वि.स. १२९८ साल तिर जुम्लाको सिञ्जामा भएको थियो । यिनी जुम्लाबाट जाजरकोट साल्म आउदा ७ वर्षको मात्र थिएतापनि सस्वर यर्जुवेद पाठ गर्न सक्थे ।

**च्यवनराज (चावा) पौड्याल**

चावा भन्ने च्यवन राज पौड्याल कोजन्म वि.स. १३१९ साल तिर जाजरको साल्म गाउँमा भएको थियो । यिनीठुला विद्वान तथा राज नीतिज्ञ र मिलनसार भएकाले टाढा टाढा सम्म यिनको नाम चलेको थियो । यिनी इस्माराज्यको राजगुरु बनाइएका थिए । राजा बलदेव सेन मारिएपछि इस्माको महारानीको आज्ञा अनुसार राजगुरु च्यवनराजलाई सिंहासनमा आरोहण गराइएको देखिन्छ ।[ज्ञण]

## अर्याल शब्दको उत्पत्ति

चावाको दुई पत्नी बीचमा मनमुटाव भएको हुँदा जेठी पत्नीले बासस्थानदेखि अलिपर आफ्नो बासस्थानका लागि राजा चावामा अर्जी [ज्ञज्ञ] (विन्तिपत्र वा निवेदन) गरिन् । राजाचावाले आफ्नी जेठी पत्नीको अर्जिअनुसारको बासस्थानको व्यवस्था मिलाएको थियो । यसरी अर्जि गरेर प्राप्त गरेको स्थानको नाम (अर्षी) रहन गयो । (अर्षीआलय) अर्षालय . अर्षीमा भर भएका बासिन्दा भन्दा भन्दै अर्याल थर रहन गयो । चावाका जेठी पत्नीपट्टिका सन्तान पौडेलबाट अर्यालमा बदलिए भने कान्छीका सन्तान मोतिराज आदि गरिएका पौडेल हुँदै आए । अर्षबाट व्युत्पन्न भएको यस स्थानलाई गुल्मीमा अहिले अर्जी भन्छि । माथि उल्लेखित ऋषिहरु मध्येमा अत्रि ऋषि र उनको पत्नी अनुसुयाबाट आत्रेय नामका छोरा जन्मे । आत्रेयलाई पुर्नर्वशु वा दत्तात्रय पनि भनिन्थ्यो । यिनै आत्रेयका सन्तानहरुलाई आत्रेय गोत्री (वंश नाम) भनिन्छ । यस गोत्रमा अहिले निम्न थरका वंशहरु पर्दछन । (१) पौड्ल (२) अर्याल (३) सिग्देल (४) दुवढी (५) पानी पोखरेल (६) दुलाल (७) खुलाल (८) पुवर यापार (९) कालीकोटे हमाल (१०) कालीकोटे थापा (११) कालीकोटे खड्का (१२) बगाले थापा (१३) आत्रेय गोत्री भट्ट[३]

---

[10] अर्याल वंश वृत्तान्त पृ ८

[11] केही पौडेलहरुको आशिक वंशावली पृ.४५-४६

### अर्यालको गोरखा प्रवेश

भट्टको अर्थ नै विद्वान हो । त्यसैले यो वंश सुरुदेखि नै विद्वान ज्योतिषविद रहँदै आएको पाइन्छ । यसै क्रममा श्रीपतिका महिला छोरा नारायणदास पनि आफ्नो उच्च अध्ययन पुरा गरी पण्डित, ज्योतिषमा निपूर्ण भै कुनै समय अर्धारवन गाउँका आफ्ना सहपाठी सर्वेश्वर खनाललनई लिएर तीर्थ गर्न भनी गोसाई कुण्डतर्फ लागे । यो कुरा विक्रम संम्वत १६१३/१४ तिरको हुनुपर्छ । यसै सिलसिलामा नारायण दास लमजुङपुगे । त्यहाँ हरिनिधि सापकोटा लम्जुङका राजा यशोब्रह्म शाहका राजपुरोहित थिए । ज्योतिष शास्त्रका धुरन्धर नारायण दास बाट प्रभावित भै राजपुरेतले उनलाई राजाका छोराहरुको चिन्हा (जन्म कुण्डली)बाट ग्रहगौचर गरी भविष्य फल बताईदिन आग्रह गरे । नारायणदासले ग्रहगोचर अनुसार राजकुमार नरहरि शाह भन्दा राजकुमार द्रव्य शाह ज्यादा भाग्य मानी हुने र उनले आफ्नै बाहुबलले नयाँ राज्यको स्थापना गरी महाप्रतापी राजा हुनसक्ने कुरा बताए । यसबाट अतिप्रभावित भएका राजाले नारायण दास अर्याललाई उचित गुरु दक्षिण दिई विदा गरे । कालक्रममा उनै ज्योतिष नारायण दासकै भनाई अनुसारको साइत वि.स. १६१६ भाद्रमा द्रव्यशाहको गोरखा राज्य माथि कब्जा जमाएका थिए ।

**रङ्गनाथ पौडेल**

उनको वि.स. १८३० मा मखन टोल काठमाणडौंमा भएको हो । रङ्गनाथ पहिलो पटक नेपालको एकीकरण पछि नेपालकै पहिलो प्रधानमन्त्री भए श्री ५ गिर्वाणयुद्ध विक्रमको पालामा । रङ्गनाथ पौडेलले आफ्नो पण्डित्याई देखाउने ुराजविद्यासारु र ुकर्पूरस्तवु  दुई कृति लेखेका छन् । उनका बारे धेरै किम्वन्ती छन् । पहिलेत उनका बाबु पंडितराज बज्रनाथ हुन भने बाजे महामहोपाध्या थिए, जय मङ्गल । रङ्गनाथ मात्र के कम एकपटक राजाबाट उनलाई चन्द्र ग्रहण कहिले लाग्छ ? भनेर सोधियो । उनको  मुखबाट अनायास निस्क्यो र भने बेलुका । चन्द्रग्रहण वास्तवमा भोलिपल्ट लाग्ने रहेछ । दरबारमा हल्लिखल्ली मच्चियो । भनिहाले अब भनेको कुरा सत्य सावित गर्नुपर्छ भनी उनले कुराको अनन्त पुरस्चरण गरी आफ्नो अद्भूत तान्त्रिक शक्तिबाट अघिल्यैदिन चन्द्र ग्रहण लगाएर सबैलाई चकित पारेका थिए ।[१२] बेलायतबाट दरबार आएका पाहुनालाई राजाले सौगात स्वरुप दिनका लागि रङ्गनाथले आफ्नो तान्त्रिक बलले बनारसबाट एकघन्टा भित्रमा नयाँ दोसल्ला ल्याई चकित पनि पारेका थिए । अप्रवासी र आदिबासी नेपालीहरुको आपसी सहकार्यको फलस्वरुप विविधतामा एकता र समन्वय गर्दै वर्तमान नेपालको मानव विकास भैरहेछ ।

### "वेदस्तुति"

श्रीमद्भागवत् दशमस्कन्ध ८६ औं अध्यायको अन्त्यमा श्री कृष्णले आफना भक्त भएका श्रुतदेव ब्राहमण र महाराज बहुलाश्वलाई सम्मार्गको अर्थ 'सज्जनहरूको आफै् आफै प्रमाण' भएका प्रमाण नमान्नमा कारण नभएका अपौरूषेय वेदहरुको मार्ग ब्रहम परक छ भन्ने उपदेश दिनु भएबाट वैदिक साहित्मा वेदको महिमा प्रष्टै छ ।

एवं स्वभक्तयो राजन् भगवान भक्तभक्तिमान् ।
उषित्वादिशय सन्मार्ग पुन द्वरिवती भगात् ॥

जो समर्थ ईश्वर हो जसले जीवहरूलाई धर्म, अर्थ, काम र मोक्षका निम्ति त्यसको साधन भएका बुद्धि इन्द्रिय, मन प्राण यो सब उपाधि सृष्टि गर्‍यो ।

बहम (ईश्वर)ले इच्छा गर्‍यो कि म धेरै नाम रूपवाला भएर प्रकृट हुँ बनुँ । त्यस्तै परमात्माले तेज सृष्टि गर्‍यो । (पञ्च महाभुत अन्तर्गतका सृष्टिको कार्य भएका जल र अग्नि महत्वपुर्ण पात्रदायि शक्ति हुन् । ऋग्देवमा जलका देवता वरूणको उल्लेख छ । त्यस्तै अग्निका देवता सूर्यको पनि यजुरर्वेद ? मा उल्लेख गरेको पाइन्छ । यसरी पूर्व वैदिक कालको गरिमा आर्य (हिन्दुहरू)ले सहजै बुभिmआएको देखिन्छ ।) कविशिरोमणि लेखनाथकोश्लोक समावेश गर्ने स्वभाविक हुन्छ विशष्टि चेतना भएको मनुष्यमा यो जिज्ञासाः-

कहाँ थियोबास अघि म को थिए ?
कसो हुँदा यो पिँजडा लिदो भए ?
कहाँ छ जानु कुन साथ लिइकन ?
तँलाई मालुम छ कि छैन यो मन ?
(बुद्धिविनोद-लेखनाथ पौड्याल)

वैदिक सनातन धर्म दर्शनमा आधारित पुनर्जन्मवादको सन्देशका रूपमा प्रस्तुत श्लोकले प्रकाश पारेको छ ।

**पुनर्जन्मवाद**

वैदिक सनातन हिन्दू धर्ममा पुनर्जनमवादको विशेषता जुन छ अन्यधर्ममा पाइदैन । प्रायः सबै हिन्दु सम्प्रदायहरूले यो कुरा स्वीकारेका छन् ।

### वैदिक सनातन धर्म किन ?

वैदिक अर्थात वेद सार्वभौम विचार दर्शन हो । यसमा कसैले खण्डन गर्न सकेको छैन । यसलाई साझा मानव धर्म मानेर अठासी हजार सन्त महात्मा ऋषि, महर्षि तगा ब्रहमवादिनी विदुषी महाशक्तिहरूले समर्थन गरेको हो । देववाणी निगम शास्त्रको धर्म मान्नेलाई आर्य भनियो । आर्यको अर्थ श्रेष्ठ (सभ्य) भएकोले आर्यहरू प्राचीन सभ्य जाति मानिएको छ (नेपाल प्रज्ञाप्रतिष्ठानको वृहत शब्दकोशमा)

---

[12] उपाध्याय पं पदमप्रसाद र सुवेदी पं शिरवरनाथ, थर गोत्र वंशावली सम्पादक दयाराम अर्याल ुअर्याल वंश वृत्तान्त पृ.७

तिनै आर्यहरूको थलोलाई हिमाल सिन्धु शब्दबाट हिन्दू जातिका रूपमा आर्यका सन्तानहरू प्रसिद्ध हुँदै आए । वस्तुत श्रेष्ठ विचार मान्ने परम्परा मान्दै आएकोले वौदिक सनातन धर्म एउटा प्राचीन वैदिक संस्कृतिको सभ्यता भएको प्रष्ट छ । अतः वेद नमान्ने हिन्दु हुन सक्तैन । स्वभाविक छ धर्मको रक्षा गरे धर्मले हामीलाई रक्षा गर्छ, धर्मोः रक्षति रक्षत ।

हिन्दू सनातन वैदिक धर्ममा पुनर्जन्मवादको विशेषता छ । प्राय सबै सम्प्रदायहरूले यो कुरा स्वीकारछन । ईश्वरको इच्छा भनेको सदसङ्कल्प हुन्छ । र, उहाँको सङ्कल्पमा इच्छा शक्तिको सिद्धि हुन्छ । अज्ञानी जीवको त्यस्तो हुँदैन र कर्मवासनाको माया मोहमा बसीभूत रहेको हुन्छ । त्यसबाट उसले मुक्ति पाउन अनेकन जन्ममा मात्र संभव हुन्छ । यसको निम्ति हिन्दु धर्ममा अवतारवाद र जीवको पुनर्जन्मावद सिद्धि प्राप्तिमा सापेक्षित रहेको देखिन्छ । किनभने जीव ईश्वरकै अंश हो । आर्य नै हिन्दू हुन वा हिन्दू नै आर्य, वैदिक सनातन धर्मको दिव्य सन्देश भनेको प्रकृति र पुरूषको सम्बन्धको अनुभूति गर्न सक्नु रहेको छ जुन विचार समाजमा सार्वभौम नै छ । किनभने अहिले सम्म वेदको विकल्प देखिएको छैन । यस्तो कुराको यथार्थ ज्ञान प्राप्त गर्न म किन जन्मेर मैले के गर्नु छ ? भनेर संम्भिन नसकेमा हाम्रो जीवनदर्शनको संसार नै हुँदैन ।

### आगोको आविस्कार

आगोको आविस्कार हुनु पहिले जंगलमा शिकार गरेर ल्याएको पशुपन्छीको मुटु कलेजो मात्र खादा हुन् किनभने आगो बिना भुल्ला भएका पशुपन्छी पोली खान संभव थिएन् । ढुङगाको विकसित हतियारले ठुला पशुपन्छीको शिकार गर्न संभव भयो । त्यति मात्र नभई घुइँयत्रो (छालाको फित्तामा ढुङ्गा बेरेर हुत्याउने) ले हान्न जानेपछि शत्रुसँग लड्न पनि सकने भए । तिब्बतका भोटेले नेपालसंगको युद्धमा पनि प्रयोग भएको जन श्रुति छ । नेपालको नवल परासीमा पासाण उपकरण प्रयोग भएको देखिन्छ । ३०००० वर्ष पहिले बुढानिलकण्ठतिर ढुङ्गे उपकरण प्रयोग भैरहेको उल्लेख छ । कविला समाजको युगभन्दा पहिलेको ढुङगे युगमा सर्वप्रथम आगोको आविस्कार ठुलो वैज्ञानिक उपलब्धि थियो । यसको पृष्ठभूमिमा मान्छेले बाँसको झाङगमा बाँस जुधेर आगो बलेको देखेका थिए । सोभन्दा पनि पहिलै त आकाशमा बिजुली चम्केको नै आश्चर्य माने होलान । उनीहरूले पनि दर्शन ढुंगाहरू रगडेर आगो पार्न सफल भए । दारू काठ रगडेर पनि आगोको उत्पत्ति गराई यज्ञको प्रारम्भ गर्न थालेको देखिन्छ ।

जंगलमा शिकार पाउन कठिन्याई परेको अवस्थाले गर्दा कविला युगमा वस्ती (बसोबास) को थलो फेर्ने गरेको पृष्ठभूमि नै यायबर (घुमन्ते) जातिले एक ठाउँबाट अर्को ठाउँमा जाने यात्रा सुरू गरेको हो, जस्तै नेपालमा गोपाल र आमीर वंशीहरू आफना पशुहरू समेत लिएर काठमाण्डौं उपत्यका प्रवेश गरेको कुरा नेपालको प्राचीन इतिहासमा वर्णन गरिएको छ । त्यसपछि किँरातीहरू त धनुवाण धारण गरेर हिड्ने शिकारी थिए भनिएको छ । आदिम समाजमा जब हतियारको विकास हुँदै आयो त्यसपछि समुदाय नदी र नगीचै जंगल भएको ठाउँ र गुफातिर भन्दा मैदानी भागतिर रहन आकर्षित भएको हुनुपर्छ । त्यतिबेलासम्म पनि मान्छे यायावर (घुमन्ते) युगमै रहेका थिए । जंगलकै कन्दमुल खाने सामरी (जंगली) धान खोजी खाने, बासको चालम खाने गर्थे । उनीहरू काठको ओखल, लुसी, मुङ्गो जस्ता वस्तु प्रयोग गर्ने र सिलौटो जाँतोमा अन्नपात पिसने गर्दथे । बथानका बथान गाईवस्तु हुनेहरू नै धनी मानिन्थे । पछि मात्र मुद्रको रूपमा काडालाई सम्पत्तिमा गणना हुन थालेको देखिन्छ । समुदायमा खानेकुरा भनेको दुध, दही, घ्यू, र मह नै हुन् । अन्नमा जौ तील हुन्थे । खेतिपातिको युग सुरू भएपछि धान खेती नहुँदै पहाडका पाखा तिर कोदो, फपर जस्ता कुराहरूको खेती पहिले गरेको देखिन्छ ।

**ढुङगे युग**

यस युगमा मान्छेहरू जंगलमै बस्ने गर्थे, पाएसम्स गुफामा बस्नु नै घाम पानीको भय नरहने र हिंसक जन्तु जनावरबाट पनि सुरक्षित ठान्थे । उनीहरूको आहारा कन्दमुल, तरूल भ्याकुर सखर खण्ड नै हुन्थे । सिस्नो जस्ता भारपात पनि पकाएर खाने गरेको पाइन्छ ।

**कृषि युग**

काठको फाली भएको हलोबाट जुम्लाकम खेत जोत्ने चल अहिलेसम्म देखिन्छ । अन्न कुट्ने काठकै ओखलको सट्टा ढिकीमा अन्न ( धान कोदो जौ आदि कुट्ने गरी विकसित भएको हो ।) काठको ओखतलको सट्टा सिलौटा जाँतो हुँदै पानी घट्टाको रूपमा विकसित देखिन्छ । समाजमा विभिन्न जाजातिहरूको विकसित एवं परिवर्तित क्रममा नश्लीय शुद्धताको प्रश्न पनि स्वभाविक रूपमा उठने कुरा हो । धातुको मिश्रणलाई उद्धारणको रूपमा लिदा संस्कृत शब्द ताम्रको शुद्धताको पुग्नुपर्ने हुन्छ । त्यस्तै आजका जात जातिको मूल पुर्खामै पुग्नु पर्ने हुन्छ । तामामा टिन मिसाएर पछि काँस हुन्छ, जस्ता मिसाए पत्तिल हुन्छ, सुन मिसाए पछि स्वासा हुन्छ । तर जब फलाम आयो त्यसपछि मंयोलियनहरूले तामाकै रूपमा लिए कुनै बेला हरएक अखबार गोरखा र हरएक धूलो साबुनलाई सर्फ भने जस्तै देखिन्छ । कुनै पनि जात जातिका यथार्थ पहिचान र सामर्थ्य जान्न इतिहासामै निर्भर रहने कुरा सत्य हो भाषिक व्युत्तपत्ति बिनाको ज्ञान अधूरै रहन्छ जस्तै चाँदीको बोधक संस्कृत शब्द अर्जानसबाट लैटिन अमेरिका अर्जेनटियम हुँदै अर्जेन्टिया हुन पुगेको देखियो । मानव गतिशील प्राणी हो । सभ्यताको विकाससँगै मानवीय गतिशीलताले समुन्नति र संवृद्धिका नयाँ साधन निर्माण गऱ्यो । यस विषयको लामो सैद्धान्तिक छलफल भन्दा गतिशीलता र संवृद्धिको प्रत्यक्ष एवं सकारात्मक सम्बन्धको उदाहरण आ-आफनै जातिमा पाइने कुरा हो ।

### आर्यको हुन ?

मदनमणि दीक्षित, “माधवी'को उपनयासकारका अनुसार आर्य शब्दको अर्थ (परिभाषा) 'श्रेष्ठ हो भन्नु भएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानको बृहत शब्दकोशमा आर्यको परिभाषा 'प्राचीन सभ्य जाति' लेखिएको छ । कालान्तरमा आर्य शब्द जाति विशेषको अर्थमा प्रयोग गरिदै आएको छ । त्यसकारण आर्य शब्दको अर्थ श्रेष्ठको विकल्पमा भन्ने हो भने उदात्त चरित्रको वा ओजशवी जस्ता भावार्थ

हाम्रो मानस पटलमा सलबलाउन थाल्छ । त्यसकारण आर्य ब्राहमण, क्षेत्री, वैश्य, शुद्र विशेषका कुनै जाति हुन संभव देखिन्न । किनभने हामी सबै ब्रहमाकै सन्तान हौं । ब्रहमाको मानस पुत्रहरू नै हाम्रा आदि पुर्खा हुन् । यसरी हेरेमा प्राणीमात्र शिव र शक्ति (पार्वती)का रूपमा स्त्री पुरूषको सृष्टि भैरहेको देखिन्छ । हामी इतिहास पढ्छौ तिनैको । पछि समाजमा वर्ण व्यवस्थाको स्थापना गरियो । अझ जाति थरको व्यवस्था पनि सुदृढ गरियो क्षेत्रका आधारमा जस्तै पश्चिमको गण्डकी पारी सिग्दी खोलामा बसोबास गर्ने सिग्देल भए, पोखरीको छेउछाउ बस्ने पौडेल भएको देखिन्छ । अझ पछि मल्लकालीन नेपालमा जयस्थिति मल्लले कामको आधारमा जातिय विभाजन गरी व्यवस्था गरेको इतिहासमै उल्लेखछ ।

मानवीय इतिहासको अध्ययन गर्नुको उद्देश्य नै पूर्वीय संस्कृति एवं दर्शनमा आर्यहरूको संस्कार र संस्कृतिको विकासको अध्ययन गर्नु नै उद्देश्य रहेको देखिन्छ । यसरी आजको युगमा सभ्यता के हो भन्ने प्रश्न खडा हुन्छ । के बढी जन संख्या हुने देश सभ्य हो कि धेरैभन्दा धेरै सैनिक (शक्ति) भएकोले सभ्य हुने हो कि ? धनी मुलुक मात्र सभ्य हुन्छ कि ? धेरै शिक्षाको विकास सभ्य हुने हो कि ? खास आधार के हुनुपर्छ ? सभ्य समाज निर्माण गर्न । याद राख्नुपर्ने कुरा के हो भने जुनसुकै शक्ति र साधनको सदुपयोग अनिवार्य तथ्य हो । यसको निमित्त सबैले विवेकको आधार विर्सेमा त्यस्ताले खास सफलता पाउन संभव हुँदैन । त्यस भए पूर्वीय दर्शन र संस्कृति तर्फ ध्यान दिने हो भने विवेकको अन्तिम लक्ष्य भनेको नैतिकताको पराकाष्टा हो, जीवनकै प्राणी मात्रकै उद्देश्य र कल्याणको एक मात्र बाटो । यसको निमित्त निमित्त रामायण र महाभारतका कथाहरू नै उदाहरणको लागि यथेष्ट छन् । विवेक (सत्यासत्य निरोपण) प्रयोग गरी मान्छेले आफ्नो शक्तिको सदुपयोग गर्न सफल भएपछि मात्र उसले नैतिकताको यर्थाथ रहस्यको अनुभव गर्छ । (उत्पादनशील मात्र दिन चर्याको कुरा मात्र (दिक्षितका) नभई दास प्रथा हटाउने यज्ञ गर्न विश्वामित्रले चारश्यामर्ण घोडाहरूको गुरू दक्षिणा माग गरेको ) कुरा उपन्यासमा वर्णन गरिएको छ । प्रस्तुत विषय वैज्ञानिकहरूको ईश्वर बारेको अघि राख्ने) पूर्वीय दर्शनको मौलिक विचार एवं चरित्र प्रेरक हुँदानै युरोपियनहरू भन्दैछन् । 'वेदभन्दा मूल्यवान कुरा अहिलेसम्म हामीले पाएको छौं ।' आइन्स्टाइनले भनेका छन्, हिन्दूहरूले यति नगरेको भए वैज्ञानिक क्रान्ति संभव हुने थिएन । वैदिक दर्शनको रहस्य (गृहय)को यथार्थ ज्ञान गर्न शिव पार्वती गुरू चेला भई प्रारम्भ गरेको गुरू परम्पराको आधुनिक प्रशिक्षण केन्द्रहरूको गतिशीलताको आधार बुझ्न सक्नु पर्ने हुन्छ तन्त्र मन्त्र र यन्त्रको प्रयोग गर्न ।

**हिन्दूधर्म**

जुन जातिले हीनतालाई दोष दिन्छ, ईर्ष्या, द्वेष हिंसा नीचतालाई टाढै राख्छ, त्यो जातिलाई हिन्दू जाति भनिन्छ । तिनीहरूको संस्कृतिलाई हिन्दु संस्कृति भनियो । मनुष्य जीवनको लक्ष्य के हो भन्ने कुरा वैदिक धर्मले प्रष्टसँग बताउँछ, अरूले बताउन सकेको छैन । पृथ्यवीमा जति धर्महरू छन् सबै हिन्दु धर्मबाटै उत्पन्न भएका हुन् । सबै धर्मको मूल हिन्दू हो ।

**"सनातन र हिन्दुत्वका कुरा"**

वैदिक धर्म नै सनातन धर्म हो । सनातन भनेको धर्मको नाम होइन यसको महिमान्वित सम्बोधन हो जसको अर्थ कहिले नास नहुने र जुनधर्मका आदि अन्त बारेमा कसैलाई थाहा नहुनु हो । सनातन भनेको कुनै सानातिना धर्म संप्रदाय होइन, यो एउटा पुर्णाग मानव सभ्यता हो । यो सभ्यतामा शिक्षा, संस्कृति, राजनीति, व्यवसाय, कृषि, विज्ञान, धर्म, मोक्ष आदि आदि मानव समाज र व्यक्ति जीवनमा आवश्यक पर्ने सबै तत्वहरू समाविष्ट छन् । विश्वका प्राचीन सभ्यताको आधार भूमि ऋग्वेद नै हो । ऋग्वेदमा हामी आधुनिक विज्ञानको करिव सबै वैज्ञानिक तत्वहरू पाउँछौं । त्यति मात्र होइन, आजका मानव जीवनमा जे जति प्रश्नहरू उत्पन्न भएका छन् ती सबैको उत्तर पनि हामी ऋग्वेदमा पाउँछौं । आश्चर्यको कुरा हजारौं वर्ष अगाडि हिन्दु ऋषिमुनिहरूले योग र ध्यानको दृष्टिले विचारहरूको उत्तर छोडेर गएका छन् । यो कुरा बुझन प्रस्थान त्रय गरी आजका मनुष्यका समस्यार्यात गीता, उपनिषद र ब्रहमसुत्र जस्ता ग्रन्थको अध्ययनविना वेदान्तको रहस्यउको यथार्थ ज्ञान गर्न संभव हुँदैन । यो धर्मले सत्य, त्रेता, द्वापर र कली चार युग देखी सकेको छ । चार युग भनेको मामुली कुरा होइन । अहिले अन्तिम युग कलि युगको नै बोलाबाला देखिन्छ । मनुष्यको चेतनालाई विकसित गर्दै उच्च कोटिको व्यक्तित्वमा प्रकाशित गरिदिन मानव सभ्यता गौरवमय देखिन्छ । मनुष्यको चेतनालाई विकसित गर्दै उच्च कोटिको व्यक्तित्वमा प्रकाशित गरिदिन मानव सभ्यता गौरवमय बन्न जान्छ भन्ने कुरा ऋषिमुनिहरूको धारण रहेको देखिन्छ ।' "सनातन वैदिक धर्मले वस्तुत जबदेखि तन्त्र शास्त्रको प्रभाव समाजमा पार्न थाल्यो तबदेखि हिन्दु भनी प्रसिद्ध पायो । तन्त्र शास्त्रमा भनिएको छ जुन समाजमा मानिसले काम, कोध, लाभ, मोह ईर्ष्य आदि हीनतापूर्ण तत्वहरूलाई दोषरोप गरी पर राख्छन्, त्यहि नै हिन्दु समाज हो हीन दृष्यन्ति इत्यर्थ हिन्दू ।' हिमालयदेखि सुदुर दक्षिणमा स्थित विन्दु सरोवरसम्म भारत खण्डमा जति जति उपजातिले निवास गरेका थिए तिनीहरूको धर्म शिक्षा संस्कृतिलाई हिन्दू नाम दिएको हो । हिमालय हि र विन्दु सरोवरको न्दू शब्द मिलेर हिन्दु शब्दको उत्पत्ति भयो । अतः समाजमा वैदिक सनातन धर्म हिन्दु धर्मको नाम प्रचलानमा आयो ।

**गुरू परम्परा**

'पूर्वीय दर्शनको मौलिक चरित्र एवं विचार प्रेरक हुँदामै यूरोपियहरू भन्दैछन्' "वेदभन्दा मूल्यवान कुरा अहिलेसम्म हामीले पाएका छैनौ ।" आइन्स्टाइनले भनेका छन्, हिन्दुहरूले यति नगरेका भए वैज्ञानिक क्रान्ति संभव हुने थिएन । वैदिक संस्कृति दर्शनको रहस्यको यथार्थ ज्ञान गराउने शिव पार्वतीले गुरू चेला भई प्रारम्भ गरेको गुरू परम्परा नै विश्वकै लागि योगदान हो । त्यही परम्परा आधुनिक विकसित प्रशिक्षण केन्द्रहरूको गतिशीलताको आधार बुझ्न सक्नु पर्ने हुन्छ, तन्त्र मन्त्र र यन्त्रको प्रयोग गर्न ।

**सन्दर्भ सुची**

१. जोशी सत्यमोहन समेत कार्णली लोक संस्कृति प्रकाशक, नेपाल प्रज्ञा पतिष्ठान कमलादी काठमाण्डौं ।